# हरिमाया भेटवालको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय,

नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर (एम. ए.) तह,

चौथो सत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधकर्ता

लक्ष्मी उप्रेती

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर


२०७९


हरिमाया भेटवालको जीवनी, व्यक्तित्व र कृतित्व

लक्ष्मी उप्रेती

# हरिमाया भेटवालको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय,

नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर (एम. ए.) तह,

चौथो सत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधकर्ता

लक्ष्मी उप्रेती

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर


२०७९

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम.ए. दोस्रो वर्षका विद्यार्थी लक्ष्मी उप्रेतीले *हरिमाया भेटवालको जीवनी, व्यक्तित्व र कृतित्व* शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यो शोधपत्र उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको छ । उहाँले गर्नुभएको शोधकार्य सन्तोषजनक रहेकाले यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०७९/०८/२५

..............................

**उपप्रा.डा.लेखराज खतिवडा**

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

## त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय,
## नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा लक्ष्मी उप्रेतीले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको *हरिमाया भेटवालको जीवनी, व्यक्तित्व र कृतित्व* शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. प्रा.डा. कृष्णप्रसाद घिमिरे ............................
(विभागीय प्रमुख)

२. उपप्रा.डा.लेखराज खतिवडा ................................
(शोधनिर्देशक)

३. सहप्रा.डा. नारायणप्रसाद गडतौला .....................................
(बाह्य विशेषज्ञ)

मिति : २०७९/०९/११

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु उपप्रा.डा. लेखराज खतिवडाको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अगि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सामग्री सङ्कलन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने काठमाडौं निवासी हरिमाया भेटवालप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा विविध कार्यव्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकालेर निर्देशन, सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, काठमाडौंप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने पिता रामप्रसाद उप्रेती माता राममायाँ उप्रेतीप्रति म आजीवन ऋणी छु । सङ्कलित सामग्रीहरूलाई झर्को नमानीकन होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने प्रकृति फोटाकपि तथा कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्नका लागि त्रि.वि.नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेस गर्दछु ।

शैक्षिक सत्र २०७३/७४

त्रि.वि.द.नं.९-२-३८६-१६४-२०१०

कमाङ्कः २

मितिः २०७९/०८/११

........................

लक्ष्मी उप्रेती

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

# सङ्क्षेपीकृत शब्द

| | | |
|---|---|---|
| उप-प्रा. | - | उपप्राध्यापक |
| एम.ए. | - | मास्टर अफ आर्टस् |
| एस.एल.सी. | - | स्कुल लिभिङ सर्टिफिकेट |
| कि.मि. | - | किलोमिटर |
| क्र.सं. | - | क्रम सङ्ख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| डा. | - | डाक्टर |
| प.सं. | - | पहिलो संस्करण |
| पृ. | - | पृष्ठ |
| प्रा. | - | प्राध्यापक |
| सम्पा. | - | सम्पादन |

# विषयसूची

पृ.सं.

शीर्षक


**शोधनिर्देशकको सिफारिस** **क**

**स्वीकृतिपत्र** **ख**

**कृतज्ञताज्ञापन** **ग**

सङ्क्षेपीकृत शब्द घ

**विषयसूची** **ङ**

**पहिलो परिच्छेद**
**शोधपरिचय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन १

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य ५

१.६ शोधकार्यको सीमाङ्कन ५

१.७ शोधविधि ५

१.७.१ सामग्री सङ्कलनविधि ५

१.७.२ विश्लेषणको सैद्धान्तिक आधार ६

१.८ शोधपत्रको रूपरेखा ६

**दोस्रो परिच्छेद**

**हरिमाया भेटवालको जीवनी**

२.१ विषयपरिचय ७

२.२ जीवनका विविध पक्ष ७

२.२.१ जन्म र जन्मस्थान ७

२.२.२ बाल्यकाल ८

२.२.३ शिक्षादीक्षा ८

२.२.४. आर्थिक अवस्था ८

२.२.५ दुःख सुखका क्षणहरू ९

२.२.६ सेवा र संलग्नता ९

२.२.७ भ्रमण ९

२.२.८ रुचि १०

२.२.९ प्रेरणा १०

२.२.१० साहित्यिक कृतिहरूको सूची १०

२.२.११ फुटकर सिर्जनाहरू ११

२.२.१२ सम्मान तथा पुरस्कार १२

२.३ निष्कर्ष १२

## तेस्रो परिच्छेद

## हरिमाया भेटवालको व्यक्तित्व

३.१ विषयपरिचय १३

३.२ हरिमाया भेटवालको व्यक्तित्व १३

३.३ साहित्यिक व्यक्तित्व १३

३.३.१ कवि व्यक्तित्व १४

३.३.२ नाटककार व्यक्तित्वका आयामहरू १४

३.३.३ कथाकार व्यक्तित्व १५

३.३.४ उपन्यासकार व्यक्तित्व १५

३.४. साहित्येतर व्यक्तित्व १५

३.४.१ जागिरे व्यक्तित्व १६

३.४.२ राजनीतिक व्यक्तितत्व १६

३.४.३ प्रेरक व्यक्तित्व १६

३.४.४ समाजसेवी व्यक्तित्व १७

३.५ हरियामा भेटवालको मूल्याङ्कन १७

३.६ निष्कर्ष १७

## चौथो परिच्छेद

## हरिमाया भेटवालको कृतित्व

४.१ विषयप्रवेश १८

४.२. भेटवालको कृतित्वको विवरण १८

४.३ दोस्रो दर्जा कथासङ्ग्रहको कथाहरूको विश्लेषण १८
४.३.१ सानी कथाको विश्लेषण १९
४.३.२ सपना बोकेका आँखाहरू कथाको विश्लेषण २०
४.३.३ देश हस्तान्तरण कथाको विश्लेषण २२
४.३.४ चिहान डाँडामा कथाको विश्लेषण २४
४.३.५ करी कथाको विश्लेषण २७
४.३.६ प्रहार कथाको विश्लेषण २८
४.३.७ कपासको बिछ्यौना कथाको विश्लेषण ३०
४.३.८ उसलाई सम्झँदा कथाको विश्लेषण ३२
४.३.९ टिनको छानो कथाको विश्लेषण ३४
४.३.१० प्रेरणा कथाको विश्लेषण ३६
४.३.११ जहाँ घाम अस्ताउँदैन कथाको विश्लेषण ३८
४.३.१२ चिनो कथाको विश्लेषण ४०
४.४ मैनका मान्छेहरू कथासङ्ग्रहका कथाहरूको विश्लेषण ४१
४.४.१ हतकडी ४२
४.४.२ कुकरहरू रोइरहेका छन् ४३
४.४.३ यात्रा ४४
४.४.४ सत्य बयानको साक्षी ४६
४.४.५ फोटोप्रेम ४८
४.४.६ दिदीको माया ४९
४.४.७ आँखाहरू मरेका छैनन् ५०
४.४.८ रातो कोट ५२
४.४.९ पर्खाइ ५४
४.४.१० बन्दुक र कलम ५६
४.४.११ विवाह ५७
४.४.१२ जिन्दावाद र मुर्दावादका नाराहरू ५८
४.५.१३ पारपाचुके ५९
४.४.१४ बाँध फुटेपछि ६१

४.४.१५ डी.भी ६२

४.४.१६  बर्दी ६३

४.४.१७ कथाको खोजीमा भेटिएकी ऊ ६४

४.४.१८ राजीनामा ६६

४.५ आहाल नाटकसङ्ग्रहको नाटकहरूको विश्लेषण ६७

४.५.१ आहाल नाटकको विश्लेषण ६८

४.५.१.१ कथानक ६८

४.५.१.२ पात्र ६९

४.५.१.३ संवाद ७०

४.५.१.४ द्वन्द्व ७०

४.५.१.५ देशकाल वातावरण ७१

४.५.१.६ भाषाशैली ७१

४.५.१.७ उद्देश्य ७२

४.५.१.८ अभिनेयता ७२

४.५.२ माया नाटकको विश्लेषण ७२

४.५.२.१ कथानक ७२

४.५२.२ पात्र ७३

४.५.२.३ संवाद ७४

४.५.२.४ द्वन्द्व ७५

४.५.२.५ देश, काल, वातावरण ७६

४.५.२.६ भाषाशैली ७६

४.५.२.७ उद्देश्य ७६

४.५.२.८ अभिनेयता ७६

४.५.३ कतामरी नाटकको विश्लेषण ७६

४.५.३.१ कथानक ७६

४.५.३.२ पात्र ७८

४.५.३.३ संवाद ८०

४.५.३.४ द्वन्द्व ८०

४.५.३.५ देश, काल, वातावरण	८०
४.५.३.६ भाषाशैली	८०
४.५.३.७ उद्देश्य	८०
४.५.३.८ अभिनेयता	८१
४.६ हरिमाया भेटवालका कविताको विश्लेषण	८१
४.६.१ विषयवस्तु वा भावभूमि	८१
क. प्रेम प्रस्तुति	८२
ख. मानवीय समस्याको प्रस्तुति	८३
ग. राष्ट्रप्रेम	८३
घ. सामाजिक चेतना	८४
अ. अविश्वास	८५
आ. विद्रोह	८५
ङ. प्रकृतिप्रेम	८६
च. राजनीतिक जागरण	८७
४.६.२ भाषाशैली	८७
४.७.३ लय	९०
४.८ कल्ली उपन्यासको विश्लेषण	९१
४.८.१ कथानक	९१
४.८.२ चरित्रचित्रण	९४
४.८.३ पर्यावरण	९५
४.८.४ दृष्टिविन्दु	९७
४.८.५ प्रतीक र विम्ब	९८
४.८.६ भाषाशैली	९८
४.८.७ सारवस्तु	९९
४.८.८ शीर्षक सार्थकता	१००
४.९ निष्कर्ष	१००

## परिच्छेद पाँच

## सारांश र निष्कर्ष


५.१ सारांश १०२

५.२ निष्कर्ष १०३

**परिशिष्टहरू**

**सन्दर्भ सामग्रीसूची**

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

हरिमाया भेटवालको जन्म नेपालको मेची अञ्चलअन्तर्गत झापा जिल्लाको लालपानीमा वि.सं. २०२५ फागुन १८ गते भएको हो । उनी पिता डिल्लीराम भेटवाल र माता नरमाया भेटवालकी कान्छी छोरी हुन । सानै उमेरदेखि नै विशिष्ट प्रतिभा भएकी भेटवालको साहित्यप्रति निकै रुचि थियो । उनको सिर्जनाको महत्त्वपूर्ण पाटो नाटक लेखन हो साथै उनी कथाकार र निबन्धकारका रूपमा पनि परिचित छन् ।

साहित्यकार हरिमाया भेटवालका *दोस्रो दर्जा* (कथासङ्ग्रह : २०६३/६४), *मनैका मान्छेहरू* (कथासङ्ग्रह :२०६८), *आहाल* (नाटकसङ्ग्रह :२०६९), *बाटो खोज्दै बाटोमा* (कवितासङ्ग्रह :२०७२) र *कल्ली* (उपन्यास :२०७३) कृतिहरू प्रकाशित छन् । वि.स २०५५ मा *बोक्सीहरू छैनन्* र *हराएकाहरू* शीर्षकको नाटकहरू प्रकाशित गरेर उनले आफ्नो साहित्यिक यात्राको थालनी गरेकी हुन । भेटवालका कथाहरूमा सामाजिक, आर्थिक र सांस्कृतिक रूपले महिलाहरूमाथि हुने गरेका दमन, शोषण, भेदभाव, पुरुष सत्ताको मानसिकता एवम् गरिबीका कारण नारी वर्गले भोग्नुपरेका नियतिहरूलाई प्रस्तुत गरिएको छ । उनलाई प्रगतिवादी चेतना भएकी नारी प्रतिभाका रूपमा चिन्न सकिन्छ । यी बाहेक उनका कथा, कविता र नाटक पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

## १.२ समस्याकथन

साहित्यकार हरिमाया भेटवाले कविता, कथा, नाटक, उपन्यास जस्ता साहित्यिक विधाहरूमा आफ्नो सामर्थ्य प्रस्तुत गरेकी छन् । भेटवालले सिर्जना गरेका कृतिहरू र उनको जीवनी तथा व्यक्तित्वका बारे पत्र-पत्रिका र पुस्तकहरूमा सामान्य टिप्पणी बाहेक हालसम्म व्यवस्थित अध्ययन गरिएको छैन । त्यसैले प्रस्तुत शोधपत्र निम्न लिखित समस्यामा केन्द्रित रहेको छ :

(क) हरिमाया भेटवालको जीवनी के कस्तो रहेको छ ?

(ख) हरिमाया भेटवालको व्यक्तित्वका विविध पाटाहरू के कस्ता छन् ?

(ग) हरिमाया भेटवालको कृतित्व के कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका मूलभूत उद्देश्य निम्नलिखित रहेका छन् :

(क) हरिमाया भेटवालको जीवनीको अध्ययन गर्नु ।

(ख) हरिमाया भेटवालको व्यक्तित्वका विभिन्न पाटाहरू केलाउनु ।

(ग) हरिमाया भेटवालको कृतित्वको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

हरिमाया भेटवाल नेपाली साहित्यका कथा, कविता, नाटक र उपन्यास विधामा कलम चलाएकी साहित्यिक व्यक्तित्व हुन् । उनी समकालीन समय चेतनालाई प्रश्रय दिएर नारी समानताको उजागर गर्नुपर्छ भन्ने धारणलाई अघि सार्ने साहित्यकार हुन् । वि.स २०५५ मा *बोक्सीहरू छैनन्* र *हराएकाहरू* शीर्षकको नाटकहरू प्रकाशित गरेर उनले आफ्नो साहित्यिक यात्राको थालनी गरेकी गरेकी हुन् । उनले नेपाली साहित्यका कविता, कथा, नाटक, उपन्यास आदि विधामा कलम चलाएकी छन् । उनका प्रकाशित कृतिहरूमा *दोस्रो दर्जा* (कथासङ्ग्रह : २०६३), *मैनका मान्छेहरू* (कथासङ्ग्रह : २०६८), *आहाल* (नाटकसङ्ग्रह :२०६९), *बाटो खोज्दै बाटोमा* (कवितासङ्ग्रह :२०७२) र *कल्ली* (उपन्यास: २०७३) आदि रहेका छन् । भेटवालका समग्र कृति र गहन विश्लेषण भएको पाइँदैन तथापि उनका कृतिहरूका बारेमा छिटपुट टीकाटिप्पणी भने भएको भेटिन्छ । उनका कृतिहरूका बारेमा चर्चा परिचर्चा एवम् अध्ययन विश्लेषण निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ ।

सुधा त्रिपाठी (२०६२) ले *दोस्रो दर्जा* को भूमिका लेख्ने क्रममा 'शिखरहरू पाइलातर्फ बढिरहून्' भन्ने शीर्षक दिएर हरिमाया भेटवालले वर्ग विषमताले युक्त समाजवाट टिपिएका विषयहरूलाई सकेसम्म नयाँपनका साथ प्रस्तुत गर्ने प्रयत्न गरिन् भने सधैं परिजातका कथालाई सम्झेर कोक्याइरहनु पर्ने स्थिति रहने छैन भनेकी छन् ।

नारायण ढकाल (२०६३) ले *दोस्रो दर्जा* को भूमिकामा 'स्वागत एवंम शुभकामना' शीर्षकमा समकालीन समय चेतनालाई प्रमुख विशेषता बनाउने कथाकार हुन् भनी भेटवाललाई अपार रचनाहरू र सम्पादनको भण्डारका रूपमा उल्लेख गरेका छन् ।

प्रदीप ज्ञवाली (२०६३) ले *दोस्रो दर्जा* को भूमिकामा 'नारी संवेदनाको जीवन्त क्यान्भास' शीर्षक दिएर कथामा नारी अस्तित्व र नारी संवेदनालाई कथाको मुख्य तत्व मानी कथाहरूमा नैसर्गिक स्वाभाविक र आफ्नै खाले मिठास दिन सफल छन् भनी उल्लेख गरेका छन् ।

मुक्तिनाथ शर्मा (२०६८) ले 'साप्ताहिक आवाज' जेष्ठ २१ मंगलवारमा हरिमाया भेटवालको *दोस्रो दर्जा* कथासङ्ग्रहको आलोचना गर्ने क्रममा हरिमाया कुनै चानचुने कथाकार हुँदै नभएको, उनी कथालेखन वा कविता, नाटक लेखन वा गीत/गजल सबैमा नयाँपन दिन सक्ने स्रष्टा हुन् भनी टिप्पणी गरेका छन् ।

रजनी ढकाल (२०६९) ले भदौ महिनाको *नागरिक*मा 'निम्न वर्गको कथा' शीर्षक दिएर भेटवालले आवाजविहीन मानिसका आवाज घन्काएकी छिन् भन्ने टिप्पणी गरेकी छन् । कथाकारले आफ्ना भन्दा अरूका आवाज र संवेदनालाई अत्यन्त सूक्ष्म र संवेदनशीलतामा कथामा उठ्न सकेकी छन् भनेर पनि ढकालले उल्लेख गरेकी छिन् ।

रजह दुतेन्द्र चाम्लिङ (२०६९) ले साउन अंकको *गरिमा* मा हरिमाया भेटवालको कथाकारिताको विश्लेषण गर्ने क्रममा समसामयिक विषयवस्तु र अप्रत्यासित रूपमा आउने घटनाहरूलाई आधार बनाएर कथा लेख्ने हरिमायामा बढी यथार्थपरक घटनाहरूलाई सूक्ष्म अध्ययन गरेर ती घटनाहरूलाई आफ्नो शैलीमा ढाल्न सक्ने क्षमता भएकी कथाकार हुन् भनेका छन् ।

रजनी ढकाल र गीता त्रिपाठी (२०७१) ले *नेपाली महिला लेखन: प्रवृत्ति र योगदान* शीर्षकको पुस्तकमा हरिमाया भेटवाललाई विभिन्न सामाजिक समास्यामूलक प्रतीकात्मक र विम्बात्मक शैलीमा नारीका आर्थिक अवस्था, नागरिक अधिकारविहीन अवस्था र देशमा व्याप्त युद्धपीडाका घटना परिघटनाको चित्रण गरेर कथा लेख्ने कथाकारका रूपमा चिनाएका छन् ।

साझा प्रकाशन (२०६८) ले 'प्रकाशकीय' शीर्षकमा मैनका मान्छेहरूलाई स्रष्टामनको ताप र रापद्वारा साहित्य निष्पत्ति हुन्छ, जीवन भोगाइका घटनाहरू परिवेशहरूले सष्टा, मन दुखाउँछ यिनै मनस्ताप र रापमा पग्लिएका कथाहरूको संग्रह हो भनी उल्लेख गरिएको भेटिन्छ ।

अर्चना थापाले *राजधानी* पत्रिका (२०७४) मा सुन्दर गाउँमा जन्मिएकी अशिक्षित पात्रले लेखकको वौदिकतालाई हाबी हुन नदिनु *कल्ली* उपन्यासको सफलता हो भनी उल्लेख गरेकी छन् ।

राम लोहनीले *कोसेली* (२०७४) मा 'हरिमाया' शीर्षकमा पहिचानको एषणामा समाजमा वर्गविभाजनका साथै मानिसहरू शोषण र अन्धविश्वासको सिकार भएका छन् भनी उल्लेख गर्दै महिलाहरू परिवारभित्र बाबु, लोग्ने र दाजुभाइबाट नै पीडित छन् भनी भेटवालका बारेमा टिप्पणी गरेका छन् ।

तुलसी दिवसले *कान्तिपुर* (२१ असोज, २०७२) मा कविता लिएर "हरिमाया" शीर्षकमा भेटवालका कविताहरूमा अरूको भन्दा फरक र अभिव्यक्ति शैली पनि नवीन रहेको छ भनी उल्लेख गरेका छन् ।

गीता त्रिपाठीले *कान्तिपुर* (२१ असोज,२०७२) मा भेटवालको लेखनमा नारीवादी र अस्तित्ववादको प्रभाव रहेको बताएकी छन् साथै विषयवस्तुका हिसाबले नवीन भए पनि अभिव्यक्ति शैली नवीन र सशक्त भनी टिप्पणीसमेत गरेकी छन् ।

समीरबाबु कट्टेलले २०७४, मंसिर १२) मा महिलाका सङ्घर्षपूर्ण कथामा हरिमाया भेटवालले *कल्ली* उपन्यासका माध्यमबाट समकालीन नेपाली समाजको चित्र उतार्न खोजेकी छन् भन्ने टिप्पणी गरेका छन् । कट्टेलले प्रस्तुत उपन्यास गाउँले जीवनको प्रतिनिधित्व गर्ने कल्लीको सङ्घर्षपूर्ण जीवन कथा मात्र होइन सहरिया र शिक्षित परिवारकी पात्र विदुषीहरूको व्यथा पनि हो भनी टिप्पणी गरेका छन् ।

हरिमाया भेटवालका बारेमा केही समीक्षकहरूले छिटपुट रूपमा चर्चा गरेका भए पनि उनको समग्र जीवनी, व्यक्तित्व र कृतिका बारेमा अध्ययन भएको पाइँदैन । उनका बारेमा भएका पूर्वाध्ययनहरूलाई हेर्दा उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहन अध्ययन गर्नु पनि एउटा गहन प्राज्ञिक समस्या हुने देखिन्छ । त्यसैले प्रस्तुत शोधकार्यमा भेटवालको जीवनी र व्यक्तित्वका साथै उनका कृतित्वको गहन अध्ययन एवम् विश्लेषण गरी उचित मूल्याङ्कन पनि गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधकार्य हरिमाया भेटवालको जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित छ । सामान्य रूपमा उनका बारेमा अध्ययन भए पनि हालसम्म जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत अध्ययन हुन सकेको छैन । भेटवालको जीवनी, व्यक्तित्व र कृतित्वको गहन अध्ययन गरेर उनका साहित्यिक योगदान ठम्याई उनको उचित मूल्याङ्कनसमेत गरिएकाले प्रस्तुत शोधकार्य एउटा नवीन प्राज्ञिक कार्य बन्न पुगेको छ, तसर्थ यसको औचित्य स्वतः पुष्टि हुने देखिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य हरिमाया भेटवालको जीवनी व्यक्तित्व र कृतित्वमा आधारित रहेको छ । यसर्थ उनको जीवनी, व्यक्तित्व र कृतित्वमा मात्रै सीमित रहेर अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

हरिमाया भेटवालको जीवनी, व्यक्तित्व र कृतित्व विषयको शोधकार्य सम्पन्न गर्नका लागि निम्नलिखित शोधविधि अपनाएको छः

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक पर्ने सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकृतिका छन् । हरिमाया भेटवालले रचना गरेका कृतिहरू (कविता, कथा नाटक र उपन्यास) प्रस्तुत शोधकार्यका प्राथमिक सामग्री हुन् । त्यसै गरी साहित्यकार भेटवाल र उनका कृतिका बारेमा लेखिएका लेखरचना तथा पुस्तकहरूका साथै कविता, कथा, नाटक र उपन्यासको सिद्धान्तबारे चर्चा गरिएका लेख तथा पुस्तकहरू प्रस्तुत शोधकार्यका लागि द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यी दुवै किसिमका सामग्रीहरू (प्राथमिक र द्वितीयक) को सङ्कलन पुस्कालयीय कार्यबाट गरिएको छ ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि सर्वक्षण विधि र जीवनी व्यक्तित्व र कृतित्वलाई प्रमुख आधार मानिएको छ । यसै क्रममा निगमानात्मक विधिलाई अपनाउँदै वर्णनात्मक विधि तथा विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ । भेटवालका साहित्यिक कृतिको अध्यायन गरी त्यसको सामान्य रूपरेखासमेत तयार पारिएको छ । साथै स्रष्टासँग सम्वन्धित पुस्तक पत्रपत्रिकाको पनि अध्ययन गरी सामान्य परिचय दिइएको छ । उनका कृतित्वका पाटालाई उद्घाटन गर्न शोधकार्यका लागि सङ्कलन सामग्रीको विश्लेषण सम्बन्धित विधाका तत्वका आधारमा गरिएको छ । प्रस्तुत शोधकार्य साहित्यकार भेटवालले रचना गरेका कविताहरूको विश्लेषण कविता तत्व ( विषयवस्तु वा भावभूमि, सामाजिक चेतना, प्रकृतिप्रेम, भाषाशैली, विम्बप्रतीक र लय) का आधारमा गरिएको छ । उनका कथाहरूको विश्लेषण पनि कथातत्व (कथानक, पात्र, वातावरण, भाषाशैली र उद्देश्य) का आधारमा गरिएको छ । त्यसै गरी उनका नाटकको विश्लेषण नाट्य तत्व (कथानक, पात्र, संवाद, द्वन्द्व, देश काल, वातावरण, भाषाशैली, उद्देश्य र अभिनेयता) का आधारमा गरिएको छ भने उपन्यासको विश्लेषण उपन्यासकै तत्व (कथानक, चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु, प्रतकि र विम्ब, भाषाशैली, शारवस्तु, शीर्षक सार्थकता) का आधारमा गरिएको छ । प्रस्तुत शोधकार्य मूलतः वर्णनात्मक विधिमा आधारित छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचना पक्षलाई सङ्गठित र सुव्यवस्थित पार्नका निम्ति निम्न लिखित विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : हरिमाया भेटवालको जीवनी

तेस्रो परिच्छेद : हरिमाया भेटवालको व्यक्तित्व

चौथो परिच्छेद : हरिमाया भेटवालको कृतित्व

पाँचौं परिच्छेद : सारांश र निष्कर्ष

यी पाँच परिच्छेदलाई आवश्यकतानुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा समेत विभाजन गरिएको छ ।

# दोस्रो परिच्छेद

# हरिमाया भेटवालको जीवनी

## २.१ विषयपरिचय

प्रस्तुत परिच्छेद साहित्यकार हरिमाया भेटवालको जीवनीको अध्ययनसँग सम्बन्धित रहेको छ । मानिसको जन्मेदेखि मरुन्जेलसम्मको अवधि र त्यसभित्र घटेका घटना चक्रलाई नै सामान्यतया जीवन भनिन्छ भने जीवनका घटनाक्रमको समष्टिलाई जीवनी भन्ने गरिन्छ । 'जीवन' ले शुद्ध साहित्यिक विधाका रूपमा स्थापित हुँदा गम्भीर र पारिभाषिक अर्थ प्राप्त गर्छ । हरिमाया भेटवालको जीवनीलाई विभिन्न आधारमा विश्लेषण गर्न सकिन्छ । उनको जीवनीको सामान्य परिचयका साथै साहित्यिक व्यक्तित्वको चिनारी यस परिच्छेदमा गरिएको छ ।

## २.२ जीवनीका विविध पक्ष

प्रस्तुत शोधकार्य तिनै हरिमाया भेटवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहेको छ । उनका यी तीन पक्षहरूमध्ये प्रथमतः जीवनीपक्षको अध्ययन गर्नु आवश्यक हुन जान्छ । त्यसैले यस दोस्रो परिच्छेदमा उनका जन्मकालदेखि हालसम्मको जीवनीका विभिन्न पक्षको जीवनीपरक समालोचनात्मक अध्ययन गरिएको छ ।

### २.२.१ जन्म र जन्मस्थान

हरिमाया भेटवालको जन्म  २०२५ साल फागुन १८ गते नेपालको मेची अञ्चल झापा जिल्लाको लालपानीमा भएको हो । बनारसी भेटवाल जिजुबाजे, धनन्ज्जय भेटवाल बाजे तथा पिता डिल्लीराम भेटवाल र माता नरमाया भेटवालकी कान्छी छोरीका रूपमा जन्मिएकी भेटवालको न्वारानको नाम पनि हरिमाया नै हो । ५ं३ इन्च र ५० केजी तौलकी गहुँगोरी वर्णकी हरिमायाको जन्मथलो पूर्वी नेपालको तराईको झापा भए पनि हाल उनी काठमाडौँमै बस्दै आएकी छन् । उनी मध्यम वर्गीय परिवारमा हुर्केकी हुन् । उनका १० दिदी बहिनीमा उनका हाल ३ दाजु, ३ भाइ, ३ दिदी र कान्छी छोरी हरिमाया भेटवाल हुन् । हाल उनका जेठा दाजु यस संसारमा छैनन् । उनका बाजेको जन्मथलो पूर्वी नेपालको तराईको झापा हो । भेटवाल आफ्नो जन्मस्थानप्रति ज्यादै श्रद्धा र माया रहेको बताउँछिन् । (शोध

नायिकासँग प्राप्त जानकारी) । आफ्नो जन्मथलोप्रति माया गर्दै उनी निरन्तर जीवनपथमा लम्किरहेकी छन् ।

### २.२.२ बाल्यकाल

हरिमाया भेटवालको बाल्यकाल झापामा आफ्नै मातापिताको रेखदेख तथा छत्रछायामा बितेको पाइन्छ । मध्यमवर्गीय परिवारमा जन्मेकी हरिमाया भेटवालको बाल्यकाल सुखदुःखमै बितेको बताउँछिन् । झापाको सुरुङ्गामा सामान्य बालबालिकाको जस्तै सरल रूपमा बित्यो । सानै उमेरदेखि असाधारण प्रतिभा भएकी भेटवाललाई साहित्यप्रतिको रुचि बाल्यकालदेखि नै थियो । आफूसँग दाजु र दिदी पनि भएकाले बाल्यकालमा त्यति धेरै कठिन स्थिति नभएको कुरा स्पष्ट हुन्छ । उनका बुबा पनि साहित्यकै लेखनकार्यमा संलग्न भएकाले उनमा पनि बाल्यकालदेखि नै साहित्यप्रति जिज्ञासु रहेको देखिन्छन् त्यसैगरी उनी परिश्रमी र साहसी स्वभावका पनि देखिन्छन् । बाल्यकालदेखिको साहित्यप्रति रुचिलाई अहिलेसम्म पनि निरन्तरता दिँदै आइरहेकी छन् ।

### २.२.३ शिक्षादीक्षा

हरिमाया भेटवालको शिक्षा श्री कन्काई माध्यमिक विद्यालय सुरुङ्गाबाट सुरु भएको हो । उनी माथिका दाजु, दिदीहरूबाट पनि उनीमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा अक्षर चिन्ने मौका मिल्यो जसका कारण उनमा पढाइलेखाइप्रति रुचि जागेको पाइन्छ । उनले वि.सं. २०४५ मा एस.एल.सी. उत्तीर्ण गरेकी हुन् । उनको औपचारिक पढाइ एस.एल.सी. सम्म मात्र रहयो । उनको उच्च शिक्षा पढ्ने अभिलाषा हुँदाहुँदै पनि २०४५ सालमा भोजपुर निवासी सहदेव विष्टसँग विवाह बन्धनमा बाँधिएकाले पूरा हुन सकेन । उनका एक छोरी र एक छोरा छन् । उनी हाल काठमाडौँको बुढानिलकण्ठ नगरपालिकामा पर्ने बालुवाखानीमा बस्दै आएकी छिन् (शोधनायिकाको जानकारी अनुसार) । यसरी हाल उनी काठमाडौँलाई कर्मथलो बनाएर सक्रिय जीवन बिताइरहेकी छन् ।

### २.२.४. आर्थिक अवस्था

बाल्यकालमा दुःख सुख गरेर सङ्घर्ष गर्दै पढेकी हरिमाया भेटवालको बाल्यकाल मध्यम अवस्थामा वितेको थियो । पछि विवाहवन्धनमा बाँधिएपछि श्रीमान् र उनी दुवै काम गर्ने भएकाले उनको आर्थिक अवस्थामा ठिकै रहेको मान्न सकिन्छ । उनी सडक विभागमा

करारमा कार्यरत रहेको पाइन्छ (शोधनायिकाको जानकारी अनुसार) । पतिपत्नी दुवै जागिरे भएकाले उनको आर्थिक अवस्था सन्तोषजनक नै रहेको देखिन्छ ।

### २.२.५ दुःख सुखका क्षणहरू

जीवनमा दुःख अनि सुख यी दुवै स्वाभाविक कुरा हुन्छ । समय र परिस्थिति अनुकूल आफूलाई हिँडाउनु पर्छ । जीवन दुःख र सुखको सङ्गम हो । हरिमाया भेटवालको बाल्यकाल सुखमा बिते पनि युवावस्थामा भने केही असहज अवस्था आइलागेको थियो । बाल्यकालमा बुबासँग खोला तर्न खोज्दा केही परसम्म बगाएको उनमा तितो अनुभव अझै पनि ताजा रहेको छ । भेटवालका विचारमा दुःखले नै मानिसलाई सफलतामा पुऱ्याउने गर्दछ । (शोधनायिकाबाट प्राप्त जानकारी) । यसरी अनेक दुःखसुखको सामना गर्दै उनले जीवनमा अनेक अनुभव बटुलेकी छन् ।

### २.२.६ सेवा र संलग्नता

हरिमाया भेटवाल विभिन्न संघसंस्थाहरूमा आबद्ध रहेकी छन् । वि.सं. २०५४ मा आफ्नै नेतृत्वमा 'युथफर इन्भारमेन्ट सेफ्टी' नामक संस्था चलाएकी थिइन् । वि.सं २०५९ देखि वि.सं. २०६३ सम्म 'अन्नपूर्ण पोस्ट' मा व्यङ्ग्य लेखहरू लेख्ने गर्दथिन् । त्यसपछि वि.सं. २०६५ सम्म 'कान्तिपुर' दैनिकमा लेखहरू लेख्ने गर्दथिन् । (शोधनायिकाबाट प्राप्त जानकारी) हाल पनि उनले रचनाहरू बेलाबेलामा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गराउँदै आइरहेकी छन् । उनी विभिन्न सङ्घसंस्थामा आबद्ध रहेको पाइन्छ । वि.सं. २०६५ मा 'कान्तिपुर' दैनिकमा लेखरचनाहरू पनि छाप्न थालिन् । (शोधनायिकाबाट प्राप्त जानकारी) । हाल उनले विभिन्न रचनाहरू बेलाबेलामा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गराउँदै आइरहेकी छन् ।

### २.२.७ भ्रमण

हरिमाया भेटवाल स्वदेश लगायत विदेशमा पनि भ्रमण गरेको पाइन्छ । विभिन्न समयमा हङकङ, दक्षिण कोरिया, थाइल्यान्ड र भारतका विभिन्न ठाउँहरूमा पनि भ्रमण गरेकी छन् ।

### २.२.८ रुचि

हरिमाया भेटवालका रुचि आफ्नै प्रकारका छन् । रुचि उसको सोचाइमा भर पर्ने कुरा हो । उनको समाजसेवाका क्षेत्रमा विशेष रुचि छ भने पत्रकारिता, राजनीतिक क्षेत्र र सिर्जनशील लेखनमा पनि धेरै रुचि रहेको पाइन्छ (शोधनायिकाबाट प्राप्त जानकारी) । यसरी उनी आफ्नो रुचिक्षेत्रमा निकै सक्रिय रहेकी छन् ।

### २.२.९ प्रेरणा

हरिमाया भेटवाल आफ्ना बाबुका प्रेरणाबाट साहित्यमा लागेको देखिन्छ । जुनसुकै देशमा पनि उन्नति अवनति के कति भएको भन्ने यथार्थ ज्ञान त्यहाँको साहित्यिक गतिविधिबाट हुन सक्छ । उनमा साहित्य सिर्जनाको प्रेरणाको स्रोतका रूपमा उनी आफ्नो बुबालाई मान्दछिन् । उनका बुवाले पनि कविता रचना गर्ने भएकाले उनमा पनि साहित्य रचना गर्ने आँट बढेको देखिन्छ । यसका साथै उनी लक्ष्मीप्रसाद देवकोटाको *यात्री* कविताबाट प्रभावित भएको बताउँछिन् ।

### २.२.१० साहित्यिक कृतिहरूको सूची

हरिमाया भेटवाल २०५५ सालदेखि साहित्य सृजनामा निरन्तर रूपमा लागिपरेको देखिन्छ । उनका थुप्रै कृतिहरू प्रकाशित र अप्रकाशित रहेको पान्इछ । उनका कथा, कविता, नाटकसङ्ग्रह लगायत फुटकर सिर्जनाहरू पनि रहेका छन् जसलाई तल तालिकामा देखाइएको छ :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | दोस्रो दर्जा | कथासङ्ग्रह | २०६३ |
| २ | मैनका मान्छेहरू | कथासङ्ग्रह | २०६८ |
| ३ | आहाल | नाटकसङ्ग्रह | २०६९ |
| ४ | बाटो खेज्दै बाटोमा | कवितासङ्ग्रह | २०७२ |
| ५ | कल्ली | उपन्यास | २०७३ |

### २.२.११ फुटकर सिर्जनाहरू

हरिमाया भेटवालका फुटकर सिर्जनाहरू कविता, कथा, नाटकआदि लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित समेत रहेका छन् । उक्त कृतिलाई तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | देश हस्तान्तरण | नाटक | नवयुवा वर्ष ११५, पूर्णाङ्क १०५ |
| २ | म त यस्तो भाछु | कविता | नवयुवा वर्ष १३, पूर्णाङ्क १३४ |
| ३ | बन्दुक कि कलम | कथा | नवयुवा वर्ष १४, पूर्णाङ्क १३४ |
| ४ | बोक्सीहरू छैनन् | सडक कथा | उपक्रम वर्ष १, अङ्क २ |
| ५ | श्रद्धाञ्जली | कविता | स्मारिका, २०७५ |
| ६ | सपना बोकेका आँखाहरू | कथा | मधुपर्क वर्ष ३४ अङ्क ७ |
| ७ | जहाँ घाम अस्ताउँदैन | कथा | २०५८ |
| ८ | डि.भी. | कथा | सूर्योदय स्मारिका, २०६१ |
| ९ | कर्णाली सत्या र सत्ता | विचार | मधुपर्क २०६४ |
| १० | रूपान्तरण | कविता | हिशांबोध वर्ष ११, अङ्क ७, २०६५ |
| ११ | रातो कोट | साहित्य | मधुपर्क, २०६६ |
| १२ | डिभोर्स | कथा | नेपाल राष्ट्रिय साप्ताहिक २०६७ |
| १३ | आँगन | कविता | नवयुवा वर्ष १५, अङ्क १४७, २०६७ |
| १४ | म खहरे नै हुन्छु | कविता | ललयुग वर्ष २, अङ्क ६, २०६८ |
| १५ | अस्तित्वको लागि विद्रोह | समीक्षा | नेपाल राष्ट्रिय साप्ताहिक, २०७४ |
| १६ | पहिचानको एषणा | समीक्षा | कोसेली, २०७४ |

### २.२.१२ सम्मान तथा पुरस्कार

कुनै पनि व्यक्तिलाई प्रेरणा र हौसला दिनका लागि सम्मान गर्नुपर्छ । उनले नेपाली साहित्यमा पुऱ्याएको कदरस्वरूप उनलाई विभिन्न समयमा विभिनन क्षेत्रबाट सम्मान तथा पुरस्कार प्रदान गरिएको पाइन्छ । उनलाई अखिल नेपाल महिला संघ सम्मान (वि.सं. २०५७), राष्ट्रिय जनसांस्कृतिक साहित्य पुरस्कार (वि.सं. २०५७), नागार्जुन वार्षिक रचना पुरस्कार (वि.सं. २०६३), दीपज्योति साहित्य सम्मान (सन् २०७०) र शर्मा मुडवारी मोतीराम काव्य पुरस्कार (सन् २०७०) ले विभूषित गरिएको छ ।

## २.३ निष्कर्ष

वि.सं २०२५ सालमा मेची जिल्लाअर्न्तगत झापाको लालपानीमा उनको जन्म भएको हो । पिता डिल्लीराम भेटवाल र माता नरमाया भेटवालकी कान्छी छोरीका रूपमा हरिमाया भेटवालको जन्म भएको हो । वि.सं. २०४५ मा श्री कन्काई माध्यमिक विद्यालय सुरुङ्गाबाट एस.एल.सी. उर्तीण गरेकी हुन् । उनले साहित्यमा कविता, कथा, नाटक, उपन्यास तथा विभिन्न लेखन विधामा कलम चलाएकी छन् । उनका लेखनको थालनी नाटक विधाबाट भएको हो । २०५५ मा 'बोक्सीहरू छैनन्' र 'हराएकाहरू' शीर्षकको नाटक प्रकाशित गरेर नेपाली साहित्यमा देखा परेकी हुन् । हरिमाया भेटवालका दुईवटा कथासङ्ग्रह, एउटा नाटकसङ्ग्रह र अर्को उपन्यास कृतिहरू प्रकाशित भएका छन् । भेटवालका प्रकाशित भएका कृतिहरूमा प्रायः गरेर नारीसंवेदना, विद्रोह भावका तथा पीडा, वेदना, शोषण, दमनलाई मुख्य विषयवस्तु बनाएर लेखिएका छन् । उनी लेखन विधामा प्रगतिशील यथार्थवादमा आधारित देखिन्छन् । उनको विषयमा प्रायः गरेर नवीनता पाइनुका साथै नारीवादी पनि उत्तिकै मात्रामा पाइन्छ ।

# तेस्रो परिच्छेद

# हरिमाया भेटवालको व्यक्तित्व

## ३.१ विषयपरिचय

मान्छेको व्यक्तित्व उसको जीवनमा घटेका विभिन्न हर्ष, विस्मात, पीर-वेदना, आरोह-अवरोह तथा क्रिया प्रतिक्रियाहरूबाट निर्धारित भएको हुन्छ । उसको व्यक्तित्व निर्माणमा पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, शैक्षिक एवं राजनीतिक प्रभावले पनि महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ। त्यस्तै उसको चारित्रिक क्रियाकलापहरूको पनि बढी भूमिका रहेको हुन्छ (पौडेल, २०५६) ।

## ३.२ हरिमाया भेटवालको व्यक्तित्व

हरिमाया भेटवाल बहुआयामिक व्यक्तित्व भएकी नारी सर्जक हुन् । उनको बहुआयामिक व्यक्तित्वमध्ये साहित्यिक व्यक्तित्व उच्च रहेको छ । भेटवालको साहित्यिक व्यक्तित्वलाई नियाल्दा २०५५ सालमा 'उपक्रम' पत्रिकाको वर्ष १ अङ्क २ 'बोक्सीहरू छैनन्' र 'हराएकाहरू' शीर्षकको सडकनाटक प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेकी हुन् । कथा विधामा भने कथाकार भेटवालले सर्वप्रथम वि.सं. २०५८ सालमा 'मधुपर्क' को मङ्सीर अङ्क 'सपना बोकेका आँखाहरू' शीर्षकको कथा प्रकाशन गरी यस विधामा प्रवेश गरेकी हुन् ।

भेटवाल सामाजिक विकृति र विसङ्गति विरोधी कथाकार हुन् । भेटवालका साहित्यमा लैंगिक विभेद अन्त्य हुनु पर्छ भन्ने सन्देश दिएकी छन् । भेटवाल सामाजिक यथार्थका पक्षमा दरो र खरो रूपमा प्रस्तुत भई समसामायिक विषयवस्तु तथा पुरातनवादी विचार र संस्कृतिको विरोधी लेखिका हुन् । प्रगतिशील नारीवादी कथाकार भेटवाल एक सशक्त र स्थापित कथाकार हुन् ।

## ३.३ साहित्यिक व्यक्तित्व

हरिमाया भेटवालको व्यक्तित्वका विविध पाटामध्ये धेरै फस्टाएको र उर्वर पाटो साहित्यिक व्यक्तित्वको पाटो हो । बिसको दशकदेखि नै साहित्यमा अनवरत लागिपरेका

भेटवालले कविता क्षेत्रलाई कसिलो बनाउँदै अघि बढिरहेका छन् । भेटवालले नेपाली साहित्यिक क्षेत्रमा कविता, कथा, नाटक र उपन्यास विधामा हात हालेर नेपाली साहित्यको ढुकुटी भर्ने काम गरेकी छन् । नेपाली साहित्यको कुरा गर्दा भेटवालको नाम पनि आउने गर्दछ । उनको व्यक्तित्वको साहित्यिक पाटोलाई यसरी हेर्न सकिन्छ । उनको साहित्यिक व्यक्तित्वलाई निम्नलिखित आधारमा विश्लेषण गरिएको छ :

### ३.३.१ कवि व्यक्तित्व

हरिमाया भेटवालको सर्वप्रथम वि.सं. २०५७ मा 'उत्सर्गका नायिका र देश' शीर्षकको कविता 'श्रद्धाञ्जली स्मारिका' मा प्रकाशन गरी नेपाली साहित्यको कविता क्षेत्रमा प्रवेश गरेकी हुन् । उनको कवितासङ्ग्रह २०७२ मा प्रकाशित भएको हो । फुटकर कविताहरू विभिन्न समयमा पत्रपत्रिकामा छपाएर आफ्नो कवितायात्राको परिचय गराएकी हुन् ।

### ३.३.२ नाटककार व्यक्तित्व

हरिमाया भेटवालले आफ्नो साहित्य सिर्जनाको औपचारिक थालनी नाटक विधाबाट गरेकी हुन् । वि.सं. २०५५ सालमा 'बोक्सी छैनन्' र 'हराएकाहरू' शीर्षकको सडकनाटक 'उपक्रम' पत्रिकामा प्रकाशित गरी नेपाली साहित्यको फाँटमा प्रवेश गरेकी हुन् । यसरी हेर्दा साहित्यकार भेटवालको साहित्य यात्रा नाटक विधाबाट सुरुआत भएको देखिन्छ । हाल उनको आहाल २०६९ एकाङ्कीसङ्ग्रहका रूपमा प्रकाशित छ । उनको आधा दर्जनभन्दा बढी नाटकहरू काठमाडौँका गुरुकुल नाचघर तथा सर्वनाम नाटकघरमा मञ्चन भइसकेका छन् भने सडक नाटकका रूपमा पनि उनका नाटकहरू मञ्चित छन् । *माया* (२०६५) चौबिस पटक र *आहाल* नाटक सात पटकसम्म मञ्चन भएका छन् । उनको नाटक 'कतामरी' (२०६५) नेपाल सरकारका तर्फबाट दक्षिण कोरियामा मञ्चन गरिएको थियो (ढकाल र त्रिपाठी, २०७० : १०४) त्यस्तै नाटक विधामा *आहाल* (२०६९) एकाङ्की सङ्ग्रह प्रकाशित छ । त्यस्तै निबन्ध विधामा 'स्मृतिको खोज', *स्वअस्तित्वको खोज* (२०६८) पुस्तकमा प्रकाशित भएको छ ।

### ३.३.३ कथाकार व्यक्तित्व

नेपाली कथाजगत्मा २०५८ सालमा 'सपना बोकेका आँखाहरू' शीर्षकको कथा 'मधुपर्क' मा प्रकाशन गरी नेपाली कथा यात्रा आरम्भ गरेकी हुन् । भेटवालका साहित्यिक व्यक्तित्वलाई केलाउँदा उनलाई कथा, कविता र नाटक यी तीनवटै विधामा सफलता मिलेको छ । हरिमाया भेटवालका कथा विधाअन्तर्गत *दोस्रो दर्जा* (२०६३) र *मैनका मान्छेहरू* (२०६८) कथासङ्ग्रह प्रकाशित रहेका छन् । उनका प्रकाशित कथाहरूमा 'बन्दुक कि कलम' कथा, नवयुवा वर्ष १४, पूर्णाङ्क १३४, 'बोक्सीहरू छैनन्, सडक कथा, उपक्रम वर्ष १, अङ्क २, 'सपना बोकेका आँखाहरू' कथा, मधुपर्क वर्ष ३४ अङ्क ७, 'जहाँ घाम अस्ताउँदैन' कथा, २०५८, 'डि.भी.' कथा सूर्योदय स्मारिका, २०६१, 'डिभोर्स' कथा, 'नेपाल राष्ट्रिय साप्ताहिक', २०६७ आदी रहेका छन् ।

### ३.३.४ उपन्यासकार व्यक्तित्व

हरिमाया भेटवालको उपन्यासकार व्यक्तित्व पनि त्यतिकै सबल रहेको पाइन्छ । कविता, कथा, नाटक लेखन बाहेक उनले उपन्यास लेखनमा पनि आफ्नो कलम चलाएका छन् । उनले उपन्यास त धेरै रचना गरेका छैनन् तर पनि उनको उपन्यास *कल्ली* (२०७३) एकदमै चर्चित उपन्यासका रूपमा चिनिन्छ । यस उपन्यासमा समाजमा रहेका अन्धविश्वास, छुवाछुत र जातजातिको आजको अवस्थाको चर्चा गरिएको छ । समाजमा रहेका शोषित तथा उत्पीडित वर्गका मानिसहरूको समावेश, पञ्चायती कुराहरू त्यसमा रहेका हैकमवादी, प्रबृत्तिलाई यस उपन्यासमा सहज रूपमा प्रस्तुत गर्न उपन्यासकार भेटवाल सफल रहेका देखिन्छन् ।

## ३.४. साहित्येतर व्यक्तित्व

हरिमाया भेटवाल बहुमुखी प्रतिभाका धनी हुन् । भाषा र साहित्यमा विशेष किसिमको संलग्नता रहे पनि साहित्येतर क्षेत्रमा उनले आफ्नो भूमिकालाई सफलतापूर्वक निर्वाह गर्दै आएकी छन् । साहित्यिक व्यक्तित्वमा विविध पक्ष भएजस्तै थापाको साहित्येतर व्यक्तित्वको पनि विविध पक्ष रहेका छन् । यीमध्ये साहित्येतर व्यक्तित्वमा आउने केही उल्लेखनीय पक्षलाई निम्नानुसार चर्चा गरिएको छ :

### ३.४.१ जागिरे व्यक्तित्व

हरिमाया भेटवाल एस.एल.सी. सम्मको पढाइ पूरा गरेपछि माथिल्लो तहको शिक्षा लिन पाइनन् । त्यसैले उनले १ वर्ष अस्थायी कर्मचारीका रूपमा सडक विभागमा काम गरिन् । त्यसपछि उनी फोहोरमैला सङ्कलन गर्ने अफिसमा १० वर्ष कार्यरत भएको जानकारी पाइन्छ ।

### ३.४.२ राजनीतिक व्यक्तित्व

राजनीतिक धारणा र व्यक्तित्व चरित्रको समीक्षा गर्दा भेटवाल निकै गहकिलो रहेको पाइन्छ । उनका विचारमा राजनीतिमा इमानदारिताको प्रजातान्त्रिक समाजलाई नजिकबाट बुझ्दै प्रजातन्त्रमा जनताको आवाजलाई बढी मुखरित गर्दै विकास मार्गलाई शिरोधार्य गर्ने राजनीतिज्ञ र राजनीतिक दलको नेपालमा खाँचो रहेको महसुस भएको तथ्य उनका कृतिहरूबाट स्पष्ट रूपमा बुझ्न् सकिन्छ । प्रजातन्त्र एउटा त्यो व्यवस्था हो जहाँ उन्नति र प्रगतिको निम्ति गरिब देशहरूलाई विकासको अग्रगामी परिवर्तनतिर लानका निम्ति र जनताको प्रगतिलाई धकेल्नका निम्ति अति महत्त्वपूर्ण रहेको छ । प्रजातन्त्रमा राजनीति गर्ने राजनेताहरू स्वच्छ, चरित्रवान्, नैतिकवान् भई कुराभन्दा काम र कर्तव्यलाई आफ्नो जिम्मेवारी सम्झी राष्ट्रलाई सबल बनाउनुपर्दछ भन्ने राजनीतिक चेतना उनमा रहेको पाइन्छ ।

### ३.४.३ प्रेरक व्यक्तित्व

भेटवालको बुवा पनि साहित्यिक व्यक्तित्व हुन् । उनी बुवाकै लेखनबाट साहित्यमा आउन प्रेरक भएको वताउँछिन् । त्यसपछि अहिलेको सङ्क्रमणकालीन देशको अवस्थाले गर्दा आम युवाहरूमा काम गर्ने, नवीन विषयहरूमाथि गहन अध्ययन अनुसन्धान गर्ने वातावरण सहज नहुँदा उनीहरूमा नैराश्य भाव उत्पन्न भएको बताउँछिन् । शैक्षिक प्रमाणपत्र हातमा भए पनि सोहीअनुरूप रोजगारी, सेवा सुविधाको व्यवस्था सरकारी पक्षबाट हुन सकको छैन । यसले गर्दा युवा पुस्तामा नैराश्यता छाएको छ । बिदेसिन बाध्य छन् । यस्तो अवस्थामा आफ्नो सम्पर्कमा भएका गाउँ, टोल, छिमेक र शिक्षण संस्थाका युवालाई समाज र देशका लागि केही गर्नु पर्छ भन्ने हौसला र प्रेरणा दिएको पाइन्छ । काम आफैमा सानो ठुलो हुन्न, कर्म ठुलो कुरा हो युवा पुस्तालाई आफ्नो कामलाई व्यावसायिकता दिएर अगाडि बढ्नुपर्ने सुझाव सदैव उनका काको सिलसिलामा अन्य कर्मचारीको आवाजबाट अनुभव

गरेकी हुन् । उनी लक्ष्मी प्रसाद देवकोटाको 'यात्री' कविताबाट विशेष प्रेरक भएको वताउँछिन् ।

### ३.४.४ समाजसेवी व्यक्तित्व

साहित्यकार मात्र नभएर समाजसेवी व्यक्तित्वका रूपमा पहिचान बोकेकी भेटवाल आफ्नै गाउँमा रहेका विभिन्न संघसस्थाहरूसँग आबद्ध रहेकी छन् । विगत लामो समयदेखि सामाजिक कार्यमा समर्पित फोहोर मैला सङ्कलन व्यवस्थापनमा लगभग १० वर्षदेखि जिम्मेवारीका रूपमा कार्य गर्दै आएका छन् ।

## ३.५ हरियामा भेटवालको मूल्याङ्कन

यसरी भेटवालको साहित्यिक पक्षको मूल्याङ्कन गर्दा उनी नारीवादी कथाकार हुन् । उनका प्रत्येक कथाहरू नारी पक्षधरका छन् । सामाजिक सांस्कृतिक र धार्मिक रूपले पछि परेका नेपाली समाजका नारीहरूको हकहितका लागि उनका कथाहरू आन्दोलित छन् । कथाका विषयवस्तु सत्य घटनामा आधारित लाग्छन् । गरिबीका कारण नारी वर्गले भोग्न परेका दुर्नियतिहरूलाई संवेदनशील रूपमा प्रस्तुत गर्ने भेटवाल प्रगतिशील चेतनाका हिमायती भएका कारण नारी पात्रहरूलाई चेतना र विद्रोहका लागि आन्दोलित बनाएकी छन् ।

## ३.६ निष्कर्ष

बहुमुखी प्रतिभाकी धनी हरिमाया भेटवालको जीवनी अध्ययन गर्दा उनी साहित्यका कविता, कथा र नाटक जस्ता विधामा बढी कलम चलाएकी छन् । उनका नाटकहरू आधा दर्जन भन्दा बढी काठमाडौँका विभिन्न स्थानमा मञ्चन भएका छन् । उनको कतामरी नाटक नेपाल सरकारको तर्फबाट दक्षिण कोरियामा मञ्चन भएको थियो । उनले विदेश भ्रमणमा थुप्रै अनुभव पनि बटुलेकी छन् । विभिन्न संघसंस्थाहरूमा आबद्ध रही कार्य गर्दै आएकी भेटवाललाई नेपाली साहित्यमा सफलता प्राप्त गरेका सम्मान तथा पुरस्कारबाट हुन्छ । नारीहरूले भोगेका पीडा, वेदना, शोषण दमनलाई मुख्य विषय बनाएर लेखिएका उनका कथाहरू प्रगतिशील यथार्थवादमा आधारित छन् । समसामयिक विषयमा नवीनता प्रदान गर्दै कलम चलाउने हरिमाया भेटवाल शक्तिशाली नारी कथाकार हुन् । विभिन्न पुरस्कारले विभूषित कथाकार भेटवाल समसामयिक विषयवस्तुमा युगीन यथार्थलाई आत्मसात् गर्ने नारीवादी कथाकार हुन् ।

# चौथो परिच्छेद

# हरिमाया भेटवालको कृतित्व

## ४.१ विषयप्रवेश

हरिमाया भेटवालको साहित्य लेखनका सन्दर्भमा *दोस्रो दर्जा* (कथासङ्ग्रह :२०६३/६४) *मैनका मान्छेहरू* (कथासङ्ग्रह : २०६८), *आहाल* (नाटकसङ्ग्रह : २०६९) *बाटो खोज्दै बाटोमा* (कवितासङ्ग्रह : २०७२) र *कल्ली* (उपन्यास : २०७३) कृतिहरू प्रकाशित छन् । वि.स २०५५ मा *बोक्सीहरू छैनन्* र *हराएकाहरू* शीर्षकको नाटकहरू प्रकाशित गरेर साहित्यिक यात्राको थालनी गरेकी हुन् । भेटवालका कथाहरूमा सामाजिक, आर्थिक र सांस्कृतिक रूपले महिलाहरूमाथि हुने गरेका दमन, शोषण, भेदभाव, पुरुष मानसिकता एवम् गरिबीको कारण नारी वर्गले भोग्नुपरेका नियतिहरूलाई प्रस्तुत गरिएको छ । भेटवाललाई प्रगतिवादी चेतना भएकी नारी लेखनका रूपमा चिन्न सकिन्छ । यी बाहेक उनका कथा, कविता, नाटक पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । भेटवाललाई प्रगतिवादी कथाकारका रूपमा परिचित भएकी छन् । प्रस्तुत शोधकार्यमा उनका साहित्यिक कृतिहरूको विश्लेषण तत्सम्बन्धी विधातत्वका आधारमा गरिएको छ । यसरी प्रस्तुत परिच्छेदमा विधातत्वका आधारमा भेटवालका कृतिहरूको विश्लेषण गरेर उनको कृतित्व ठम्याइएको छ ।

## ४.२. भेटवालको कृतित्वको विवरण

काव्याकृतिको विश्लेषण गर्दा भेटवालले रचना गरेका कथाहरूको विश्लेषण कथातत्वका आधारमा गरिएको छ । उनले कथा, नाटक, उपन्यासको रचनातर्फ कलम चलेको पाइन्छ ।

## ४.३ दोस्रो दर्जा कथासङ्ग्रहको विश्लेषण

यस परिच्छेदमा कथाको सामान्य परिचय र कथातत्वका आधारमा *दोस्रो दर्जा* कथासङ्ग्रहको विश्लेषण गरिएको छ । कथा संस्कृत भाषाबाट नेपाली भाषामा आएर प्रयोग भएको तत्सम वर्गको शब्द हो । कथ् धातुमा आ. प्रत्यय लागेर ‘कथ’ शब्द बन्ने र उक्त ‘कथ’ मा टाप् प्रत्यय लागी कथा शब्दको निर्माण भएको हो । कथा शब्दको शाब्दिक अर्थ

कुनै कुराको कथन भन्ने हुन्छ । यस किसिमको शाब्दिक अर्थबाट कथाको मूलस्रोत कथ्य नै भन्ने बोध हुन्छ । लेख्य भाषाको प्रारम्भ हुनुभन्दा अगाडि नै मानव समाजमा कथा भन्ने र सुन्ने परम्परा बसिसकेको हुनुपर्छ भन्ने तर्क पनि कथाको शाब्दिक अर्थले पुष्टि गर्दछ (पाण्डेय, २०६३) ।

यस परिच्छेदमा हरिमाया भेटवालका दोस्रो दर्जा कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूको विधातत्वका आधारमा अध्ययन र विश्लेषण गरिएको छ । हरिमाया भेटवालको *दोस्रो दर्जा* प्रकाशित पहिलो कथासङ्ग्रह हो । २०६३ सालमा एसिया पब्लिकेसनद्वारा प्रकाशन भएको हो । बाह्रवटा कथाहरूको सङ्कलन रहेको यस कृतिमा नारी मनोभावना र भावनात्मक अभिव्यक्तिलाई लिपिबद्ध गरिएको छ । समाजवादी यथार्थवादी धरातलमा टेकेर सामाजिक विकृति र विसङ्गतिको लेखाजोखा यस कथासङ्ग्रहले गरेको छ ।

### **४.३.१ सानी कथाको विश्लेषण**

कथाकार भेटवालको 'सानी' *दोस्रो दर्जा* कथासङ्ग्रहमा सङ्ग्रहीत पहिलो कथा हो । यो सामाजिक यथार्थवादी प्रगतिवादी दृष्टि अङ्गालेर लेखिएको कथा हो । यसमा अशिक्षा र चेतनाको अभावका कारण हुने परम्परागत बुहार्तनको यथार्थ चित्रण गरिएको छ ।

प्रस्तुत कथाकी मुख्य पात्र सानी हुन् । उनलाई सधैं खान लगाउनको अभाव हुन्छ । भाले वासेदेखि उठेर उसको उचाइ बराबरको गाग्रीमा टाढाको पँधेराबाट पानी ल्याउनेदेखि लिएर घरका सारा काम सकेर भेडाबाखा जङ्गल लैजानु उसको दिनचर्या नै हुन्छ । घरमा मीठामिठा परिकार पाके पनि त्यो खाउँला भन्ने आसा नगरे हुन्छ । अरुले खाएर बाँकी भएका रहलपहल जूठोपुरो खान बाध्य हुन्छ । यस कथाका परिवार मध्यम वर्गको भए पनि त्यो घरकी बुहारीले निम्न स्तरको जीवन जिउनुपर्ने अवस्थाको चित्रण छ । बुहारीमाथि गरिने अन्याय र अत्याचारको जीवन्त चित्रण यस कथामा गरिएको छ ।

यस कथाको प्रमुख पात्र सानी हो । कथानकको आरम्भदेखि अन्त्यसम्म म पात्रको भूमिका सक्रिय पाइन्छ । कथामा घटित अधिकांश घटनाहरूमा म पात्रको उपस्थिति रहेको छ । सानी यस कथाकी स्थिर अनुकूल पात्र हो भने आबद्धताका आधारमा बद्ध चरित्र हो । कथामा सासू सहायक पात्र हो । बुहारीलाई निम्न स्तरको जीवन बिताउन विवश पार्ने

प्रतिकूल परम्परागत संस्कार ग्रस्त पात्रका रूपमा सासूलाई राखिएको छ । गोपाले, देवर, बा, आमा गौणपात्रका रूपमा आएका छन् ।

प्रस्तुत 'सानी' कथा गाउँले परिवेशमा लेखिएको छ । गाउँले मानिसहरूको जीवन्त चित्रण यस कथामा गरिएको छ । भालेको डाकमा उठ्ने, घर लिप्ने, आँगन बढार्न, साजी पानी भर्न, कुडो पकाउने आदि सबै काम सकेर घाँस दाउरामा जानु पर्ने जस्ता गाउँले परिवेश पाइन्छ । त्यस्तै बुहारी जति नै अशक्त भए पनि परिवारका सबै सदस्यलाई रिझाउनु पर्ने, काम गरेर सबैलाई खुसी पार्नुपर्ने, परिवारका सबै सदस्यले खाएपछि मात्र बुहारीले खानुपर्ने जस्ता अशिक्षित र परम्परावादी सोचाइले ग्रस्त समाजलाई पनि यस कथाले परिवेश बनाएको छ । 'सानी' कथामा प्रथम पुरुष प्रधान केन्द्रीय आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । कथावाचकनै म पात्र रहेको यस कथामा म पात्रको निजी भावाभिव्यक्ति रहेको आन्तरिक दृष्टिविन्दु छ ।

'सानी' कथाको भाषाशैली सरल छ । क्यार्नु, ब्यानब्यानै, यल्लाई, उकिल जस्ता पात्र अनुकूल बोलचालको भाषा प्रयोगले कथा आकर्षक भएको छ । टुकुटुकु, बेस्सरी, सुटुक्क, घुटुक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पाइन्छ । भेडावाखाहरू मान्छे होइनन् त्यसैले पढ्न पाउन्न तर हामी छोरी बुहारीहरू त मान्छे हौ क्यारे ! होइन र ?' (सानी, २०६३ : ४) । जस्ता निपातको प्रयोगले कथालाई अझ स्तरीयता प्रदान गरेको छ । सानी' बालविवाह, नारी पुरुष बिचको विभेद, परम्परावादी सोच तथा बुहारी पनि कसैकी छोरी हो भन्ने नठान्ने सामाजप्रति व्यङ्ग्य गरेर सुधारवादी सोच राखेर लेखिएको कथा हो । छोरी बुहारीले पनि पढ्न पाउनुपर्छ । बुहारी पनि परिवारको सदस्य हो । उसले अरु बराबर अधिकार पाउनुपर्छ भन्ने कथाको उद्देश्य छ । छोरी पराई घरको दास मात्र होइन उसले पनि दाइभाइ सरह पढ्न पाउनुपर्छ भन्ने सन्देश दिएको छ ।

### ४.३.२ सपना बोकेका आँखाहरू कथाको विश्लेषण

दोस्रो दर्जा कथा सङ्ग्रहमा सङ्हित दोस्रो कथाको रूपमा रहेको 'सपना बोकेका आँखाहरू' कथामा वर्गीय जनजीवनको चित्रणलाई मूल विषय बनाएर लेखिएको छ । विदेशमा गएर घरपरिवारलाई सुख सयलमा हुर्काउने सपना लिएर बिदेसिएका एक नेपालीको एक वर्ष नपुग्दै मृत्यु भएपछि परिवारको पीडालाई यस कथाले विषयवस्तु

बनाएको छ । सामाजिक यथार्थवादमा आधारित यस कथामा रैखिक ढाँचाको प्रयोग गरिएको कथाको मुख्य चरित्र सानेकी आमा हो । उसले पन्ध्र वर्ष अघिको कथाको स्मरण गर्छ । सानेकी आमाले दुई छोराछोरीलाई पातलो जाउलो खुवाएर सिकुवाको छेउमा ठूला खाल्डा खनेर त्यसभित्र छोराछोरीलाई राखेर ऊ अर्काको मेला जान्छे । बेलुकी फर्कदा उनीहरू त्यही भित्र निदाइ रहेका हुन्छन् । सानेकी आमाले भोको पेटमा ठूलो पटुका कसेर छोराछोरीको ज्यान थमाएर मात्र पालेकी हुन्छे । बाटुली र सानेले मासु खाने भनेका पनि तीन चार महिना भई सकेको हुन्छ तर सानेकी आमाले सो पूरा गर्न सकेकी हुन्न । एकदिन अगेनाको छेउमा बसेको कुकुरलाई देखाउँदै सानेले भन्छ "आमा ! आमा ! यो कुकुर काटी ……काटी मासु खाने है" (सपना बोकेका आँखाहरू, २०६३ : ९) । यस कथामा देखिएको गरिबीको दारुण चित्रणले पाठकलाई स्तब्ध बनाउँछ । सानेका बाबुको चिठी लिएर एक आगन्तुक आउँछ । उसले चिठी दिएको केही समय पश्चात सानेको बाबुले चिठी लेखेको हप्ता दिन पछि सुतेको ठाउँबाट कहिल्यै नउठ्ने गरी सुते भन्ने खबर भन्दा सानेको आमालाई ठूलों चोट पुग्छ । आखाँभरी नानाथरी सपना लिएर विदेसिएका पतिको मृत्युले ।

सानेकी आमालाई पर्नु पीर पर्छ । पतिले कमाएको पैसाले एक पाखो बारी किनौंला घरमा जस्ता हालौंला, छोराछोरीलाई अङ्ग्रेजी स्कुल पढौंला भन्ने सारा सपना विदेशको कुनै मरुभूमिमा समाप्त भएको छ । कथामा गरिबीको कारुणिक चित्र प्रस्तुत छ । त्यस्तै घर मूलीको मृत्युले परिवारको कति बिचल्ली हुन्छ भन्ने कुरा पनि देखाइएको छ । गरिबीको सपना आँखामा मात्र सीमित हुन्छ, व्यवहारमा सम्भव हुँदैन भन्दै कथावस्तु टुङ्गिएको छ।

'सपना बोकेका आँखाहरू' कथाको मुख्य चरित्र सानेकी आमा हो । कथाको आरम्भदेखि अन्त्यसम्म सानेकी आमाको सक्रिय भूमिक रहेको छ । दिनभरि अर्काको मेला रातको समयमा छाप्रो. चुहिएर छोराछोरीलाई साडी र प्लास्टिक ओढाएर जाग्राम बसेर भए पनि छोराछोरीलाई हुर्काएकी हुन्छे । सानेकी आमा साहसी र स्थिर चरित्र भएकी नारी पात्र हो । पूर्णचन्द्र र साने सहायक पात्रका रूपमा आएका छन् । त्यस्तै बाटुली आगन्तुक, मदनकाका र डाँडाघरे गौण पात्रका रूपमा प्रस्तुत भएका छन् ।

'सपना बोकेका आँखाहरू' कथामा आन्तरिक परिवेशको सिर्जना गरिएको छ । चुहिएको छानो, रोपाइको मैझारो, सिकुवा, मेला जाने जस्ता कुराले ग्रामीण परिवेशलाई झल्काउँछ । यस कथाले निम्न वर्गको जीवन स्तरलाई परिवेश बनाएको छ । अनेक सपना

बोकेर विदेसिने नेपालीहरू जसको लासमात्र नेपाल आइपुग्छ । साहुको ऋण परिवारको थाप्लो माथि परेको कुरालाई यस कथाले चित्रण गरेको छ ।

'सपना बोकेका आँखाहरू' कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथाको आरम्भदेखि अन्त्यसम्म म पात्रको भूमिका केन्द्रीय छ । म पात्रका आफ्ना आत्मानुभूति र पूर्व स्मृतिहरू कथामा यसरी आएका छन् । मेरा आँखा अगाडि मेरै पति उभिरहेका थिए । मैले उनको अनुपस्थितिमा पनि आँखा भरिभरि उनैलाई मात्र देखिरहेकी थिएँ । आज मेरो अनि मेरा छोराछोरीको भविष्य कुनै बिरानो देशमा अन्त्य भएको छ (सपना बोकेका आँखाहरू, २०६३ : ११) । यसरी समग्र कथा प्रथम पुरुषको कथन ढाँचामा आएको छ। त्यसैकारण यस कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ।

'सपना बोकेका आँखाहरू' सरल भाषशैलीमा लेखिएको छ । पात्रअनुकूल भाषाको प्रयोगले कथामा मिठासपन आएको छ । रुखोसुखो, ओखतीमूलो जस्ता समस्त शब्द र टुप्लुक्क, झल्यास जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कथा रोचक भएको छ ।

'सपना बोकेका आँखाहरू' कथाको शीर्षक अभिधात्मक छ । शीर्षक सापेक्ष कथावस्तु रहेको छ । देशको समसामयिक परिस्थिति भनेको नै देशका युवाहरूको विदेशप्रतिको मोह हो । दक्ष युवाशक्ति सबै विदेश गएपछि देशको विकास कसरी सम्भव हुन्छ भन्ने पनि यस कथाले सन्देश दिएको छ । नेपालीहरूले विभिन्न कारणले विदेशमा मृत्युवरण गर्नु पर्दा परिवारले भोगेका पीडाको चित्रण गर्नु नै यस कथाको उद्देश्य रहेको छ ।

### ४.३.३ देश हस्तान्तरण कथाको विश्लेषण

*दोस्रो दर्जा* कथासङ्ग्रहमा सङ्गृहीत तेस्रो कथा 'देश हस्तान्तरण' मा नेपालको दश वर्षे सशस्त्र द्वन्द्वको चित्रण गरिएको छ । पूर्वदीप्ति ढाँचामा लेखिएको यस कथामा माधवीको खुसी र सम्पन्न परिवार द्वन्द्वको चपेटामा परेर तहसनहस भएको कथानक छ । यो कथा वृत्तकारीय ढाँचामा लेखिएको छ । आफ्नो छोरा र पति गुमाएपछि पीडित भएकी माधवीमाथि सामूहिक बलात्कार भएपछि चेतनाविहीन अवस्थामा प्रकाशद्वारा हस्पिटल पुयाइन्छ । हस्पिटलमा अठार दिन पछि अर्धचेत अवस्थाम छोरा पतिसँग कुरा गर्दैगर्दा प्रकाशले विटु र पति शरद् दुई वर्षअघि मारिएका कुरा सम्झाउँछ । त्यसपछि माधवीलाई बल्ल दुई वर्ष अघिको सारा घटनाहरू झल्झली याद आउँछ । विद्यालयको ट्वाइलेटमा

राखिएको बम पड्केर विट्टुको मृत्यु भएको ताजा घाउमाथि फेरि अर्को नेपालगन्ज जाँदै गर्दा क्रस फायरिङ हुँदा शरद्को मृत्युले माधवीलाई एकपछि अर्को पीडा थपिँदै जान्छ । यसरी एकपछि अर्को पीडा थपिदै गए पनि बाँच्नु पर्छ नै । जसोतसो मनका व्यथा वेदनाहरूसँग सम्झौता गर्दै दिनरातहरू बिताउन थाल्छिन् । तर फेरि बिचरी माधवीमाथि अर्को पहाड किचिन्छ । एक सुनसान रातमा एक्कासि ढोका ढकढक गर्दै अपरिचित मान्छेहरूले माघवीको इज्जवत लुट्छन् । जब चेतना आउँछ तब माधवीमाथि मानव अधिकारवादी र पत्रकारहरूले हजार प्रश्न गरिरहेका हुन्छन् । यसरी यस कथामा कथाकारले सशस्त्र युद्धकालमा कसैको जिउधनको सुरक्षा थिएन । जो पनि लुटिन्थे, मारिन्थे, बलात्कृत हुन्थे, अपहरणमा पर्थे भन्ने देखाएका छन् । कसैको स्वार्थीपन र कसैको नयाँ नेपाल बनाउने अभिलाषाले गर्दा लाखौँ नेपालीहरू द्वन्द्वको चपेटामा परेका छन् तर त्यसको सही नतिजा भावि पुस्ताले पाउँछन् या फेरि यस्तै मार जनताले खेप्नुपर्छ भन्ने यस कथाबाट पुष्टि हुन्छ । माओवादी पक्ष र राज्यपक्षका सेनाहरूबाट गरिएको अमानवीय र त्रासदीपूर्ण घटनालाई यस कथाले यथार्थ ढंगबाट प्रस्तुत गरेको छ । कति जनता अंगभग भए, कति निःसन्तान  भए, कतिको सिउँदो पुछियो, कति बलात्कृत भए भन्ने यथार्थ कुरा यस कथा मार्फत पाउन सकिन्छ ।

'देश हस्तान्तरण' प्रमुख चरित्र माधवी हो । परिवारका सबै सदस्य गुमाएर पनि बाँच्न विवश माधवीलाई कथाको प्रारम्भदेखि अन्त्यसम्म प्रमुख भूमिकाको रूपमा राखिएको छ । माधवीलाई स्थिर मञ्चीय पात्रको रूपमा राखिएको छ । त्यस्तै प्रकाश र शरद् यस कथाका सहायक पात्र हुन् । प्रकाश माधवीको छिमेकी र नजीकका देवर हुन् । माधवीलाई दुःख परेका बेलामा सहानुभूति र सहयोग गर्ने असल चरित्र हो । प्रकाश अनुकूल र बद्ध पात्रको रूपमा आएको छ । शरद् पनि यसको सहायक पात्रका रूपमा आएको छ । बिटुको मृत्यु हुँदा शरद्ले माधवीलाई सम्झाएका थिए । उसले माधवीको भित्री घाउमा मलमहम लगाउने काम गरेको छ र माधवीलाई जीउने हौसला प्रदान गर्ने असल पुरुष पात्रको रूपमा राखिएको छ । कथामा प्रयुक्त अन्य पात्रहरू जस्तै डाक्टर, नर्स, मानव अधिकारवादीहरू, प्रहरीहरू र गौणपात्रका रूपमा आएका छन् ।

'देश हस्तान्तरण' कथा सहरी परिवेशमा लेखिएको छ । माओवादी द्वन्द्वको समयमा आमनेपाली जनसमुदायले भोगेका पीडा, यातना, हत्या, हिंसा र बलात्कारका घटना क्रमिक रूपमा यथार्थ तवरले व्यक्त गरिएको छ । अस्पताल, बोर्डिङ स्कूल, अफिस, डाक्टर, नर्स,

मानव अधिकारवादी आदिको वर्णनले सहरी परिवेशको चित्रण जनाएको छ।

'देशहस्तान्तरण' कथा आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । म पात्रका आफ्ना आत्मानुभूति र पूर्वस्मृतिहरू नै प्रथम पुरुष कथन ढाँचामा लेखिएकाले यसमा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ ।

'देश हस्तान्तरण' सरल भाषाशैलीको प्रयोग गरिएको छ । सरसामान, खानलगाउन, जीवनसाथी जस्ता समस्त शब्दहरूको प्रयोग छ त्यस्तै जुरुक्क, घुटुक्क, सलक्क, टलक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथा मिठासमय भएको छ । त्यस्तै तरकारी चिटचिट जस्ता द्वित्व शब्दको पनि प्रयोग भएको छ । यस कथामा संवादको प्रशस्त प्रयोग गरिएको छ । जस्तै : ँकसलाई खोज्नुभएको ?" सर्सर्ती सोध्छु ँतपाईलाई ...तपाईलाई नै खोजेका हौं हामीले, तिनीहरू सर्सर्ती भित्रपस्दै जवाफ फर्काउँछन् । ँके काम छ यहाँ म ...... "म बौल्दै थिएँ । ँथाहा छ एक्लै हुनुहुन्छ त्यसैले तपाईको एकापनलाई दूर गर्नका लागि टाढैबाट आएको हौं"हामी" । यस कथामा उखान टुक्काको पनि प्रयोग भएको छ। 'निचोरिएका कागतीको बोक्रा जस्तो आँसुको पोखरीको एक्लो कमल बनेर, तिमी त जन्दगीको रंगीन गुलाफ हौ' । 'म जस्तै कमल पनि फुलिरहेका रहेछन्' जस्ता प्रतीकको पनि प्रयोग भएको छ ।

'देश हस्तान्तरण' उद्देश्य माधवीको मानसिकताको चित्रण गरेर तत्कालीन समयको यथार्थता प्रस्तुत गर्नु हो । माओवादी द्वन्द्वको समयमा कसैको पनि जिउधनको सुरक्षा नभएरको कुराको चित्रण गरिएको छ । यस कथामा एक निर्दोष परिवार जो चाहिँ दुःख गरेर अफिस गर्दै छोरा राम्रोसँग पढाएर भविष्यको सुनौलो जीवनको कल्पना गरेर छोराको उज्ज्वल भविष्यका निम्ति आमाबुबाले दुःख गरेको तर त्यस्तो परिवार बम र दोहोरो भिडन्तको सिकार भएको कुरा देखाएको छ । द्वन्द्वकालीन समयको यथार्थ कथाव्यथाको चित्रण गर्नु नै यस कथाको उद्देश्य रहेको छ ।

### ४.३.४ चिहान डाँडामा कथाको विश्लेषण

*दोस्रो दर्जा* कथासङ्ग्रहभित्र सङ्गृहीत 'चिहान डाँडा" मा चौथो कथा हो । 'चिहान डाँडा" कथामा दस वर्षे माओवादी द्वन्द्वकालीन नेपालको समयमा जनताको असुरक्षाको

प्रस्तुति पाइन्छ । रैखिक ढाँचामा लेखिएको यस कथामा नगरकोट हत्याकाण्डको यथार्थ झल्किएको छ ।

'चिहान डाँडा' प्रमुख पात्र म (सपनी) हुन्छ । यस कथामा गाउँलेहरू रमाइलो गरेर दुःख बिर्सन काली मन्दिरमा जम्मा भएका हुन्छन् । गाउँलेहरू सपनी र दीपक बिचको दोहोरी हेर्नका निम्ति रातै बसेका हुन्छन् । सपनीको स्वर निकै राम्रो भएको र उसले गएको वर्ष गाएको गीतको पनि गाउँलेहरूले प्रशंसा गरेको कुरा सपनीका हजुरबा गर्छन् । सपनी पनि दङ्ग परेकी हुन्छे उसको स्वर र गीतको प्रशंसा गरेको सुनेर । सपनीको स्वर राम्रो भएर पनि एल्बम निकाल्न सक्ने क्षमता देखिँदैन । सपनीलाई दीपकसँग दोहोरीमा हारेर जान मन छ । दीपकलाई भित्रैदेखि मन पराउँछे । दीपक र सपनीको दोहोरी चलिरहेको हुन्छ । गाउँलेहरू तालमा ताल मिलाएर नाच्दै गाउँदै रमाइरहेका बेला एक्कासि एक जना पिएको मान्छे आएर सपनीलाई च्याप्प समात्छ । आफ्नी प्रेमिकालाई दोस्रो व्यक्तिले समाएको देखेर दीपकले प्रतिकार गर्छ । दीपकलाई तिघ्रामा गहिरो घाउ हुन्छ । दीपकको घाउ देखेर सपनीलाई अझ धेरै माया बस्दछ । दुई जनाको मायाप्रेम आँखाको इसाराबाट हुन्छ ।

त्यसपछि त्यो मान्छे बेपत्ता हुन्छ । गाउँलेहरूले अगाडिको तीतो कुरा बिर्सेर फेरि नाचगान गरेर रमाइलो गर्न थाल्छन् । दीपक र सपनीको गीतको रन्को झन् बढ्छ । यसै बीच यटर्‍याटको आवाज सुनिन्छ । सपनीको बा, आमा, दीपक लगायत धेरै गाउलेहरू ढलिसकेका हुन्छन् । सपनीलाई यो सबै कुरा सपना जस्तो लाग्छ । उसलाई होस आएर आँखा खुल्दा उसलाई माया गर्ने दीपक लगायत बा, आमा, भाउजू, गाउँले काका सबैलाई बली चढाइ सकिएको हुन्छ । रगतको आहालमा चुर्लम्म डुबेर अरू सबैको कालीमन्दिरमा बली चढाइएको देखेर सपनीलाई पनि विपनामा फर्कनै मन पर्दैन तर आफ्नै आँखाको अगाडि दीपक बा, आमा, भाउजूको बली चढाएको देख्नु पर्दा सपनीलाई असह्य पीडा हुन्छ ।

यसरी 'चिहान डाँडा' कथामा दशवर्षे युद्धताका घटेका नगरकोट हत्याकाण्डको चित्रण गर्ने प्रयास गरिएको छ । सशस्त्र युद्धको बेला आम जनतामाथि गरिएको अमानवीय, त्रासदीपूर्ण व्यवहारको पर्दाफास गरिएको छ । चिहानडाँडामा कथामा मुख्य चरित्र म ( सपनी) हो । सपनीको स्वर राम्रो भएर पनि मेला र चाडपर्वमा गीत गाएर श्रोताहरूलाई मनोरञ्जन गराउनु बाहेक आफैंले क्यासेट निकाल्ने क्षमता छैन । सपनीले दीपकलाई

असाध्यै प्रेम गर्छ । दोहोरीमा पनि दीपकसँग हारेर उसँगै जान भित्री इच्छा हुन्छ तर दीपकले सपनीलाई गीत गाएर हराउन नसकेकोमा सपनीको मन रुन्छ । जीवनभर दीपकसँग बस्ने मन छ । दीपकले गीतमा हराउन नसक्दा छटपटी हुन्छ बेचैन जस्तो मन हुन्छ । यस कथामा सपनीलाई स्थिर, मञ्चीय र बद्ध पात्रको रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै अपरिचित मान्छेलाई पनि सहायक पात्रका रूपमा राखिएको छ । रक्सी खाएर निर्दोष मान्छेहरूमाथि अन्धाधुन्ध गोली चलाउने हत्याराको रूपमा उसलाई राखिएको छ । मञ्चीय र प्रतिकूल पुरुष पात्रका रूपमा उसलाई प्रस्तुत गरिएको छ । त्यस्तै भगवान् काका, आइतेकाका, बा, आमा, भाउजू, फुच्ची आदिलाई गौणपात्रका रूपमा राखिएका छन् ।

चिहान डाँडामा गाउँले परिवेशमा लेखिएको छ । साथीहरू गाउँलेहरू मिलेर मेला भर्न जानु, दोहोरी खेल्नु, दाम्लो बाट्नु मेलामा रातभरि रमाइलो गरेर बस्नु, टगारोले बार्नु आदि ग्रामीण परिवेश हुन् । त्यस्तै एक व्यक्तिको लापरवाहीले गर्दा दुई प्रेमप्रेमिका बिछोड हुनु, परिवारका सदस्य गुमाउनु, निर्दोष गाउँलेहरूमाथि अन्धाधुन्धगोलीको वर्षा हुनु जस्तो दृश्यले गर्दा दसवर्षे माओवादी जनयुद्धको चित्रण गरिएको छ । त्यस्तै राम्रो स्वर भएर पनि आर्थिक अवस्थाको कारण प्रचारप्रसार गर्न नसक्दा मेला र चाडपर्वमा मात्र गीत गाएर स्वर देखाउनु बाहेक अरू विकल्प नरहेको यथार्थ चित्रण प्रस्तुत गरिएको छ । 'चिहानडाँडामा' कथा प्रथम पुरुष शैलीमा लेखिएको छ । कथावाचकले म पात्रको रूपमा रहेर सबै घटनाहरूको वर्णन गरेकाले यसमा प्रथम दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

'चिहान डाँडा' गाउँले बोलीचालीको भाषा प्रयोग पाइन्छ । त्यस्तै हल्लाखल्ला, हतारहतार, बारम्बार जस्ता द्वित्व शब्दहरूको साथै पटक्कै, सर्लक्क, लमतन्न गजक्क, हुरुक्क, भुलुक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथा निकै रोचक बनेको छ । त्यस्तै हाम्लाई त्यसो भनेसी, निदारा, आत्मले मन्दिराँ जस्ता स्थानीय शब्दहरूको प्रशस्त मात्रामा प्रयोग भएको छ । पो, क्यारे, रे है, नि जस्ता निपातको प्रयोगले कथालाई अझ स्तरीय बनाएको छ ।

*चिहान डाँडामा* कथामा द्वन्द्वकालीन अवस्थामा निर्दोष जनतामाथि कसरी अमानवीय र बर्बरतापूर्ण तरिकाले गोलीहरू बर्साएर हत्या गरियो भन्ने कुरा देखाउनु यस कथाको उद्देश्य देखिन्छ । एक जना पिएको मान्छेको लापरबाही दम्भका कारण कसरी एक अर्का

विना बाच्न नसक्ने अवस्थामा पुगेको प्रेमीहरू छुट्टिन पुगे, सन्तानहरू टुहुरा भए, कति जना निःसन्तान भए भन्ने कुराको चित्रण यस कथाले गरेको छ ।

### ४.३.५ करी कथाको विश्लेषण

*दोस्रो दर्जा* कथासङ्ग्रहमा सङ्गृहीत 'करी' 'करी' हो । वृत्तकारीय ढाँचामा लेखिएको 'करी' कथा सामाजिक यथार्थमा आधारित छ । बिहे गर्नु पर्छ तर त्यसलाई राम्ररी वहन गर्न नसक्दा दोस्रो पल्टसम्म बिहे गर्दा पनि सफल हुन नसकेको कुरा देखाएर लोग्नेस्वास्नीले एकले अर्कोको कदर गर्नुपर्छ भन्ने कुरा देखाइएको छ ।

'करी' कथाको मुख्य पात्र म (पुष्कर) हो । ऊ गाउँदेखि काठमाडौँमा जागिर खोज्न वर्षौं अगाडि आएको हुन्छ । जागिरसँगै उसले प्रशस्त साथी भाइ पनि बनाउँछ । त्यसमध्ये उषा पनि हुन्छ । उषासँगको मित्रता विस्तारै बिहेमा रूपान्तरण हुन्छ । तर उनीहरूको वैवाहिक जीवन लामो समयसम्म रहन सक्तैन । उषाले पनि पुष्करको ठाँउमा प्रकाशलाई रोजेर हिँड्छे । पुष्करले धेरै प्रयास गर्छ उषालाई रोक्न तर सम्भव हुँदैन । पुष्करको एक्लो जीवनमा कर्णेल जयसिंहले करिस्मालाई जुराइ दिन्छ । उषा पोइल हिँडेपछि पुष्करले करीलाई धेरै माया गरेर राख्छ । करीलाई कुनै कुराको पनि कमी हुन दिँदैन । तर जति नै माया गरे पनि एकदिन करी पनि त्यही कर्णल जयसिंहसित हिँड्छे । जब पुष्करलाई दुवै श्रीमतीले छाडेर जान्छन् तब उसले आफ्ना दुई जना श्रीमतीहरूलाई तुलना गर्छ । उनीहरूसँग बिताएका, उनीहरूको बानीव्यहोरा सबै सम्झन्छ । आखिरमा उसले निचोड निकाल्छ । पुष्करलाई करी भन्दा उषा असल लाग्छ त्यसबेला उषाको इज्जत गरेको भए सायद दोस्रो बिहे गर्नु पर्दैनथ्यो । उषाले धनसम्पत्ति मात्र होइन मन चाहिन्छ माया चाहिन्छ साथ चाहिन्छ भनेर पटक पटक मागेकी हुन्छे तर त्यसबेला पुष्कर भने पैसाको बिटालाई माया गर्थ्यो । उषाको कुरा सुनेर दिक्क लाग्थ्यो । त्यसैले पुष्करले करीलाई धेरै माया दियो । तर करीले आफ्नो प्रेमी कर्णेल जयसिंहलाई प्रेम गर्थी आखिरमा उसैसित हिँडी ।

यसरी 'करी' कथामा बिहे गरेपछि त्यसलाई अटल राख्न पतिले पत्नीको र पत्नीले पनि पतिको सम्मान गर्न जान्नुपर्छ नत्र भए विहे पनि समाजमा एक विसङ्गतिका रूपमा जान सक्छ भन्ने कुरा देखाइएको छ।

करी कथाका मुख्य चरित्र पुष्कर हो । पुष्करले दुई जना बिहे गरे पनि कसैको साथ पाउँदैन । जब दुई जनाले नै छाडेर गएपछि उसले दुवै जनालाई तुलना गर्दा दोस्रोभन्दा पहिलाकी नै असल भएको निचोड निकाल्छ । उषाको मागलाई पूरा गर्न नसकेको भन्दै पछुताउँछ । त्यसैले ऊ यस कथाको प्रमुख तर गतिशील पात्र हो । त्यस्तै सहायक पात्रका रूपमा उषा र करीलाई राखिएका छन् । उषालाई अनुकूल नेपथ्य पात्रका रूपमा राखिएको छ भने करीलाई प्रतिकूल नारी पात्रका रूपमा राखिएको छ । त्यस्तै कर्णेल, प्रकाश आदि गौण पात्रका रूपमा रहेका छन् ।

करी कथाले काठमाडौँलाई परिवेश बनाएको छ । जागिर खोज्ने स्थल राजधानीलाई रोजेको छ, यहाँका स्वार्थी साथीहरूको सङ्गत पार्टीमा रमाइलो नाचगान, खानपिनको विविधता जस्ता कुराले काठमाडौँको हुने खाने विलासी जीवनलाई पनि परिवेश बनाएको छ । त्यस्तै यस कथाले बिहे भन्ने कुरा एक पटक अथवा बाध्यताले दुई पकटसम्म पनि हुन्छ तर त्योभन्दा बढी भनेको बिहे भन्ने कुरा पुतलीको खेल जस्तो ठान्ने व्यक्तिको लागि व्यङ्ग्य गरिएकाे छ ।

### ४.३.६ प्रहार कथाको विश्लेषण

व्यक्तिको नाटकीय माया जालले गर्दा उसले त्यस्तो नर्कको जीवन बिताउनु परेको कुरा बताउँछे । रचना (विमला) आफ्नो पतिसँग असन्तुष्ट भएर दोस्रो पुरुषसँग बढी ऐस आरामको जिन्दगी बिताउने चाहनाले गर्दा हिँड्छे तर त्यो मान्छेले रचनालाई ग्राहक बटुलेर तिनीहरूको इच्छा मुताबिक काम गर्न विवश पार्छ । त्यही रचनाबाट उठाएको पैसाले त्यो मान्छेले आरामको जिन्दगी बिताइरहेको कुरा गर्छ । 'म' पात्रले रचनाको यस्तो दयनीय अवस्था देखेर बिचरा बाहेक केही गर्न नसक्ने बताउँछ । रचना पनि आफूले जुन दिन लोग्नेलाई छाडेर हिँडी त्यही दिन मरेतुल्य भएकी भन्छे । अहिले भएकी त विमला हो । उसको आफ्नै उच्च आकांक्षाले गर्दा यो दलदलमा फसेकी हो र त्यहाँबाट निस्केर बाहिरी संसारमा मुख देखाउन पनि नसक्ने कुरा भन्छे । दुवैजनालाई नराम्रो लाग्छ, रचना रुन्छे, पछुताउछे तर म पात्रले सहानुभूति बाहेक केही गर्न नसक्ने बताउँछ । यसरी कथा वियोगान्त रूपले टुङ्गिएको छ । यसरी यस कथामा विलासी जीवन बिताउने सपना देखेर दोस्रो व्यक्तिलाई विश्वास गरेर हिँड्दा फस्न सकिन्छ भन्ने कुरा देखाइएको छ।

प्रस्तुत 'प्रहार' कथाको मुख्य पात्र म हो । काठमाडौँदेखि विराटनगरमा एक सेमिनारमा भाग लिन जाँदा एक साथीले अल्छी लाग्दाको समय भनेर फोन नम्बर दिएको हुन्छ । त्यो . फोनबाट भएको भेटघाट अरू कुनै नभएर आफ्नै पत्नी हुन्छे । म पात्रलाई पत्नीको यस्तो रूप देखेर दया लाग्छ तर केही गर्न सक्दैन । एक कोठीमा भेट्दा उसलाई पत्नीप्रति घृणा लाग्छ । म पात्र मञ्चिय पुरुष पात्र हो । त्यस्तै विमला पनि प्रमुख पात्र हो । उसलाई गतिशील पात्रको रूपमा राखिएको छ । सुरुमा लोग्ने छोडेर जान्छे पछि पछुताउँछ । उसलाई पनि मञ्चिय पात्रको रूपमा प्रस्तुत गरिएको छ । विमलाको दोस्रो लाग्नेलाई सहायक पात्रको रूपमा राखिएको छ । एक नारीलाई रंगीन सपना देखाएर बेश्या पेशा अपनाउन बाध्य बनाउने खराब पात्र हो । प्रतिकूल नेपथ्य पुरुष पात्रको रूपमा त्यो व्यक्तिलाई राखिएको छ । यादव, भुसतिधे, मगर्नी दिदी यस कथाका गौण पात्रका रूपमा आएका छन्।

प्रस्तुत 'प्रहार' कथा सहरी परिवेशमा लेखिएको छ । सेमिनार विराटनगरमै हुनु, रिक्सा चढ्नु, पङ्खा चलाउनु जस्ता कुराले विराटनगरको आसपासलाई परिवेश बनाएको छ । त्यस्तै यस कथामा आफ्नो घर गृहस्थीबाट सुन्तुष्टि नभएर परपुरुषको रंगीन सपनामा लोभिएर हिड्दा दुःखद जीवन बिताउनु पर्छ भन्ने कुरा देखाइएको छ । मान्छेमा बढी लोभ र तृष्णाले गर्दा उसले आफ्नो स्वाभिमानलाई गुमाएर मान्छेको अगाडि नाङ्गिनु पर्छ भन्ने यथार्थता र बाध्यतालाई अत्यन्तै कारुणिक रूपमा प्रस्तुत गरिएको छ ।

'प्रहार' कथा सामाजिक यथार्थमा आधारित कथा हो । यस कथामा आफ्नो लोग्ने छाडेर परपुरुषको नाटकीय मायामा फसेर वेश्या बन्न बाध्य भएकी नारीको सोही वेश्यालयमा आफ्नो पूर्व पतिसँग भेट भएको कुरा छ । म पात्रको विमलासँग भेट हुनुभन्दा अगाडि विमलाको बारेमा तृतीय पुरुष शैलीको प्रयोग गरिएको छ । कथामा धेरै जसो म पात्रले प्रथम पुरुष शैली व्यक्ति गरेको छ । जब विमला र म पात्र विचको भेट हुन्छ तव कथावस्तु प्रथम पुरुष शैलीमा अगाढि बढेको छ । यसरी यस कथामा प्रथम दृष्टिविन्दु र बाह्य गरी दुवै दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

'प्रहार' कथामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । थोरै पात्रको प्रयोग गरिएको यस कथामा मान्छे आफ्नै कारणले दुःख र सुखको भागीदार बन्छ भन्ने कुरा देखाइएको छ । कथामा प्रशस्त संवादहरूको प्रयोग गरिएको छ । जस्तै ँसुन्नुस त एउटा बिन्ती गर्छ ँभने के

भन्नु छ ? ँअर्को बिहे गर्नुस् न है".... जस्ता संवादहरू छन् । त्यस्तै सोच्दासोच्दै, घरीघरी, चिटचिट जस्ता द्वित्व भएका शब्दहरू, थचक्क, सुटुक्क, सलक्क, फरक्क जस्ता अनुकरणात्मक शब्दहरू र सेमिनार, इन्ट्रेस्ट, क्यान्डिडेट, रिल्याक्स जस्ता आगन्तुक शब्दहरूको प्रयोगले कथा स्तरीय बनेको छ।

'प्रहार' सामाजिक कथा हो । भएको घरगृहस्थीबाट सन्तुष्ट नभएर सुखको सपना बोकेर परपुरुषको पछि लाग्दा आत्माग्लानि भन्दा केही हात पर्दैन भन्ने कुरा देखाएको छ । सुखको सपना देखेर छोडेको पतिलाई वेश्यालयमा ग्राहक बनेर आएपछि विमलाको ... मानसिकताको चित्रण कथाले गरेको छ।

### ४.३.७ कपासको बिछ्यौना कथाको विश्लेषण

*दोस्रो दर्जा* कथासङ्ग्रहमा सङ्गृहीत 'कपासको बिछ्यौना' सातौं कथा हो । चेलीबेटी बेचबिखनमा आधारित यो वर्गीय कथा हो । रैखिक ढाँचामा लेखिएको यो कथा आफ्नै काकाद्वारा भतिजी बेचिएको कुरा छ । एक टुहुरी भतिजीलाई पालनपोषण गर्ने भन्दै भारतको वेश्यालयमा आफ्नै काकाले बेचेका छन् ।

'कपासको बिछ्यौना' कथाकी प्रमुख 'म' पात्रलाई काकाले सहर पढ्न जाने भन्दै लैजान्छ । बाटामा कहिल्यै लगाउन नपाएको राम्रो लुगा किनिदिँदा काकाको न्यानो मायामा मख्ख परेकी हुन्छ । गाउँघरमा अर्काको घरको जूठोपूरो गरेर बसेकी 'म' मात्रलाई सहरको झिलीमिली बत्ती त्यहाँको मखमलको तन्ना, कपासको बिछ्यौनाले मन लोभ्याउँछ । काकाले स्कुलको ब्याग र किताब किनेर ल्याउने भनेर निस्केको फर्कदैनन । 'म' पात्र काकाको प्रतीक्षामा बसेको बेला एक डरलाग्दो अनुहार भएको मान्छे आएर जबरजस्ती गर्छ । 'म' पात्रले हातमा टोकि दिएर कोठा बाहिर निस्केर त्यहाँ भएकी महिलाहरूलाई आफूमाथि घटेको घटना सुनाउँछे । तर एक महिला जो हिन्दी भाषीले उल्टै गालामा चड्कन लगाइ दिन्छे । 'म' पात्रलाई काकाले बेचेर झोला भरी पैसा लिएर घर फर्केको कुरा बुझ्छ । 'म' पात्रलाई कोठामा जवरजस्ती हुत्याएर पिटिन्छ, कुटिन्छ आफूलाई बचाउने प्रयास गर्दा झयालबाट बाहिर हुतिन्छ । यो कथामा एक टुहुरी जसका बा, आमा, सानैमा मरेका हुन्छन्, उसले गरिब वर्गको प्रतिनिधित्व गरेकी छे भने काकालाई शोषित वर्गमा राखिएको छ ।

हिन्दी भाषी डरलाग्दो अनुहार भएको मान्छेलाई सामन्तवर्गको रूपमा प्रस्तुत गरिएको छ । जो ग्राहक बटुलेर छोराचेलीको रगत चुस्ने नरभक्षीका रूपमा चिनिन्छन् ।

यसरी कपासको विछ्यौना, कथा वर्गीय कथा हो । गाउँ घरमा वल्लो घर पल्लो घर काम सघाउँदै पेट पाल्दैआएकी 'म' पात्रलाई सहरको त्यस्तो तडकभडकप्रति घृणा लाग्न थाल्छ । अब उसलाई कपासको बिछ्यौना, नरम मखमलीको तन्नाले पनि बिझाउँछ, राम्रा लुगाले पनि पोल्छ त्यसैले उसको गाउँले जीवन नै प्यारो लाग्छ ।

प्रस्तुत 'कपासको बिछ्यौना' कथाको मुख्य पात्र 'म' हो । सानैमा टुहुरी भएकीले गाउँघरमा घाँसदाउरा गाईवस्तु चराइ दिने, भाडाकुडा माझिदिएर पेट पाल्दै आएकी 'म' पात्रलाई काकाले पढाइ दिने भन्दै सहर लगर बेचिदिएको प्रस्तुति छ । त्यसैले 'म' पात्र यस कथा की प्रमुख पात्र  हुन् । उनलाई स्थिर र मञ्चीय पात्रका रूपमा राखिएको छ । काका र त्यो मान्छे दुवै प्रतिकूल पात्रहरू हुन् । यस कथामा यी दुवै सहायक पात्रका रूपमा आएका छन् । त्यो मान्छे मञ्चिय पात्र हो भने काका नेपथ्य पात्र हो । दुवै बद्ध पात्र हुन् । त्यस्तै काकी, पान चपाउने आइमाई र नेपाली भाषी दिदी गौण पात्रका रूपमा प्रस्तुत गरिएका छन् ।

प्रस्तुत 'कपासको बिछ्यौना' कथाले बम्बैको कोठीलाई परिवेश बनाएको छ । रङ्गीचङ्गी बिजुली बत्ती कपासको बिछ्यौना, हिन्दी भाषाको प्रचुरता, पान चपाउँदै बोल्नु, कोठी, मालिकनी जस्ता कुराले भारतको कुनै वेश्यालयको वातावरण झल्काउँछ । त्यस्तै गाउँका मुखिया जो चाहि नरम भुवादार मखमलको बिछ्यौनामा बसेर ऐस आरामको जिन्दगी गुजार्छन् तर सोझासिदा गाउँलेहरू तिनै मुखियाको शोषणमा परेर बस्नु बाध्य भएको कुराको पनि चित्रण छ । घाँसदाउरा, गाईवस्तु, भाडाकुँडा, झुप्राभुप्री जस्ता कुराले नेपालको ग्रामीण परिवेशको पनि चित्रण यस कथामा पाइन्छ । गरिब, टुहुरी भतिजीलाई पालनपोषण र शिक्षादीक्षा दिनुको सट्टा भारतको बम्बैमा लगेर बेचेको कुराको चित्रण गरेर स्वार्थी आफन्त, नातागोताको परिवेश बनाएको छ । प्रस्तुत कथा प्रथम दृष्टिविन्दुमा लेखिएको छ । यस कथामा कथावाचक 'म' पात्रका रूपमा रहेर सम्पूर्ण कथावस्तु प्रस्तुत गरेको छ ।

'कपासको बिछ्यौना' कथा सरल भाषामा लेखिएको छ। कथाको मध्य भागदेखि अन्त्यसम्म हिन्दी भाषाको प्रचुरता पाइन्छ । काट्टी है साली, मारडाला, नखडा मतकर, मरनाहो तो अपने कमरे में जाके मर जस्ता प्रशस्त हिन्दी शब्द तथा वाक्यहरू प्रयोग भएका छन् । गजक्क, सरक्क, फटक्क, टुप्लुक्क, टुक्रुक्क जस्ता अनुकरणात्मक शब्दहरू, रुखोसुखो, घरधन्दा, रुँदारूँदै, दुःखैदुःख, जसोतसो जस्ता समस्त शब्दहरूको प्रयोग प्रशस्त मात्रामा रहेको छ ।

'कपासको बिछ्यौना' कथामा आफ्नै काकाले भतिजी बेचेको घटना प्रस्तुत गरिएको छ । सहरमा गाउँमा भन्दा धेरै कुराको सुख हुन्छ भन्दै पढ्नलाई सहर लगेर बेचेको कुरा प्रस्तुत कथामा छ । आफ्नै काकाको पैसा कमाउने लालचले गर्दा भतिजी बेचिएको कुरा छ । नेपालमा चेलीबेटी बेचबिखन जस्तो विकराल समस्या चित्रण गरेर यथार्थ झल्काउनका साथै पैसाका लागि आफ्नै टुहुरी भतिजीलाई खसीबोका बेचेजस्तै बेच्ने नीच काम गर्ने काकाजस्ता व्यक्तिलाई उचित सजाय दिएर यस्तो काम गर्न रोक्ने आवश्यकता भएको कथाकारले देखाएकी छन् ।

### ४.३.८ उसलाई सम्झँदा कथाको विश्लेषण

कथाकार हरिमाया भेटवालको 'उसलाई सम्झँदा' कथा सामाजिक अन्धविश्वासमा आधारित कथा हो । लैंगिक समानताको वकालत गरी लेखिएको यस कथा रैखिक ढाँचामा संरचित छ । यो कथा घटनाप्रधान कथा हो ।

प्रस्तुत कथाको प्रमुख पात्रले २०५९ सालमा वीर अस्पतालको इमर्जेन्सी कक्षमा देखेको घटना नै यस कथाको मुख्य कथा बनेको छ । आमालाई लिएर पटकपटक इमर्जेन्सी कक्षमा जाँदाको एउटा घटनाले 'म' पात्रलाई धेरै प्रभाव पारेपछि सो घटनाका बारेमा नजिक गएर बुझ्छ । एक जना महिला कसैसँग रिसाएर झैं गरी सुतेको देख्छ । केही समय पछि जाँदा सो महिला मृत घोषणा गरी बाहिर निकालिन्छ । 'म' पात्रले महिलाको देवर भुपेन्द्रसँग घटनाको बारेमा विस्तृत जानकारी लिन्छ । भूपेन्द्रका अनुसार उसकी भाउजूले केरामा विष राखेर खाएकी हुन्छे । दाइले तीनजना छोरीलाई सन्तान नठानेर छोरा पाउन भनेर यातना दिएकाले सहन नसकेर विष खाएको खुलासा गर्छ । यस कथामा छोरी र छोरालाई समान भावनाले हेरौं, छोरीलाई हेला नगरौं भन्ने शिक्षा दिएको छ । यस कथाले छोरीलाई सन्तान

नठान्ने र छोरालाई मात्र सन्तान सम्भने सामाजिक प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । हाम्रो समाजमा छोरी र छोरामाथि गहिरो विभेद गरिन्छ । छोरीलाई गर्वमै मारिन्छ र छोरालाई मात्र जन्माइन्छ यस्तो प्रवृत्तिको यस कथाले विरोध गरेको छ।

*उसलाई सम्भँदा* सामाजिक कथा हो । काठमाडौँको वीर अस्पतालको इमर्जेन्सी कक्षा वरिपरिलाई परिवेश बनाएर लेखिएको छ । यस कथाका प्रमुख पात्र 'म' हुन्छ । २०५९ सालको वीर अस्पतालको इमर्जेन्सी कक्षमा 'म' पात्रले देखेको सुनेको घटना नै यस कथाको विषयवस्तु बनेको छ । 'म' पात्रले भूपेन्द्रबाट घटनाको जानकारी लिनु, कथाको अन्त्यमा पनि भूपेन्द्रको विचारलाई कदर गर्नुले प्रमुख मञ्चीय र बद्ध पात्र 'म' हुन् । त्यस्तै यस कथाको सहायक पात्रमा भूपेन्द्र र उसकी भाउजु हुन् । यिनीहरू मञ्चिय र बद्ध पात्रका रूपमा राखिएका छन् । त्यस्तै वृद्ध महिला, मरच्यासे, लोग्ने, डाक्टर, छोरीहरू गौण पात्रका रूपमा राखिएका छन्।

प्रस्तुत 'उसलाई सम्भँदा' कथामा सरकारी हस्पिटलको क्रियाकलापको यथार्थताको प्रस्तुति छ । त्यस्तै छोरा र छोरीमाथि गरिने पक्षपाती व्यावहारलाई पनि कथाले मूल विषय बनाएको छ । महिलाहरू सन्तान जन्माउने मेसिनको रूपमा लिने पुरुष मानसिकताप्रति कथाले व्यङ्ग्य गरेको छ । तीन चार जना छोरी भए पनि छोराको माग राखेर मानसिक यातना दिने प्रवृत्तिलाई कथाले परिवेश बनाएको छ । त्यस्तै यस कथाले सरकारी हस्पिटलबाट बिरामीप्रति गरिने कटुव्यवहारको पनि विरोध गरेको छ । समग्रमा कथाले लैंगिक विभेदको अन्त्य गरौं भन्ने आशय व्यक्त गरेको छ ।

प्रस्तुत 'उसलाई सम्भँदा' कथा घटनाप्रधान कथाका रूपमा देखा पर्छ । कथामा 'म' पात्रको विचारलाई प्रथम पुरुष शैलीमा व्यक्त गरिएको छ । कथाको प्रारम्भदेखि अन्त्यसम्म कथाकारले म पात्रको स्थानमा बसेर प्रथम कथन शैलीमा घटनाहरू प्रस्तुत गरेकाले यो प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ।

प्रस्तुत 'उसलाई सम्भँदा' कथा घटनाप्रधान कथा हो । यसको संरचना अत्यन्त छोटो छ । कथामा टपक्क, घर्‍याक्क, जस्ता अनुकरणात्मक शब्द तथा सोच्दासोच्दै, बोल्दा बोल्दै जस्ता द्वित्व शब्दहरूको प्रयोग गरिएको छ । कथामा इन्डियन, चाइनिज, जापनिज, इसिजी जस्ता आगन्तुक शब्दहरू र रे पो जस्ता निपातहरूको पनि प्रयोग गरिएको छ।

प्रस्तुत 'उसलाई सम्झँदा' कथा लैंगिक समानताको वकालत गरी लेखिएको कथा हो । पत्नीले पतिबाट पाएको यातना खप्न नसकेर आत्महत्या गर्न विवश भएको घटना छ । तीन छोरी भएर पनि छोराको माग राखेर पत्नीलाई यातना दिएर मृत्युको मुखसम्म पुऱ्याउन बाध्य पार्ने पतिको विरोध यस कथाले गरेको छ । हाम्रो समाज परम्परागत रुढी र अन्धविश्वास भन्दा माथि उठ्न नसकेकै कारणले गर्दा कतिपय आमाहरू भित्रभित्रै पीडाबोधले छटपटाएर निरूपाय भई आत्महत्या गर्न बाध्य भएको यथार्थ चित्रण नै यस कथाको मूल उद्देश्य रहेको छ ।

### ४.३.९ टिनको छानो कथाको विश्लेषण

'टिनको छानो' *दोस्रो दर्जा* कथासङ्ग्रहमा सङ्ग्रहीत नवौं कथा हो । वर्गीय ढाँचामा लेखिएको यस कथामा आफ्नै सोतेनी छोरीको बेचविखन गरेको प्रसङ्ग छ । सामाजिक यथार्थवादी प्रगतिवादमा आधारित यस कथामा गरिबीको चरम अवस्थाको कारण सौतेनी छोरी बेचिएको घटना छ। रैखिक ढाँचामा लेखिएको यस कथामा सौतेनी छोरीमाथि गरिने कर्तुतको चित्रण छ ।

'म' पात्रलाई वर्षायाम लागेपछि पीर लाग्छ । परेको पानी छानाबाट बाहिर जाँदैन । सुत्ने, खाने, बस्ने सबै ठाउँ हिलाम्य बन्छ । सानी आमै 'म' पात्रका बासँग छाना नबनाएकोमा रिसाउँछे र चित्त पनि दुखाउँछे । गरिबकामा बिहे गरेर आउनुपर्दा भाग्यलाई सराप्छे । 'म' पात्र पनि सानी आमाको आँखाको तारा नै बन्छ । सानैमा आमा मरेकाले 'म' पात्रलाई सानी आमाले बारुली नामले सम्बोधन गर्छ तर 'म' पात्रलाई बारुली नाम मन पर्दैन । घरमा कहिल्यै राम्रो व्यावहार गर्दैन । 'म' पात्र घरमा घरधन्धा गर्दै भाइ बहिनीहरूसँग बसिरहेको समयमा सानी आमा दुईजना सुकिला मान्छेहरूलाई घर ल्याउँछ । 'म' पात्रलाई उनीहरूको सामुने बोलाउँछे । उनीहरू बीच सानी आमैको घुसघुसे कुरा हुन्छ । अन्त्यमा घर र गोठमा जस्ता र सानी आमैको कान्छी औलामा चारआनीको औठी दिने निर्णय गरेको सुनिन्छ । अन्तमा 'म' पात्रले आफू विक्री भएको कुरा सुन्छे र ती मान्छेहरूले पहिला पनि गाउँमा धेरैलाई किनेर लगेका कुरा 'म' पात्रले सम्झन्छे । तर सानीमाको स्वार्थी प्रवृत्ति र घरगोठमा टिन लगाउने सपनाले गर्दा म पात्र ती मान्छेहरूको पछिपछि लागेर सेतो जस्ताले छाएको घरलाई हेर्दै कथा टुङ्गिएको छ ।

'टिनको छानो' कथामा आमा बित्यो भने छोराछोरीले धेरै दुःख पाउँछन् भन्ने यथार्थ देखाइएको छ । सौतेनी आमाले आमाको माया दिन सक्तैन र मौका मिल्यो भने बेच्न पनि पछि पर्दैन भन्ने कथाले भन्न खोजेको छ ।

प्रस्तुत 'टिनको छानो' कथा वर्गिय कथा हो । यस कथामा गरिबीको कारण चुहिएको घरको छानो फेर्न नसकेको कारण दलालहरूलाई आफ्नै छोरी बेच्नु परेको कथा छ । यस कथाकी प्रमुख पात्र 'म' हो । सौतेनी आमाको इच्छा पूर्ति गर्नका लागि एकदिन पनि नचुहिने घरमा बस्नु नपाइकन ग्राहकको अघि लाग्न विवश भएकी छे । आफ्नो बा, आमा, भाइबहिनी सबैलाई माया गर्ने, घरमा दुःख बुझ्ने र बाआमाको निर्णयलाई चुप लागेर सहने अनुकूल पात्रको रूपमा 'म' पात्रलाई राखिएको छ । यसमा 'म' पात्रलाई स्थिर मञ्चीय र बद्ध पात्रका रूपमा राखिएको छ । त्यस्तै सौतेनी आमा यस कथाको सहायक पात्र हो । ऊ सौतेनी छोरीलाई एकदिन पनि मीठो बोली नबोलाउने तर ग्राहकहरूका अघि भने चेपारे घस्ने प्रतिकूल पात्र हो । सुनको औठी र टिनको छानो लगाउने रहरले गर्दा छोरी बेचेकी छे । सौतेनी छोरीलाई शोषण गर्ने एक शोषित नारी पात्रको रूपमा उसलाई प्रस्तुत गरिएको छ । बा, भाइबहिनी, ती मान्छे, निर्मली, सुन्तली आदि यस कथामा गौण पात्र हुन् ।

प्रस्तुत 'टिनको छानो' कथाले ग्रामीण परिवेशको चित्रण गरेको छ । झुप्रो घर, फुसको छानो, चुल्हो बाल्ने आदि कुराले ग्रामीण परिवेश बुझाएको छ । निम्न वर्गीय जनजीवनको कारुणिक चित्रलाई कथामा प्रस्तुत गरिएको छ । त्यस्तै सौतेनी आमाले कहिल्यै जन्म दिने आमाको ठाँउ लिन सक्तैन सौतेनी व्यावहार देखाएरै छाड्छ भन्ने कुरा देखाइएको छ । सौतेनी आमाको छेउमा आफ्नै बाबु पनि निरीह बन्नु परेको प्रस्तुत कथामा छ ।

प्रस्तुत 'टिनको छानो' कथाको प्रारम्भदेखि अन्त्यसम्म 'म' पात्रको सक्रिय भूमिका छ । कथामा कथावाचक स्वयम् पात्रको रूपमा आएको छ । कथाका सबै घटनाहरू कथाकार स्वयले 'म' पात्रका रूपमा उपस्थित भएर प्रस्तुत गरेको छ । त्यसैले यसमा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

प्रस्तुत 'टिनको छानो' कथामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । कथामा संवादहरूको पनि प्रशस्त प्रयोग छ । जस्तै "बा ? सुस्तरी बोलाए मैले ।" हँ ? झस्किएर फरक्क फर्कदा उनको आँखाभरि आँसु भरिएको देखे मैले" अझ आँखामा मात्र किन र ?

अनुहार नै भिजेको थियो आँसुले उनको । "के गर्छस छोरी गरिबको घरमा जन्म लिइस मेरा भाग्य त फूटेक ठान्थे त तेरो भाग्य पनि" (*टिनको छानो*, २०६३ : ६०) । त्यस्तै सनक्क, जुरुक्क, चकमन्न, फरक्क. जस्ता अनुकरणात्मक शब्दहरूका साथै सानीआमै, भाइबहिनी, ठूलीकान्छी, गुडल्किएर जस्ता समस्त शब्दहरूको प्रयोगले कथा रोचक बनेको छ । पो, लौ क्यारे जस्ता निपात पनि कथामा प्रयोग गरिएको छ ।

प्रस्तुत 'टिनको छानो' कथाको सारवस्तु आमाको मृत्युपछि सन्तानले धेरै पीडा भोग्नुपर्छ भन्ने पाइन्छ । यस कथामा आफ्नो सीमित स्वार्थपूर्ति गर्न छोरी बेच्ने सानी आमा र बाबुको विवश अवस्था एकातिर पाइन्छ भने अर्कातिर भेडा बाखा सरह आफ्ना छोरी बेच्ने व्यक्तिलाई कुनै किसिमको कानुनले बन्देज लगाउन नसकेको अवस्थाको चित्रण छ ।

### ४.३.१० प्रेरणा कथाको विश्लेषण

'प्रेरणा' *दोस्रो दर्जा* कथासङ्ग्रहमा सङ्गृहीत दसौं कथा हो । प्रेरणा कथा सामाजिक यथार्थवादमा आधारित छ । यो कथा पुरुष समाख्याता भएको कथा हो । एउटी विवाहिता महिलाको संघर्षशील आदर्श र स्वाभिमानी आचरणको विश्लेषण गरिएको यो कथा पूर्वदीप्ती शैलीमा लेखिएको छ ।

प्रेरणा कथाको सुरुआत अन्तिम शृङ्खलाबाट गरिएको छ । प्रेरणाले 'म' पात्रलाई लेखेको पत्रबाट कथाको सुरु भएको छ । विगतमा 'म' ले प्रेरणासँग बिताएका दिनहरू 'म' पात्रले सम्झेका छन् । प्रेरणा टाइपिस्टको काम गर्छ, 'म' पात्रलाई प्रेरणाको टोलाइ रहने आँखाहरू गम्भीर अनुहार र चाहिँदो भन्दा धेरै नबोल्ने बानीले आकर्षित हुन्छ र प्रेरणाको जीवनको रहस्य पनि बुझ्न खोज्छ । प्रेरणाको सामित्यमा बस्न म पात्र लालयित हुन्छ ।

प्रेरणासँग प्रेमको प्रस्ताव राख्छ तर प्रेरणाले विवाहित भएको कुरा गर्छ । प्रेरणा विवाहित भए पनि उनको जीवन लालिमामय देखिंदैन । प्रेरणाको वैवाहिक जीवन बुझ्न खोज्छ । प्रेरणा अफिस आउन छाडेपछि 'म' पात्रले प्रेरणाका बस्ने ठाँउ पत्ता लगाएपछि 'म' पात्रले बुझ्न खोजेको सारा रहस्य छर्लङ्ग हुन्छ । प्रेरणाको पति दुर्घटनाका कारणले पक्षघातका विरामी हुन्छ । उसलाई औषधिमूलोदेखि सारा कुरा प्रेरणाले गरेकी हुन्छे ।

प्रेरणाको सङ्घर्ष र पसिनाले मात्र बाँच्न सफल भएका कुरा प्रेरणाको पतिबाट म पात्रले थाहा पाएपछि प्रेरणाप्रति म पात्रको माया र प्रेम बढ्छ । प्रेरणालाई सम्मान् र आदर्शको प्रतिमूर्तिको रूपमा लिन्छ । म पात्रले प्रेरणाका पतिलाई केही आर्थिक सहयोग गरेर विदेशमा उपचार गर्न पठाउँछ । प्रेरणाको लोग्ने ठीक भएपछि प्रेरणाले पनि म पात्रलाई सधन्यवाद स्वरूप पत्र लेख्छे ।

प्रेरणा कथामा प्रेराणाको आदर्श र स्वाभिमानको कुरा गरिएको छ । नारीले आफू जस्तोसुकै परिस्थिति र कठिनाइमा परे पनि आदर्श र स्वाभिमानलाई बचाइ राख्न सक्छे भन्ने पाठ यस कथाले दिएको छ ।

प्रस्तुत प्रेरणा कथाको मुख्य चरित्र प्रेरणा हुन् । प्रेरणा, सीधा, स्वाभिमानी र इमानदारिता भएकी टाइपिस्टको काम गर्ने जागिरे पात्र हो । ऊ सँधै टोलाइरहने र चाहेभन्दा धेरै नबोल्ने पात्र हो । उसलाई म पात्रले प्रेम प्रस्ताव राखेपछि विवाहित भएको बताएर अफिसै आउँन छाड्छे । घरमा पक्षघातले थला परेको लोग्नेको नियमित उपचार खर्च देखि सबै प्रेरणाले थेग्छे । असक्त लोग्नेको मलम बनेर प्रेरणा एक आदर्श पत्नी हुन्छ । प्रेरणा यस कथाको प्रमुख अनुकूल पात्रको रूपमा चिनिएकी छ ।

त्यस्तै 'म' पात्र यस कथाका सहायक पात्र हो । सुरुमा प्रेरणाप्रति आशक्ति भाव देखाए पनि पछि प्रेरणाको जीन्दगी बुझेपछि प्रेरणालाई सम्मानको नजरले हेर्ने गतिशील पात्र हो । ऊ इमानदार र अर्कोको दुःख बुझिदिने अनुकूल पात्र हो । वास्तविकता बुझेपछि सम्मानको नजरले हेर्ने अनुकूल, बद्ध र मञ्चीय पात्र हो । त्यस्तै प्रेरणाको पति र अफिसको पिउन गौण पात्र हुन् ।

प्रस्तुत कथामा सहरी परिवेशको चित्रण छ । अफिस टाइपिस्ट, कोठा भाडामा बस्ने . आदि कुराले सहरी परिवेशको चित्रण पाइन्छ । सहरी परिवेशको संघसंस्थाहरूले अशक्त असहायहरूलाई सहयोग गरेको प्रसङ्ग छ । त्यस्तै सहरी परिवेशको गरिब दुःखीहरूको बाँच्नका लागि बसे खाएको परिवेश छ । एउटी पत्नीले पतिलाई गरेको प्रेम, त्यागलाई पनि यस कथाले परिवेश बनाएको छ ।

प्रस्तुत प्रेरणा' कथाको प्रारम्भदेखि अन्त्यसम्म प्रेरणा सँगसँगै म पात्रको पनि सक्रिय भूमिका रहेको छ । कथावाचकले कथामा आफू पनि 'म' पात्रका रूपमा रहेर प्रेरणाको

क्रियाकलापको वर्णन गरेको छ । कथाकी प्रमुख पात्र प्रेरणाको जीवनमा सम्पूर्ण घटनाहरू स्वयम् उपस्थित भएर प्रस्तुत गरेकाले प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु पद्धति अङ्गालिएको छ ।

प्रेरणा कथामा सरल भाषाशैलीको प्रयोग भएको छ । आरम्भ संस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत कथा सामाजिक यथार्थवादी कथा हो । प्रेरणा र 'म' पात्र बिचको संवादात्मक प्रस्तुती कथामा छ । सुखदुःख, आपनत्व, खोजीखोजी छटपटाहट जस्ता द्वित्व र कार्यालय टाइप, अफिस जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ ।

प्रस्तुत 'टिनको छानो' कथामा आफू जवान हुँदै पति अशक्त भए पनि आफ्नो पतिव्रता धर्मबाट विचलित नभई प्रेम प्रस्ताव आएपनि दरो मानसिकता भएकी नायिका प्रेरणा आदर्श महिलाको प्रतिनिधि हो ।

### ४.३.११ जहाँ घाम अस्ताउँदैन कथाको विश्लेषण

*दोस्रो दर्जा* कथासङ्ग्रहमा सङ्ग्रहीत 'जहाँघाम अस्ताउँदैन' एघारौं कथा हो । सामाजिक यथार्थवादमा आधारित यस कथामा सांस्कृतिक विभेदलाई मुख्य विषय बनाएको छ । हिन्दु संस्कार र संस्कृतिभित्र रहेको पुरातनवादी चिन्तनको विरोध रहेको यस कथामा छोरीले नचाहेर पनि पराइघर जानैपर्ने र बिहेपश्चात् माइतघर धेरै बस्दा गाउँसमाजले निन्दा गर्ने कुरा यस कथामा छ । 'जहाँ घाम अस्ताउँदैन' कथा रैखिक ढाँचामा लेखिएको छ । सामाजिक समस्यामूलक 'जहाँघाम अस्ताउँदैन' कथाले वृहत विषयवस्तुलाई समेट्ने जमर्को गरेको छ । श्रीमान् भइन्जेल सबै परिवारका आँखाकी नानी दिपा श्रीमान्को मृत्युपश्चात् सबैका आँखाका तारा बन्छ । बाह्य दृष्टिविन्दुमा लेखिएको यस कथामा लोग्नेको मृत्युपछि नन्द र सासूद्वारा अपहेलित र अपशब्दहरू प्रयोग गर्छन् । लोग्नेको घरमा दिनका दिन वचनवाण सहन नसकेर माइत गएकी दीपा सुरुका केही समय मात्र त्यहाँको समय अनुकूल हुन्छ । समय बित्दै गएपछि विहेगरी गएपछि जस्तै भए पनि आफ्नो लोग्नेकै घर बस्नुपर्छ, माइत बस्दा लोक निन्दा हुन्छ भन्दै आमाले भनेपछि दीपालाई यो संसारमा एक्लो महसुस हुन्छ ।

लोग्नेको मृत्युपछि सबैतिरबाट एक्लिन पुगेकी एक नारीको मनोदशालाई यस कथाले राम्ररी चित्रण गरेको छ । नेपाली संस्कृतिमा यथावत् रहेको छोरीले बिहे गर्नुपर्ने र

बिहेपश्चात् माइत घरमा बस्दा लोक निन्दा हुने कुराको चित्रण गरेको छ । त्यस्तै कतिपय घर परिवारमा अल्पायुमै लोग्नेको मृत्यु भयो भने त्यसको दोष स्वास्नीलाई आउने गरेको कथाले विरोध गरेको छ ।

'जहाँघाम अस्ताउँदैन' कथा नारी समस्यामूलक कथा हो । पुरातनवादी पद्धति र संस्कृतिको विरोध गरिएको यस कथामा थोरै पात्रको प्रयोग छ । कथाकी मख्य चरित्र दिपा हो । एक्ली छोरी घरमा पुल्पुलिएर हुर्केकी हुन्छे । उसका बाआमा दाइ भाउजू सबैले उसलाई माया गर्छन् । दिपालाई विहे गर्ने इच्छा नहुँदा नहुँदै पनि बिहे गरेर पठाउँछन् । बिहे गरेको केही महिनामै लोग्नेको मृत्यु भएकाले सासू र नन्दबाट अपशब्द प्रहार गरी लोग्ने टोकुवीको उपनाम दिएर उसलाई मानसिक यातना दिइन्छ । ऊ एक पीडित र असहाय नारी पात्र हो । दीपाको लोग्ने सहायक पात्र हो । पत्नीलाई माया गर्ने अनुकूल पात्र हो । त्यस्तै सासू नन्द, बा, आमा, दाइ, भाउजू गौण पात्रहरू हुन् ।

'जहाँघाम अस्ताउँदैन' कथा सहरी परिवेशमा लेखिएको छ । कोठामा ढोका लगाएर बस्नु, दराज, ठूलो ऐना आदिले सहरी परिवेश बुझाएका छन् । छोरीले चाहेर पनि जन्मघर बस्न नपाइने नन्द साहूले पेल्ने लोग्नेको मृत्युको दोष स्वास्नीलाई लगाउने जस्ता संस्कारलाई यस कथाले परिवेश बनाएको छ । पतिको मृत्युसँगै उसका इच्छा आकांक्षाहरू मरेर जान्छन् उसले विरगका लुगा सिवाय अरू लगाउन पाउँदिन भन्ने कुराको चित्रण गरेको छ। प्रस्तुत कथामा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ भने दीपाको पतिको मृत्युपश्चात् दिपाले पाएका पीडा यातनाहरू तृतीय पुरुष कथनमा व्यक्त गरिएको छ ।

'जहाँघाम अस्ताउँदैन' कथामा सरल भाषाशैलीको प्रयोग भएको छ । बाबुआमा, हिजोआज, भान्साकोठा विचारविमर्श जस्ता समस्त शब्दहरू, अकमक्क, पटक्कै, हुरुक्क जस्ता अनुकरणात्मक शब्दहरूका साथै हो, त, नि, है, ह जस्ता नियात शब्दको प्रयोगले कथा मिठासपूर्ण बनेको छ ।

'जहाँघाम अस्ताउँदैन' कथा सामाजिक समस्यामूलक कथा हो । पुरातनवादी संस्कार र संस्कृतिको विरोधमा लेखिएको यस कथामा जन्मघर बिहेपश्चात् पराइघर बन्ने र लोग्नेको घर पनि लोग्नेको मृत्युपश्चात् आफ्ना नहुने कुराको चित्रण गरिएको छ । लोग्ने कालगतिले

मरे पनि त्यसको दोष पत्नीलाई लगाउने कुसंस्कारलाई यस कथाले विरोध गरेको छ । दीपाको जीवनमा आएका समस्याहरू केलाउन नै यस कथाको मुख्य उद्देश्य देखिन्छ ।

### ४.३.१२ चिनो कथाको विश्लेषण

*दोस्रो दर्जा* कथासङ्ग्रहमा सङ्गृहीत 'चिनो' अन्तिम कथा हो । राजनैतिक विषयवस्तुमा आधारित यो कथामा माओवादी युद्धको प्रभाव र त्यसभित्र लुकेको माया, प्रेम, विवाह र सन्तानको पीडा बोध नै यस कथाका मुख्य कथावस्तु हुन् । पूर्वदीप्ती शैलीमा लेखिएको यस कथामा समाजमा व्याप्त छुवाछुत र भेदभावको विरोध गरिएको छ । यस कथामा एक प्रेमी र प्रेमिका बिचको जातीय असमानताका कारण विवाह बन्धनमा बाँधिन नसकि छुट्नु परेको र उनीहरूको मायाको चिनो छोरो नै प्रतिकको रूपमा कथाको शीर्षक रहेको छ ।

'चिनो' कथाकी प्रमुख पात्र निर्मलाको परिवार दलित हुन्छ । गाउँघरमा सामाजिक भेदभावले सीमा नाघेकाले निर्मलाको दाइ माओवादीमा भर्ना भएको हुन्छ । तर छोटो अवधिमा नै उनको हत्या हुन्छ । निर्मलालाई पनि गाउँमा बस्ने वातावरण हुँदैन । त्यसकारण निर्मला पनि मुक्तिसेनामा भर्ना हुन्छ । निर्मलाको मुक्तिसेनामा रोशनसँग माया बस्छ । दुई जनाले विवाह गर्न खोज्छन् तर अर्न्तजातीय विवाह भएकाले युद्ध सफल भएपछि मात्र विवाह गरिदिने भन्दै कमरेड बारुदले भन्छ । निर्मला र रोशन युद्ध सफल पार्नका लागि पूर्व र पश्चिमको मोर्चामा डटेर लाग्छन् । पूर्वको मोर्चामा रोशन सहिद भएको पश्चिमको मोर्चामा निर्मलाले सुन्छे । निमलाले आफ्नो प्रेमीको मृत्युमा खुलेर रुनसम्म पाउँदिन । निर्मलाले रोशनको मायाको चिनोलाई जन्म दिन्छे । उसले रोशनको चिनोलाई धीत मरुन्जेलसम्म राखेर खेलाउने इच्छा पुरा नहुर्दै लडाईमा जानुपर्ने हुन्छ । लडाइमा शत्रुद्वारा घेरा हालिन्छ । निर्मलालाई गोली लाग्छ । उसको अन्तिम अवस्थासम्म पनि आफ्नो चिनोलाई काखमा राखेर खेलाउन इच्छा मरेको हुँदैन । छोरा हेर्ने अभिलाषा पूरा हुन नपाउदै निर्मला ढल्न पुग्छ । यो कथा त्रासदीपूर्ण अवस्थामा टुङ्गिएको छ । परिवर्तनको पर्खाइले एक प्रेमप्रमिका वियोगान्तमा पुगेका छन् । क्रान्ति र परिवर्तन चाहनेहरू झन् ठूलो विपत्तिमा फसेका हुन्छन् भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति कथामा प्रस्तुत छ ।

'चिनो' कथाको मुख्य चरित्र निर्मला र रोशन हुन् । तल्लो जातकी निर्मला सामाजिक भेदभावलाई हटाउनका निम्ति मुक्तिसेनामा लागेकी हुन्छे । त्यहाँ निर्मला र रोशनको भेट हुन्छ । दुवै एक अर्कालाई माया गर्छन् । रोशनले निर्मलालाई तल्लो जातकी भएपनि आफूलाई भन्दा धेरै माया गर्छ । दुवैको चरित्र अनुकूल छ । दुवै मञ्चीय तथा बद्ध पात्र हुन् । कथामा बारुद सहायक पात्र हो । बारुदलाई यहाँ दुई प्रेमप्रेमीको माया नबुझेर विछोड पारी दिने प्रतिकूलपात्रको रूपमा राखिएको छ । दाइ, भाउजु, बा, आमा र किरण गौण पात्रका .. रूपमा आएका छन् । धेरै पात्रको प्रयोग भएको यस कथामा राजनीतिक परिवर्तको पक्षमा लागेका व्यक्तिहरूले व्यक्तिगत इच्छा आकाक्षालाई तिलञ्जली दिनुपर्छ भन्ने कुराको पुष्टि कथाले गरेको छ ।

'चिनो' कथाको परिवेश माओवादी जनयुद्धको समय हो । कथाकी मुख्य पात्र निर्मला र रोशनको प्रेम प्रसङ्ग प्रस्तुत गरेर, अर्न्तजातीय प्रेम भएकाले सफल हुन नसकेका कुरा देखाइएको छ । यस कथाले छुवाछुत, रुढिवादी अन्धविश्वास कुपरम्पराको विरोध गरेको छ । यस कथामा नारीको मनमा सन्तानको मायालाई देखाइएको छ ।

'चिनो' कथा प्रथम पुरुष कथावाचन शैलीमा लेखिएको छ । आत्मसंस्मरणत्मक शैलीको यो कथामा स्वय कथाकार उपस्थित भई सबै घटनाहरू अभिव्यक्र गरेकाले यसमा प्रथम पुरुष प्रधान कथन ढाँचा रहेको छ ।

प्रस्तुत 'चिनो' कथाको भाषा सरल छ । आत्मसंस्मरणात्मक शैलीमा लेखिएको यो कथा सामाजिक यथार्थवादी कथा हो । रोशन निर्मला र बारुद बीचको संवादात्मक प्रस्तुति कथामा छ ।

### ४.४ मैनका मान्छेहरू कथासङ्ग्रहका कथाहरूको विश्लेषण

कथाकार हरिमाया भेटवालको *मैनका मान्छेहरू* कथासङ्ग्रह वि.सं. २०६८ मा साझा प्रकाशनबाट प्रकाशित भएको हो । यो उनको दोस्रो प्रकाशित कृति हो । यसमा भेटवालका अठारवटा कथाहरू सङ्ग्रहीत रहेका छन् । प्रस्तुत कृति जीवन जिउने क्रममा फरकफरक रङ्गको प्रतिविम्ब हो । यसमा मान्छेले भोगेका घातप्रतिघात, पीडा, वेदनाहरूको बहुरङ्गी पग्लाइलाई उजागर गरिएको छ । राप, तापको पिल्साइका घटना तथा पात्रलाई स्रष्टाले टिपेका छन् । सामाजिक समस्याको ज्वालामा मान्छेले पग्लिनुपर्ने परिस्थितिलाई

यथार्थ रूपमा प्रस्तुत गर्नु कृतिको अभिष्ट हो । पीडा, उत्पीडनलाई विश्लेषण गर्ने कथासङ्ग्रह *मैनका मान्छेहरू* प्रकाशन गराएर पाठकवर्गलाई नौलो प्रस्तुती दिएको वा नयाँ कथाहरू पढ्ने अवसर प्रदान गरेको पनि पाइन्छ । स्रष्टामनको ताप र रापद्वारा साहित्य निष्पत्ति हुन्छ । जीवनभोगाइका घटनाहरू, परिवेशहरूले स्रष्टाहरूले स्रंष्टामन दुखाउँछ । यिनै मनष्टाप र रापमा पग्लिएका कथाहरूको सङ्ग्रह हो *मैनका मान्छेहरू* । यस सङ्ग्रहमा रहेका कथाहरूको विश्लेषण क्रमिक रूपमा यसप्रकार गरिएको छ ।

### ४.४.१ हतकडी

**हतकडी** *मैनका मान्छेहरू* (२०६८) कथासङ्ग्रहमा सङ्गृहीत पहिलो कथा हो । यस कथामा तुलसीलाई अन्तिममा हतकडी लगाएर पुलिसचौकी लगेकाले शीर्षकसमेत सार्थक रहेको छ ।

*हतकडी* कथाका तुलसी सत्यनारायणको प्रेममा परेर उनीसँगै अन्तरजातीय विवाह गरी काठमाडौं आएका हुन्छन् । उनी सोझी ग्राउँले युवती हुन्छे । उसलाई सहरिया परिवेशको कुनै छाडापनले छोएको हुँदैन । ऊ यस्ता कुराहरूलाई हृदयदेखि नै घृणा गर्दछे । उसको यस्तो सोझोपन देखेर उसको पति सत्यनारायण पनि खुसीनै थियो । दैवको लीला एकदिन स्वयम्भु यातायातको बसले सत्यनारायणलाई बाटामै ज्यान गुमाउन बाध्य गरायो । त्यसपछि तुलसीका दुःखका दीन सुरु भयो । उनको पेटमा बच्चा थियो । उनले ती फुच्चीलाई बाटामै जन्म दिइन र बाटामै हुर्काइन् पनि । उनको जाने ठाउँ कहीं पनि थिएन । उनी सत्यनारायणसँग भागेर काठमाडौं आएकी थिइन् । उनीहरूलाई परिवारले स्वीकारेको थिएन । अन्तमा हार खाएर उनी कामको खोजीमा जाँदा ठमेलको होटलमा यौन शोषणसमेत गर्न पुग्दछिन् । यसै क्रममा उनलाई एक दिन पुलिसले पक्रन्छ र ऊ लगायत अन्य केटीहरूलाई हतकडी लगाएर गाडीमा भालु केटीहरू भनि ठमेलवरिपरि परिक्रमा गराई चौकीमा पुऱ्याउँछ । त्यही उनकी सानी छोरी पनि आइपुग्छिन् र भन्छिन् मेरो ममिलाई किन हतकडी लगाएको ? यही कथाको अन्त्य हुन्छ । यस कथामा तुलसी र सत्यनारायणको प्रेम लीला जस्ता कुराहरू कथाको आदि भाग, सहरमा आई दुवैजना दुःख सुखगरी जीवनयापन गर्नु कथाको मध्यभाग र तुलसी पनि होटलमा काम गर्नु काम गर्दा गर्दै केटाहरूको यौनचाहना मेटाउनु र अन्तमा पुलिसले हतकडी लगाएर चौकी लानु  कथाको अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यस कथामा समाजमा

हुने यथार्थ घटनामा आधारित भएर एउटा एकल नारीलाई बाच्न कति सम्म गाह्रो हुदोरहेछ र त्यसमाथि पनि बच्चाको आमालाई विहान वेलुकाको छाक टार्न कस्ता कार्यहरूसमेत गर्नु पर्दो रहेछ भन्ने देखाइएको छ । कथामा सामाजिक यथार्थ र शहरका ठूला भनौदा हाकिम, नेताहरूको यौनमनोविज्ञानलाई कथानकको स्रोत बनाइएको छ । कथात्मक क्षीण भएको यस कथामा मूलतः सामाजिक विषयवस्तुलाई विशेष रूपमा प्रस्तुत गरिएको छ ।

'हतकडी' कथामा सरल खालका पात्रहरू रहेका छन् । तुलसी, सत्यनारायण मुख्य पात्र हो भने सरकारी कर्मचारी, पुलिस, पत्रकार, दिदी, फुच्ची पात्रहरू बद्धपात्र हुन् । यस कथामा ग्रामिण तथा सहरीया परिवशको चित्रण परिएको छ । यस कथामा दिउँसो र साँझपखको समयको व्याख्या गरिएको छ । यसरी कथाकार सीमित पात्रमा केन्द्रित भई कथानक बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ । यसमा सहरिया परिवेश सुहाउँदो भाषाको प्रयोग गरिएको छ । प्रस्तुत कथामा सरल, सरस र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यस कथामा कथाकारले समाजमा भएका यथार्थ घटनालाई प्रस्तुत गर्नुनै यस कथाको सारवस्तु हो ।

### ४.४.२ कुकरहरू रोइरहेका छन्

*कुकुरहरू रोइरहेका छन्* शीर्षकको कथा *मैनका मान्छेहरू* (२०६८) कथासङ्ग्रहको दोस्रो कथाका रूपमा रहेको छ । यस कथाको शीर्षक विधान कथाको प्रमुख कुकुरको नामबाट गरिएको छ । हाम्रो नेपाली समाजमा कुकुरहरू रुनु राम्रो मानिँदैन । यसको सङ्केत घरमा नराम्रो हुने लक्षण हो भन्ने गरिन्छ ठिक त्यसैगरी यस कथामा पनि प्रत्येक पटक कुकुर रुँदा घरका मानिसहरूको मृत्यु भएकाले शीर्षक सार्थक रहेको छ ।

प्रस्तत 'कुकुरहरू रोइरहेका छन्' कथामा नेपालमा भएको २०६२/२०६३ को जनआन्दोलनमा भएको युद्धका बारेमा पस्ट्याउन खोजिएको छ । त्यस समयमा देश र जनताले कस्ता खालका दुःख, कष्ट भोग्नुपर्‍यो । कसरी जनताले ज्यान गुमाउनु पर्‍यो भन्ने कुरालाई यथार्थ तरिकाले प्रस्तुत गरिएको छ । *कुकुरहरू रोइरहेका छन्* कथामा एक सानो र सुखी परिवार हुन्छ । यस त्यसमा बुवा, आमा, एक दाजु र एक बहिनी प्रभा । उनीहरू हाँसीखुसी जीवन बिताइरहेका हुन्छन् । गाउँमा एक पछि अर्को गरी राष्ट्रद्रोह भनि समातिरहेका थिए । त्यस्तैगरी एक दिन त्यस परिवारमा पनि त्यही घटना घट्यो । जसको

घटना कहाली लाग्दो थियो । घरका एकाएक केही हुल पसे र 'म' पात्र दाजुलाई समातेर लान लागे । उनका बाबु, आमाले राक्न खोज्दा लठ्ठी र बुठका जुत्ताले हानेर अचेत अवस्था बनाइदिए । आमालाई पनि कुटेर बेहोस बनाइदिए । दाजुलाई एक अध्यारो कोठामा लगेर सोधपुछ गरे तर उनी निर्दोष थिए । उनलाई कुटेर अचेतअवस्थामा ल्याएर घरनजिकै फालिदिए । धेरै बेरपछि बहिनी प्रभाले देखेर भित्र ल्याइन् । उनी हातखुट्टा नचल्ने कुँजो अवस्थाका थिए । घरमा आउँदा उनले बुवा र आमा दुवै गुमाइसकेका थिए । बहिनीले उनको स्याहार सुसार गरिरहकै थिइन् । गाउँमा बसिनसक्नु भैसकेको थियो त्यसैले मगर्नी दिनी र प्रभा पनि गाउँ छाडेर सुरक्षित स्थानतिर जाने तयारीमा थिए तर लेखेको टर्दैन भनेझैं दैवको आखाँ ल्याग्यो कि के हो एक दिन राती बहिनीलाई पनि केही केटाहरू आएर हातपात गर्न खोजे बहिनी भागेर डाँडाबाट हामफालि आत्महत्या गरिन् । अब उनको साहरा कोही रहेन बस विवसतामा बाच्न बाध्य भए 'म' पात्र यतिकैमा कथाको अन्त्य हुन्छ ।

*कुकुरहरू रोइरहेका छन्* कथामा सम्पूर्ण घटनाहरूको वर्णन गर्ने 'म' केन्द्रीय पात्र हो । उसकै अनुभव र अनुमानका आधारमा अन्य घटना तथा प्रसङ्गहरूको पनि वर्णन गरिएको छ । यसरी कथाकार 'म' पात्रको रूपमा कथानकभित्र बसेर कथा प्रस्तुत गरेकाले यस कथाम प्रथम पुरुष शैलीको आन्तरिक केन्द्रीय दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

'कुकुरहरू रोइरहेका छन्' कथामा मूलतः सरल, सरस, संवेध र छिट्फुट रूपमा क्लिष्ट, कलात्मक तथा आलङ्कारिक भाषा हुऽऽऽऽ जस्ता भाषाशैलीको प्रयोग गरिएको छ । संवादात्मक तथा संस्मरणात्मक भाषाशैलीको प्रयोगा अधिक रहेको पाइन्छ । त्यस्तै यस कथामा द्वन्द्वकालीन समयका शब्दहरूको पनि प्रयोग गरिएको छ ।

देशमा भएको द्वन्द्वात्मक समयमा भएका यथार्थ गतिविधिलाई यस कथामा देखाइएको छ । पात्रहरूले यथार्थपरक ढङ्गले आफ्ना संवादहरू व्यक्त गरेका छन् । कथा पढ्दा भावुक नहुने सायदै होलान् । त्यसैले यस कथाको आदि, मध्य र अन्त्यका रैखिक ढाँचामा मिलेको देखिन्छ ।

### ४.४.३ यात्रा

'यात्रा' *मैनका मान्छेहरू* (वि.सं. २०६८) शीर्षकको कथासङ्ग्रहमा सङ्गृहीत तेस्रो कथा हो । यसको प्रकाशन पहिलो पटक यसै सङ्ग्रहमा भएको देखिन्छ । यस कथामा 'म'

पात्र र आमा यात्राका क्रममा कुराकानी गरेको र आमाका इच्छा आकांक्षा 'म' पात्रलाई सुनाएकाले कथाको नाम नै यात्रा रहेकोले यस कथाको शीर्षक सार्थक रहेको पाइन्छ ।

'यात्रा' कथामा काठमाडौंबाट नेपालगञ्जसम्मको हवाइ यात्रालाई समेटीएको छ । 'म' र अपरिचित आमा एयरपोर्टमा समय कुरीरहेका हुन्छन् । बुढी आमा रमाइली स्वभावकी, बोलिरहनुपर्ने यसो हेर्दा राजनीतिमा पनि चासो राख्ने खालकी देखिन्छिन् । बिहानको ११:०० बज्यो हवाइ उडान सुरु भयो । यात्राका क्रममा ती आमाले 'म' पात्रलाई आफूलाई हवाइजहाज चढ्ने इच्छा भएको र छोराबुहारी तथा छोरी ज्वाइँ र नातानातिनालाई साथीको घर जान्छु भनी ढाटेर आएको बताउँछिन् । उनी अझ भन्छिन् यो जहाज चढ्ने पैसा मेरै हो । कसैसँग मागेको होइन । मेरो बुढाले मोटरसम्म चढ्न पाएनन् । बाचुन्जेल मत सबै चढ्ने हो भनी उनी 'म' पात्रसँग गुनासो पोख्छिन् र उनीहरू ओर्लने क्रममा आमाले 'म' पात्रलाई फेरि यो टिकट काम लाग्छ कि लाग्दैन भनी सोधेपछि कथा टुङ्गिन्छ । 'म' पात्रको मनमा लाग्छ कि यस्तो यात्रा धेरै गरियो तर आज नौलो खालको यात्रा भएको महसुस गरेको बताउँछिन् ।

कथाकारले 'यात्रा' कथामा बुढीआमा सँग प्रसस्त पैसा भएको तर विज्ञानले बनाएको प्रविधि सबै उपयोग गर्न नपाएकाले घरपरिवारको वास्तानै नगरि आफू एक्लै भएपनि इच्छा पुरा गरेको चर्चा गरेका छन् । पहिल आमाका बुढाले गाडीसमेत चढ्न नपाएकाले ग्रामिण परिवेश र आजको समयमा जहाजसमेत पढेकाले सहरी परिवेशको पनि चित्रण रहेको पाइन्छ ।

'यात्रा' कथामा कथाकारले मूलतः आमाका मनोवृत्ति तथा क्रियाकलापको सजीवन चित्रण गरेका छन् । कथामा देखा परेका 'म' पात्र र आमाका जीवनभोगाइका घटनाहरू प्रस्तुत गरिएको छ । यसरी कथाकारले एकै पात्रमा केन्द्रित भई कथानकभन्दा बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत 'यात्रा' कथामा वर्णन वा क्रममा कलात्मक र संवादका क्रममा पात्र सुहाउँदा मध्यमस्तरीय भाषाको प्रयोग गरिएको छ । कथामा विशेषगरी वर्णनात्मक शैलीको प्रयोग

गरिएकाले संवादात्मक शैली क्षीण रहेको छ । जीवनको छ दशक पार गरेपछि पनि आफ्ना इच्छाहरू पुरा गर्दा रहेछन् भन्ने कुरा यस कथामा देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.४ सत्य बयानको साक्षी

*सत्य बयानको साक्षी* २०६२/६३ सालको जनआन्दोलनभन्दा अगाडि रचिएको कथा हो । यो कथा *मैनका मान्छेहरू* (वि.सं.२०६८) कथासङ्ग्रहको चौथो कथाका रूपमा रहेको छ । यो कथा सत्य घटनामा आधारित भएकाले कथाकी पात्रले सत्य सत्य कुरा भनेकाले शीर्षक सार्थक छ ।

*सत्य बयानको साक्षी* कथामा छोरी सन्दीपाको आमाको ढाड दुखेकाले स्पा सेन्टरमा लान्छिन् । त्यहाँ एक मतवाली केटी पीताम्बरी करिव २२/२३ वर्षकी हुन्छिन् । उनले नै त्यहाँको मालिस गर्ने काम गर्दछिन् । २/४ दिनको भेटघाटपछि उनको र सन्दीपाको कुरा मिल्न थाल्छ । उनीहरू नजिक हुँदै जान्छन् र मतवाली केटीको विगतका बारेमा जानकारी लिन चाहन्छिन् सन्दीपा ।

मतवाली केटी मामाघरमा बसेर अध्ययन गरिरहेकी हुन्छीन् । १२ वर्षको उमेरमा ४/५ कक्षामा पढ्दाको समयमा माओवादी द्वन्द्वकालको सुरुवात भयो । उनलाई पनि ललाईफकाई त्यहाँबाट लगियो । त्यसपछि धेरै नै सकस र हन्डर खाएपछि भागेर पुलिसको पुगियो तर त्यहाँ पनि नारी अस्तित्वमाथि खेलबाड गरियो । पेटमा बच्चा रह्यो । त्यसपछि मलाई क्युरेट गराइयो त्यही मेरो ठूलीआमाको छोरा अशोक दाइले केही रकम दिएर भाग्न लगाइयो र म भागेर काठमाडौं आए । त्यहाँ पनि कामको खोजी गर्दा गंगोपुमा एक होटलमा काम पाए । त्यहाँ पनि विस्तारै बेश्यालयमा काम गर्नुपर्ने भएकाले म भागेर आज यस स्पा सेन्टरमा कार्यरत छु भनी सत्य सत्य कुरा आफ्ना साथी सन्दीपालाई बनाएको घटनाबाट कथाको अन्त्य भएको छ ।

प्रस्तुत *सत्य बयानको साक्षी* कथामा पीताम्बरी र सन्दीपा प्रमुख पात्र हुन् भने बूढी आमा, पुलिस, होटलको साहुनी, अशोक दाइ, सीता दिदी सहायक र अन्य साथीहरू तथा माओवादीहरू आदि गौण पात्र हुन् । स्वभावका आधारमा सोझी र अपरिपक्व व्यवहार गर्ने पीताम्बरी  अन्य विद्यार्थी साथीहरूको सङ्गतले परिवर्तन भएकी गतिशील पात्र हो । ऊ आफ्नो स्वभाव नबदल्ने, अरूको कुभलो नचाहने अनुकूल पात्र हो ।

*सत्य बयानको साक्षी* कथानकको घटनाक्रमसँगै देखापरेका काठमाडौँ, सोलुखुम्बु, गोङ्गबु बसपार्क आदि स्थानलाई कथाले कार्यस्थल बनाएको छ । यस कथामा कथाकारले द्धन्द्धकालमा बढी द्वन्द्व हुने स्थान सोलुखम्बु तथा लुक्लालाई स्थानका रूपमा प्रस्तुत गरेका छन् । अतः कथामा ग्रामीण तथा सहरिया दुवै परिवेशको चित्रण गरेको पाइन्छ ।

*सत्य बयानको साक्षी* कथाको सम्पूर्ण घटनाहरूको वर्णन गर्ने पीताम्बरी केन्द्रीय पात्र हो । कथानकको केन्द्रमा रहेर उसले सबै घटनाहरूको वर्णन अनुभवका आधारमा गरेको छ । यसरी कथाकारले  पीताम्बरीको जीवन भोगाइका बारेमा कथा तयार गरी उसैको सेरोफेरोमा कथा प्रस्तुत गरेकाले यस कथामा आन्तरिक केन्द्रीय दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत *सत्य बयानको साक्षी* कथामा पात्र तथा परिवेश सुहाउँदा भाषाशैलीको प्रयोग गरिएको छ । जीवनको आधार समय द्वन्द्वमा बिताएकी मतवाली केटीले प्रयोग गरेका भाषामा आगन्तुक स्रोतका क्लिष्ट पदावलीहरूको प्रयोगाधिक्य रहेको छ । कथाको आदिदेखि अन्त्यसम्म नै देखापर्ने आगन्तुक अङ्ग्रेजी स्रोतका म्युरोट, पुलिस सर, हाकिम जस्ता पदावलीहरूका प्रयोगले सामान्य पाठकका लागि कथाको भाषाशैली क्लिष्ट एवम् दुर्बोध्य बन्न पुगेको छ ।

मानिसलाई समयले कहाँ पुऱ्याउँछ भन्ने कुरा थाहा हुदैन । पीताम्बरी सोझी मामाघरमा हजुरआमासँग बस्ने केटी हो । उनलाई आन्दोलनका क्रममा द्वन्द्वमा लगिएपछि उनी अनेक दुःख भोगाइका क्रममा पुलिसको आइपुग्छिन् र त्यहाँ पनि यौनको शोषण भएपछि काठमाडौँ आइपुग्छिन् त्यहाँ पनि त्यस्तै धन्दा गर्नुपर्ने भएकाले उनी उमेरले परपक्क भएपछि आफूले सुहाउँदो कार्य गरी जीवनयापन गर्दै आएको देखिन्छ । यस कथाबाट के बुझ्न सकिन्छ भने मानिसले चाहेमा नराम्रो काममा फसेपछि आफू सही भएमा एक दिन राम्रो काममा पनि लाग्न सकिँदो रहेछ भन्ने कुरा यस कथाको मुख्य सन्देश हो । यसरी सही जीवन र मार्गनिर्देशनका साथै पारिवारिक तथा आत्मिक सान्निध्य पाएमा मात्रै मानिस सफल रूपमा अगाडि बढ्न सक्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.५ फोटोप्रेम

*मैनका मान्छेहरू* (२०६८) कथासङ्ग्रहमा सङ्गृहीत 'फोटोप्रेम' पाँचौं कथा हो *फोटोप्रेम* । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको देखिन्छ । यस कथाको शीर्षकले कुनै पात्रको मनोदशा बुझ्री कथाकारले फोटोप्रतिको प्रेमलाई उजागर गरेकाले कथावस्तुअनुसार कथाको शीर्षक सार्थक रहेको छ ।

*फोटोप्रेम* कथामा एक बुढी आमा काठमाडौं बानेश्वरको ओरालोतिर मकै बेचेर जिविका चलाइरहेकी हुन्छीन् । उनका एक छोरा र एक लाटी छोरी हुन्छे । उनीहरू बानेश्वर क्षेत्रकै एक स्थानमा झुपडी घरमा बसेका हुन्छन् । पानीपरेका बेला त्यस झुपडी पनि पानिको चुहिएको दृश्यले कथालाई अझ भावुक बनाएको छ । उनी मकै बेच्नेक्रममा आन्दोलन चर्केको हुन्छ र गोली चली एक युवकको मृत्यु हुन्छ । केही दिनपछि बजारका भित्तामा त्यस युवकको फोटो टाँसिन्छ । बुढी आमाले घर फर्कने क्रममा त्यस फोटोदेखि आफ्नो हराएको छोराजस्तै लागेर फोटो उक्काएर आफ्नो झुपडीमा लगेर राख्दछिन् र भन्छिन् एउटा फोटो समेत खिचेर राख्न सकिन छोराको भनेपछि कथाको अन्त्य हुन्छ ।

*फोटोप्रेम* कथामा कथाकारले मूलतः आमाका मनोवृत्ति तथा क्रियाकलापको सजीव चित्रण गरेका छन् । कथामा देखा परेका बूढीआमाका जीवनभोगाइका घटनाहरू प्रस्तुत गरिएको छ । यसरी कथाकारले एकै पात्रमा केन्द्रित भई कथानकभन्दा बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

'फोटोप्रेम' कथाका पात्रहरूमा बूढीमा आमा प्रमुख पात्र हुन् भने पसले, आन्दोनकारी, जुलुसमा भएका मान्छेहरू, लाटी छोरी बद्ध पात्रका रूपमा छन् भने हराएको छोरा मुक्त पात्र हुन् । परिवेशका आधारमा नेपालको जनआन्दोलनका त्रमममा २०६२/०६३ सालतिर काठमाडौंको वानेश्वरको आसपासका स्थालाई लिइएको छ । समयका आधारमा दिउसो, साँझ, पानी परेको समयलाई देखाइएको छ ।

*फोटोप्रेम* कथामा आन्दोलनमा परिवार बिछोड भएको घटनालाई प्रस्ट्याएको छ । बूढीआमा छोरा हराएको र एउटा फोटोसमेत नभएकाले छोराजस्तै देखिने अरु नै कसैको फोटा ल्याएर भित्तामा झुन्ड्याउनुले कथामा गरिबी र ग्रामीण परिवेशको झल्को दिनु

कथाको सारवस्तु हो । 'फोटोप्रेम' कथामा बूढीआमाको बूढा नहुनु, छोरा हराउनु र लाडी छोरीलाई काम गरेर हुर्काउनु परेकोले कारुणिक देखिन्छ ।

### ४.४.६ दिदीको माया

*दिदीको माया* कथा *मैनका मान्छेहरू* (वि.सं. २०५६) कथासङ्ग्रहमा सङ्कलित छैटौं कथाका रूपमा रहेको छ । यस कथामा *दिदीको माया* शीर्षकले दिदीको माया कतिसम्म हुन्छ भन्ने सङ्केत गरेकाले यस कथाको शीर्षक सार्थक रहेको छ ।

*दिदीको माया* कथामा दिदी गंङ्गा र बहिनी वा 'म' पात्र जमुनाका सानैमा बुवाआमा वितिसकेका हुन्छन् । बहिनीको संरक्षक भएर दिदीबहिनी बसेका हुन्छन् । बहिनीको उमेर बित्दै जाँदा निर्मल भन्ने केटासँग मायाप्रिति बस्छ । उता दिदीको पनि प्लेन चलाउने पाइलट सञ्जयसँग माया बसेको हुन्छ । एक दिन अचानक सञ्जयले चलाएको प्लेन  दुर्घटनामा पर्‍यो र उनको मृत्यु भयो । तर दिदीको पेटमा गर्भ बसेका किटानी रिपोर्ट भर्खरै डाक्टरले दिएको थियो । त्यसपछि दिदीको यस्तो अवस्था देख्न नसकेपछि र समाजको डरत्रासले गर्दा बहिनी जमुनाले आफ्नो प्रेमी निर्मललाई दिदीसँग विवाह गरी पेटमा भएको बच्चाको बाबा बन्न आग्रह गरिन् । निर्मलले पनि छातीमा हात राखेर स्विकार गरे । तर दिदीले समाजका अगाडि श्रीमान पाइन्, बच्चाले बाबु पायो भने तिनै जना खुसी भएर बाँच्न नसकेको कुरा दिदीले बहिनीलाई बताएपछि कथाको अन्य हुन्छ ।

*दिदीको माया* कथामा पूर्वदीप्तिको प्रयोगले कथानक वृत्ताकारीय ढाँचामा आबद्ध भएको पाइन्छ । यस कथाले सामाजिक यथार्थमा आधारित यौनमनोविश्लेषणलाई कथानकको स्रोत बनाएको छ । यहाँ जमुनाले दिदीलाई 'बाँकी जीवन बिताउन केही सम्झौता गर्नु पर्छ' भन्नु, जमुनाले समाजको लाज छोप्न आफ्नो प्रेमी निर्मलसँग विवाह गराइदिनुले आन्तरिक द्वन्द्वको पनि विधान गरिएको छ ।

*दिदीको माया* कथामा घटनाक्रमलाई गतिशील बनाउने दिदी गङ्गा र जमुना प्रमुख पात्र हुन् भने निर्मल सहायक र सञ्जय, छरछिमेक, डाक्टर आदि गौण पात्र हुन् । स्वभावका आधारमा पेटमा एउटा छोरो भएकाले सजमाको मुख  छोप्न बहिनीको प्रेमीसँग विवाह गरेकी गंङ्गा गतिशील र अन्तर्मुखी पात्र हो । जमुना मन परेपछि उनको कुरा काट्न नसकी दिदी गङ्गासँग विवाह गर्नुले निर्मल अन्तर्मुखी पात्र हो ।

कथाकारले कथामा पाइलट, कलेज पढने जमुना र निर्मल देखाएका छन् । यसका साथै जमुना प्राय निर्मलसँग घुम्न जाने, दिदी जमुनालाई भेट्न पाइलट केटा घरमा गई ऊसँग एक्लै-एक्लै बस्ने र उनीहरूको विवाहपूर्व नै शारीरिक सम्पर्क भएको पनि देखाएका छन् । यसरी प्रस्तुत प्रसङ्गलाई हेर्दा कथामा शिक्षित पारिवारिक तथा रागात्मक परिवेशको चित्रण गरेको पाइन्छ ।

'दिदीको माया' कथामा कथाकारले दिदीको विवाहपूर्व नै गर्भ बस्नु उनको प्रेमी दुर्घटनामा मर्नु र सानैमा बुवाआमा पनि वित्नु जस्ता घटनाक्रम आदिलाई प्रस्तुत गरेका छन् । तर अन्य घटनाक्रम तथा प्रसङ्गहरूलाई भने सतही र सीमित रूपमा उल्लेख मात्र गरेका छन् । यसरी कथाकार सीमित पात्रमा केन्द्रित भई कथानक स्वयम् उपस्थित भई कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग गरेको पाइन्छ ।

प्रस्तुत *दिदीको माया* कथामा सरल, सरस र वर्णनात्मक भाषाशैलीको प्रयोग गरिएको छ । कथामा पात्रअनुसारको आदरार्थी शब्दका साथै विचलनयुक्त भाषाशैलीको पनि प्रयोग गरिएको छ । त्यस्तै कथामा पाइलट, प्लेन, भिनाजु, रिँगटा, डाक्टर जस्ता आगन्तुक र टुलुटुल, पुलुक्क, उकुसमुकुस, अलमल्ल, छटपटी, डङ्ग्रङ्ङै, झस्कँदै जस्ता अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरेको पाइन्छ ।

*दिदीको माया* कथामा दिदीको प्रेमी दुर्घटनामा वितेपछि पेटमा भएको बच्चाको बुवाको नाम दिन र समाजको मुख टाल्न बहिनी जमुनाले आफ्नो प्रेमीसँग विवाह गराइदिएको छ । यसरी मानिसले समाजमा बाच्नका लागि अनेक जालझेल रच्नुपर्ने रहेछ भन्ने कुरा देखाउनु यस कथाको सारवस्तु हो ।

### ४.४.७ आँखाहरू मरेका छैनन्

*आँखाहरू मरेका छैनन्* कथा *मैनका मान्छेहरू* (वि.सं. २०६८) कथासङ्ग्रहमा सङ्गृहीत सातौँ कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको हो । तीन पदीय लामो *आँखाहरू मरेका छैनन्* शीर्षकको यस कथामा आफूलाई प्रेम गर्ने प्रेमी वा श्रीमतीले आफू मरेर पनि आफ्ना आँखाहरू अन्धा श्रीमान्लाई दिएकाले श्रीमान्ले अरूलाई

मेरी श्रीमती मरे पनि उनका आँखाहरू मरेका छैनन् भने वाक्यले यस कथाको शीर्षक सार्थक रहेको छ ।

*आँखाहरू मरेका छैनन्* कथामा सरिता र ईश्वर त्रिपाठी एउटै क्यामपस पढ्ने एक प्रेमी थिए । पछि उनीहरू श्रीमान श्रीमती भएर बसेका थिए । ईश्वर अफिसको कामले उपत्यका बाहिर जानुपर्ने भयो । जादा बाटोमा गाडी दुर्घटनामा दुवै आखा गुमाउन पुगे । जीवन धान्नका लागि सरिताले काम गर्न थालिन। समय बित्दै जाँदा उनलाई लिन पुऱ्याउन एक केटा आउन थालेपछि ईश्वरले सरितामाथि शंका गर्न थाल्यो । को हो त्यो केटा भन्दा सरिताले दाइजस्तै हो भनिन् र ईश्वरले रिसको आवेगमा सरितालाई निदाउने औषधी चियामा मिसाएर खुवाउँछ र ऊ बेहोस भएपछि मट्टितेल खन्याएर आगो लगाइदिन्छ । ऊ जलेर होसमा आएपछि छिमेकीहरूले अस्पताल पुऱ्याउँछन् । उसको अवस्था गम्भीर भएपछि सरिताले डाक्टरहरूलाई म मरेँ भने मेरो आँखाहरू मेरो श्रीमान्लाई दिनू भनिन् । भोलिपल्ट उनी रहिनन् डाक्टरहरूले उनलाई आँखा हाल्न लगे । सरिताले श्रीमान्लाई धेरै नै प्रेम गरेका कारण आँखा त दिइन् पत्रकारहरूको बयानमा पनि जीवनदेखि हार खाएर म आफै आत्महत्याको प्रयास गरेको भनिन् । यस्तो बयान सुरेर र आँखादान दिएको देखेर ईश्वर धिक्कार छ मलाई मैले उनको प्रेमलाई बुझ्न नसकेकामा भन्दै बहुला जस्तो भएर दिनरात रक्सी पिउन थाल्छ । रक्सी पिउने पसलको साहु केटीलाई उसको हाउभाउ देखेर उसको जीवनबारे जान्न चाहदा यी कुरा सवै बताएपछि ईश्वरको मृत्यु हुन्छ र कथाको अन्त्य हुन्छ ।

*आँखाहरू मरेका छैनन्* कथामा ईश्वर र सरिताको प्रेममा खुसी हुनु कथानकको प्रेमपछि उनीहरूको विवाह हुनु आदि भाग, दुर्घटनामा परेर आखा गुमाउनु देखि सरिताको मृत्युसम्म हुनु मध्ये भाग र होटलको साहुनीलाई सबै कुरा बताउनु तथा ईश्वरको बाकी जीवन पागलजस्तै बिताउन र उनको मृत्यु हुने अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यस कथाले सामाजिक यथार्थमूलक अनुभवलाई कथानकको स्रोत बनाएको छ । सुगठित कथानक भएको यस कथामा ईश्वर मार्फत् सफल आन्तरिक द्वन्द्व विधान गरिएको छ । त्यस्तै यस कथाको कथानक बन्द अन्त्य ढाँचामा सकिएको छ ।

प्रस्तुत *आँखाहरू मरेका छैनन्* कथामा ईश्वर प्रमुख पुरुष पात्र हो भने सरिता, प्रफुल्ल र मङ्गलेको हाकिम, ड्राइभर, सरिताको अफिसको केटा, डाक्टर, पुलिस, पत्रकार साथी आदि गौण पात्र हुन् । ईश्वरले मनमा अनेक कुरा सोच्नु र सरितालाई शंकाको भरमा हत्या गर्नु बहिर्मुखी तथा अनुकूल पात्र हो । ऊ स्वभावका आधारमा स्थिर र यथार्थ पात्र हो । आफ्नी श्रीमतीसँग अन्य केटा लागको शंका गर्नु र पछि उसको हत्या गर्नुले ईश्वर वर्गीय पात्र हो । त्यस्तै सरिता, पसले केटी आदि मञ्चीय पात्र हुन् ।

कथाकारले *आँखाहरू मरेका छैनन्* कथामा सहरमा पढ्न आएका र त्यही काम गरी बसेकाले कथामा ग्रामीण उच्च तथा निम्नवर्गीय समाज र सहरी वातावरणको यथार्थ परिवेश रहेको देखिन्छ । यस कथामा कथाकारले कथानक आफै उपस्थित भएर कथा प्रस्तुत गरेका छन् । यसका कथाकारले कथाको प्रमुख पात्र ईश्वरमा केन्द्रित भई उसैको क्रियाकलाप तथा मनोजगत्को वर्णन गरेका छन् । कथामा अन्य प्रसङ्गहरू ईश्वरकै मूल कार्यव्यापारलाई पृष्ठपोषण गर्न प्रस्तुत भए झैं लाग्दछ । यसरी कथाकारले सीमित पात्रको कार्यव्यापार तथा मनोजगत्को वर्णन गरेकोले कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको देखिन्छ ।

प्रस्तुत *आँखाहरू मरेका छैनन्* कथामा पात्रका स्तर सुहाउँदो भाषाशैलीको प्रयोग गरिएको छ । कथामा निम्नस्तरीय पात्रले सरल, सरस र कथ्य भाषाशैलीको प्रयोग गरेका छन् । कथामा शिक्षित पात्रहरूको उपस्थितिले गर्दा रेस्टुराँ, क्याम्पस, अफिस, हाकिम, ड्राइभर जस्ता आगन्तुक शव्दको पनि प्रयोग भएको छ ।

प्रस्तुत *आँखाहरू मरेका छैनन्* कथामा ईश्वरको दुर्घटनामा आँखाहरू गुमेपछि श्रीमती अफिस जाने क्रममा ईश्वरले आफ्नी स्वास्नीप्रति शङ्का गर्छ । यसरी पितृसत्तात्मक नेपाली समाजमा पुरुषहरू सानो कुराले पनि नारीमाथि शङ्कालु दृष्टिले हेर्छन् भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.८ रातो कोट

*रातो कोट* कथा *मैनका मान्छेहरू* (वि.सं. २०६८) कथासङ्ग्रहमा सङ्गृहीत आठौं कथा हो । प्रस्तुत कथामा मार्च ८ तारिकका दिन महिलाहरूको कार्यक्रममा जादा आफू निम्न स्तरको देखाउँन साथीको पुरानो रातो कोट मागि गएकाले समाजमा आँखामा छारो

हाल्न कति सक्क गर्दा रहेछन् भनी देखाउँन आफ्नो रातो कोट कमरेटले कार्यक्रममा जानलाई लगाएको प्रसङ्ग रहेकाले कथाको शीर्षक सार्थक रहेको छ ।

*रातो कोट* कथामा 'म' पात्र कुपन्डोल स्थित पार्टी कार्यालयमा कार्यरत हुन्छन् । त्यहाँको कमरेट चम्पा ठूलै व्यक्ति हुन्छिन् । उनको लवाई खवाई कुनै उच्च खान्दानी परिवारको भन्दा कम हुँदैन तर एक दिन उनको पुरानो हुन लागिसकेको रातो कोट माग्न आउँदा उनी छक्क पर्दछिन् । मनमनै दङ्ग पनि पर्दछिन् कि त्यति ठूला व्यक्तिले मेरो पुरानो कोट मागे भनेर । समय बित्दै गयो कुरा जनआन्दोलनको थियो । 'म' पात्रलाई कुनै एउटा गाउँमा पठाइयो । त्यहाँ द्वन्द्वको अगुवा भएर जानुपर्ने भयो द्वन्द्वमा सुरक्षाकर्मीहरूले घेरा हालेका स्थानमा फसेपछि उनीहरूको हंसले ठाउँ छोड्यो । घना जङ्गलमा भएका कारण फोन पनि लागेन र पछि म्यासेज आएको रहेछ । तिमीहरू घेरामा परेका छौ । त्यसपछि उनीहरू एक स्थानमा लुकेर बसे पानी बेसरी परेकाले उनीहरूले आफूलाई नदेखेका र विपरीत दिशाबाट २ घण्टा हिडेर सेन्टरमा पुगे । त्यसको भालिपल्ट कमरेट नितेस त्यहाँबाट हिँडे तर एक हप्तापछि पार्टीले शक्तिप्रदर्शन गर्ने भयो र हामी फेरि युद्धमा हिँड्नुपर्ने भयो । त्यस युद्धमा 'म' पात्रको शरीरमा गोली लाग्यो साथीहरूले डोकोमा राखेर सेन्टरमा ल्याए । उनको शरीरको आधा अङ्ग नचल्ने भयो र आफ्नै गाउँ आफ्नै घरमा थन्किए । साथ चम्पा कमरेट उनलाई भेट्न आउँदा पो थाहा भयो मार्च ८ का दिन एक कार्यक्रममा जान पुरानो लुगा नभएकाले उनको रातो कोट लगाएर समाजको आखामा छारो हाल्न रहेछ । यस्तो कुरा थाहा पाएपछि 'म' पात्रलाई राजनीति देखेर घृणा लाग्छ । उनले देश र जनताका लागि ज्यान दिए तर आज उनी त्यही पुरानो घरमा अशक्त अवस्थामा जीवन बिताइरहेका छन् । उनलाई कसैको सहयोग मिलेको छैन भन्दै कथाको अन्त्य भएको छ ।

*रातो कोट* कथामा 'म' पात्र काठमाडौंमा क्याम्पस पढ्न आउनु, पार्टी कार्यालयमा जागिर खानु कथानकको आदि भाग हो भने जनआन्दोलन चर्किएपछि जिल्ला जिल्लामा द्वन्द्वमा होमिनु मध्य भाग र आफू घाइते भएपछि पार्टी र राजनीतिको केही काम नलागी आफ्नै घर फर्किनु अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्त्यतको रैखिक कथानक ढाँचा रहेको छ । यस कथाले द्वन्द्वको समयमा यथार्थमा आधारित जनआन्दोलनका घाइतेहरूको कथाव्यथालाई कथानकको स्रोत बनाएको छ ।

प्रस्तुत *रातो कोट* कथामा 'म' पात्र प्रमुख पात्र हुन् भने चम्पा सहायक पात्र हो र कमरेट साथीहरू, सुरक्षाकर्मी तथा साथीहरू गौण पात्र हो । स्वभावका आधारमा हेर्दा 'म' पात्र गतिशील हो । ऊ देश र जनताको लागि ज्यान दिने बहिर्मुखी पात्र हो । त्यस्तै आसन्नताका आधारमा 'म' मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

कथाकारले कथामा राजनीतिमा जीऊ ज्यान दिने घाइतेहरूको घटनाक्रहरू प्रस्तुत गरेकाले यस कथामा काठमाडौं, जिल्लाका घना जंगलहरूमा द्वन्द्व हुने स्थानलाई परिवेश बनाएका छन् भने 'म' पत्र गाउँबाट शहर पढन् आएकाले ग्रामिण परिवेश पनि यहाँ प्रस्तुत गरेको पाइन्छ । प्रस्तुत कथामा पात्रका स्तर सुहाउँदा कथ्य र लेख्य दुवै भाषाशैलीको प्रयोग गरिएको छ । कथामा सरल र सरस भाषाशैली रहेको छ ।

*रातो कोट* कथामा 'म' पात्र जीवन जीउने क्रममा पार्टीमा लागेको जनआन्दोलमा होमिएको र आफू अशक्त भएर जीवन विताएको देखिन्छ । कथामा राजनीतिमा ठूलाठालु भनाउँदाहरू उच्च ओहोदामा बसेका, ऐशआराम गरेका, चिल्ला गाडी र ठुलठूला घरमा बसेका तर आन्दोलनमा होमिनेहरूको हालनभने पहिलकै झैँ भएको बताएका छन् । अतः कथाकारले यिनै प्रसङ्गमार्फत नेपाली ग्रामीण समाजमा अझै पनि जनआन्दोनका घाइतेहरू रहेको र उनीहरूलाई कुनै कुराको सहयोग नपाएको कुरालाई देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.९ पर्खाइ

*पर्खाइ* कथामा अमरका बुवाआमाको जुनेलीलाई बुहारी बनाउने सपनामा मात्रै सीमित भएको छ भने जुनेलीले कुमारी मन्दिरमा खाएको कसम झुट साबित हुन पुगेको छ । यसरी जुनेली र बुवाआमाको आशाको दियो सदाका लाीग निभेको वा सदाका लागि पखाईमा बसेकाले यस कथाको शीर्षक सार्थक रहेको छ ।

*पर्खाइ* कथामा जुनेली कसैकी छोरी हो । उसको गाउँकै केटा अमरसँग प्रेम बसेको हुन्छ र अमर विदेश जानुअघि नै गाउँकै देवी मन्दिरमा एकअर्कासँगसँगै जीउने कसम खाएका हुन्छन् । अमर दुबई गएको हुन्छ । अमर एक्लो छोरा भएका कारण उनको घरमा उनका बाबुआमालाई रेखदेख गर्ने कोही नभएका कारण जुनेली समय समयमा हेरविचार गर्न जाने गर्दछिन् । कुरा २०५३ साल कार्तिकको हो । दशैँतिहार आउन लागेकाले जनेलीले आफ्नो र अमरको घर लिपपोत गरी फूलहरू सजाइ घर सरसफाइ गरी राखेकी हुन्छ । त्यो

तिहारमा अमर पनि नेपाल आउने भएको छ । अमरकी आमाले जनेलीलाई आफ्नो बुहारी बनाउने कुरा समेत भएको हुन्छ तर अचानक अमर नेपालको काठमाडौँ आएपछि घर आउने क्रममा डामेस्टिक प्लेन दुर्घटना हुन्छ । अमरले जुनेलीलाइ कार्तिक २६ गते दिनको ठिक २ बजे बजारमा लिन आउनु भन्ने कुरा फोनमा गरेपछि जुनेली गाउँकै सन्ते दाइलाई लिएर जान्छिन् तर अमर सदाका लागि विदा भैसकेको हुन्छ त्यतिकैमा कथाको अन्त्य हुन्छ । कथामा दुवई काठमाडौं र ग्रामीण परिवेशको चर्चा गरिएको छ । कथामा विदेशदेखि सहर हुँदै गाउँको झल्को दिएकोले कथा आजभोलिको समय सन्दिर्भिक पनि रहेको पाइन्छ ।

प्रस्तुत *पर्खाइ* कथामा अमर र जुनेली प्रमुख पात्र हुन् भने अमरका बाबुआमा, जुनेलीका बाबुआमा सहायक र हर्के दाई, कृष्णमाया, सन्ते दाई, गाउँकी बहिनी आदि गौण पात्र हुन् । स्वभावका आधारमा हेर्दा पहिला पहिलाको रितिरिरवाज अनुसार घर र माइतिमा छोरी र बुहारीको भूमिका निभाएकीले गतिशील पात्र हो । पछिल्लो समयमा आफ्नै छोरासँग विवाह गरीदिने र बुहारी बनाउने सोच राख्नुले ऊ बहिर्मुखी पात्र हुनाका साथै मञ्चीय पात्र हो । त्यस्तै आजको समयमा प्रेम विवाहलाई सहजै स्वीकार गर्नु कथा आमाबाबु तथा समाज आदर्श पात्र हो ।

प्रस्तुत *पर्खाइ* कथामा पात्र सुहाउँदा सरल, सरस  तथा हृदयस्पर्शी मध्यमवर्गीय ग्रामीण भाषाशैलीको प्रयोग गरिएको छ । तथापि दुबईमा कार्यरत अमर र उसैको गाउँघरकै प्रेमी जुनेलीका मिठा संवाद, अमरका आमाबाबुले जुनेली सँग बोलेका शब्दहरूले पनि भाषिक स्तर समान हुनुले पात्र अनुसारको भाषा प्रयोगमा कथाकारको ध्यान पुगको पाइन्छ । त्यस्तै यस कथामा वर्णनात्मक शैलीको प्रयोगाधिक्य रहेको पाइन्छ ।

*पर्खाइ* कथामा अमर र जुनेलीको माया प्रेम हुन्छ । अमर विदेश जान्छ तर जुनेलीले माइती र घर दुवैको रेखदेख गरी बसकी हुन्छे तर अमर घरआउने क्रममा दुर्घटनामा परेर मर्छ । कथामा सवै अलपत्र भएको अवस्था देखिन्छ । कथामा विवाह अघिनै देवीदेवताका गएर प्रेमको कसम खानु, विवाह पूर्वनै केटाको घरमा जानेआउने गर्नु नेपाली समाजमा विकृति फैलाएको पाइन्छ । विवाहपछि हुनुपर्ने कार्यहरू विवाहअघि नै गर्दा कस्ता खालका समस्याहरू झेल्नुपर्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.१० बन्दुक र कलम

*बन्दुक र कलम* कथा *मैनका मान्छेहरू* (वि.सं. २०६८) कथासङ्ग्रहको दसौँ कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको हो । यस कथामा प्रमुख पात्र 'म' पात्रले पढाइ, घरपरिवार सवै त्यागेर जनयुद्धमा लागेर पनि अन्तिममा पछुतो मानी बन्दुक भन्दा कलम समातेको भए हुन्थ्यो भन्नुले यस कथाको शीर्षक बन्दुक र कलम सार्थक रहेको छ ।

*बन्दुक र कलम* कथामा माओवादीको द्वन्द्धकालमा भएका यथार्थ घटनालाई प्रस्तुत गरिएको छ । 'म' पात्रले सानै उमेरमा कलम नसमाती बन्दुक समाउनाको पीडा यस यस कथामा व्यक्त भएको छ । 'म' पात्र सानै हुँदा आमोवादीको बन्दुक समाउन पुग्छन् । त्यहाँ अनेक दुःख कष्ट झेलेर पनि उनको जीवन दुःख र अभावमै वित्यो । उसँगका ठूलाठालु भनाउँदाहरू चिल्ला गाडी, ऐसआराम गरी विताएका छन् । लडाईमा बन्दुक बोकी लड्ने सोजासाझा जनता तर कुर्सीमा बसेर अडर लगाउनेहरू आज ठाउँमा पुगेका छन् । बरु जमुनाले कलम समातेर आज जान्ने बुझ्ने भएकी छ । घरपरिवार चलाएकी छ । सानोतिनो जागिर गरेर पैसा कमाएकी छ । आफू जीवनभर लडाइँ गरेर उसको कुरा चुपलागेर सुन्नु परेको छ भन्दै बन्दुक र कलमको तुलना गरी यहीँ कथाको अन्त्य हुन्छ ।

प्रस्तुत *बन्दुक र कलम* कथामा जनआन्दोलमा होमिएका सोजासाझा जनताको पिर र व्यथालाई यस कथामा प्रस्तुत गरीएको छ । 'म' पात्र प्रमुख पात्र हो भने शैलेस कमरेट सहायक पात्र र जमुना, इन्द्रकुमारी र वीरमाया सहिद आदि गौण पात्र हुन् । सुरुदेखि नै देश र राष्ट्रको हितका लागि हिँडेको 'म' पात्र अनुकूल तथा स्थिर पात्र हो । जीवन जिउनका लागि बन्दुक बोक्न बाध्यता भएको 'म' पात्र निम्नवर्गीय पात्र हो । जीवनचेतनाका आधारमा 'म' पात्र वर्गीय पात्र हो भने आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

प्रस्तुत *बन्दुक र कलम* कथामा ग्रामिण परिवेशको चित्रण पाइन्छ, ठूला नेताहरूको बयान गाइनुले ऐसआरामका कुरा गर्नुले सहरिया परिवेश पनि रहेको पाइन्छ । कथामा सरल, सरस र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिए पनि मूलतः संवादात्मक भाषाशैलीको नै प्रबलता रहेको छ । संवादका क्रममा

कमरेट शैलेसले द्वन्द्वका बारेमा अलि घुमाउरो र कतै-कतै आलङ्कारिक भाषाको पनि प्रयोग गरिएको छ । यस *बन्दुक र कलम* कथामा आफूले कलम नसमाएर बन्दुक समाउनाले घरको न घाटको हुनु परेको अवस्था देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.११ विवाह

*विवाह* कथा *मैनका मान्छेहरू* (वि.सं. २०६८) कथासङ्ग्रहमा सङ्गृहीत एघारौँ कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको हो । यस कथामा उरु र मिनु केटी केटी भएपनि विवाह गरी जीवन विताउने निर्णय गरेकाले यस कथाको *विवाह* शीर्षक सार्थक रहेको छ ।

*विवाह* कथामा विद्यालय शिक्षा पुरा गरेपछि उरु सावित्री, अनिता किरण मिनु सबै आफ्नो बाटो लाग्दछन् । मिनु र उरु काठमाडौं भएर क्याम्पस पढ्ने इच्छा राखेपछि परिवारलाई मन्जुरी गराएर चरीकोटबाट उनीहरू काठमाडौं हिड्छन् । चिनेको दाईले एक कोठा खोजिदिन्छन् र उनीहरू त्यही कोठामा बसी विहान सरकारी क्याम्पस र दिउँसो रेस्टुरेन्ट कार्य गर्दछन् । काम गर्ने सिलसिलामा मिनुले उरुलाई गाजेन्टको भूमिका निभाउँछिन् । कोही केटाहरूसँग नजिक हुन दिन्नथिन् । कसैले जिस्क्याएको मन पर्दैनथ्यो तर एक दिन मिनुले हामी दुवै विवाह गरी बसौं भन्ने आग्रह गरेपछि उरुले पनि मन्जुर गरिन् र कथाको अन्त्य हुन्छ ।

प्रस्तुत *विवाह* कथामा उरु र मिनु घटनाक्रमलाई अगाडि बढाउने प्रमुख पात्र हुन् भने सावित्री, अनिता, किरण, भाउजू, अर्धबैंसे आदि गौण पात्र हुन् । उरु आफ्नो साथीको भावना बुझी आफूलाई समर्पित गर्नसक्ने स्थिर पात्र हो । त्यस्तै आसन्नताका आधारमा उरु र मिनु मञ्चीय तथा आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

*विवाह* कथामा आर्थिक रूपले सम्पन्न नरहेकाले काठमाडौंमा पढाइसँगसँगै काम पनि गर्नुपर्ने बाध्यताले निम्नवर्गीय ग्रामीण परिवेशको विधान गरेको पाइन्छ । कथामा चरीकोटदेखि काठमाडौंसम्मको परिवेश देखाइएको छ । यसरी 'म' पात्रको रूपमा प्रयोग गरिएको 'उरु' प्रमुख पात्र भएकाले कथामा तृतीय पुरुष शैलीको आन्तरिक केन्द्रीय दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ । प्रस्तुत कथामा पात्र सुहाउँदा सरल, सरस र स्तरीय

भाषाशैलीको प्रयोग गरिएको छ । कथामा रेस्टुरेन्ट, मिसकल, टिभी, एभिन्युज जस्ता आगन्तुक शव्दको पनि प्रयोग भएकाले शिक्षित पात्रहरूको आभास गराएको छ ।

*विवाह* कथामा हिजोआज शिक्षित र योग्य जनशक्ति नाम र दाम कमाउने प्रलोभनमा काठमडौं आउने क्रम जारी रहेको छ । यसरी काठमार्डांमा बस्दा कत्ति दुःखकष्ट हुँदो रहेछ । साथीको भूमिका कस्तो हुँदो रहेछ भन्ने कथामा देखाइएको छ । त्यस्तै कथाम मिनु केटी भए पनि केटाको स्वभावको भएकी र उरुलाई आफूले संरक्षक गरी राखेकी हुन्छिन् । घरको कामधन्दा भने सवै उरुले नै गदछिन् । एक दिन टिभीमा उनीजस्तै स्वभाव भएका साथीको इन्टरभ्यू आयो । उनीहरूले पनि मनमिलेपछि विवाह गरेकार यौनचाहना भएमा आफूलाई सम्हाल्ने कुरा व्यक्त गरेपछि मिनुले पनि विवाह गरी बस्न आग्रह गर्दछिन् । उरुले आफ्ना बाबुआमाको अनमेल भएको, बुवाले रातभरि आमालाई रुवाएको कुरा सम्भि मिनुलाई हुन्छ हामी विवाह गरु र यौन चाहना भएमा भित्रभित्रै दवाएर राख्ने कुरा गरेकाले मन मिलेमा केटी केटी पनि विवाह गर्दा हुन्छ भन्ने जस्ता कुराहरूलाई देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.१२ जिन्दावाद र मुर्दावादका नाराहरू

*जिन्दावाद र मुर्दावादका नाराहरू* कथा *मैनका मान्छेहरू* (वि.सं.२०६८) कथासङ्ग्रहको बाह्रौं कथाका रूपमा रहेको छ । यस कथामा आफ्नो एक्लो छोरा देशमा भएको आन्दोलनमा गोली लागि सहिद भएपछि विरक्तिएर बाबुले सडक सडकमा जिन्दावाद र मुर्दावादका नाराहरू लगाउँदै हिँडेकाले *जिन्दावाद र मुर्दावादका नाराहरू* कथाका शीर्षक *जिन्दावाद र मुर्दावादका नाराहरू* सार्थक रहेका छ ।

*जिन्दावाद र मुर्दावादका नाराहरू* कथामा निम्नवर्गीय परिवारको व्यक्तिको गाउँमा श्रीमतीको मृत्यु भएपछि खानलाउन पनि धौंधौ भएकाले सहर पस्दछन् । सहर पस्दा छोरा विद्यालय पढ्ने १७ वर्षको केटा हुन्छ । बाबु भरिया काम गर्ने र छोरा बिहान विद्यालय जानेर दिउसोभरि वदाम बेच्ने कार्यगरी गुजारा गरिरहेको हुन्छ । अचानक एकदिन आन्दोलनमा गोली लागेर बूढाको छोराको मृत्यु हुन्छ । बुढा आकुलव्याकुल भएर सडक सडकमा जिन्दावाद र मुर्दावादका नाराहरू लगाएर हिँड्ने क्रममा म पात्रले चिया पसलमा लगी सोधेको कुरा कथामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत *जिन्दावाद र मुर्दावादका नाराहरू* कथामा वूढा मान्छे प्रमुख पात्र हो भने 'म' पात्र र छोरा सहायक  र डाक्टर, पुलिस, केटाहरू, मन्त्री, नेता गौण पात्र हो । जीवनचेतनाका आधारमा ऊ व्यक्तिगत र अनुकूल पात्र हो । त्यस्तै आसन्नताका आधारमा वूढो मान्छे आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

*जिन्दावाद र मुर्दावादका नाराहरू* कथामा कथाकार कथाभित्र बसेर सीमित दृश्य एवम् पात्रका मानसिक जगत्मा विचरण गरेका छन् । सीमित पात्रका मनोजगत् नियाल्दै अन्य प्रसङ्गहरूलाई भने घटनाका आधारमा टिप्पणी  तथा विश्लेषण गरेका छन् । यसरी

प्रस्तुत *जिन्दावाद र मुर्दावादका नाराहरू* कथामा सामान्य निम्नवर्गीय पारिवारिक वृत्तका पात्रहरूको प्रयोग गरिएको छ । उनीहरूले नै प्रयोग गर्ने सामान्यार्थक, बोधगम्य र सरस भाषाशैलीले कथा हृदयस्पर्शी बनेको छ । वर्णनात्मक शैलीमा अगाडि बढेको यस कथामा मूलतः संवादात्मक भाषाशैलीको प्रयोगाधिक्य रहेको छ । संवादका क्रममा पात्र सुहाउँदा उच्चस्तरीय र मध्यमवर्गीय भाषाको प्रयोग गरिएको छ । क्लिष्ट र दुर्बोध्य भाषाशैलीको न्यूनता रहेको यस कथामा जनआन्दोलनका शव्दहरू कर्फ्यू, गोली, सहिद जस्ता आगन्तुक स्रोतका शब्दहरूको पनि प्रयोग गरिएको छ ।

*जिन्दावाद र मुर्दावादका नाराहरू* कथामा आन्दोलनको नाममा सोजासाभ्रा जनताहरू परेको प्रसङ्ग व्यक्त गरिएको छ । वुढाको छोरालाई जिन्दावाद र मुर्दावादका नाराहरूको अर्थ नै थाहा छैन । ऊ आफ्नो दुःख गरेर जीवन विताइरहेको हुन्छ । आन्दोलनको गोली लागेर मृत्यु भएकाले उसलाई सहिद घोषण गर्नु उचित होइन भन्ने अभिव्यक्ति देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.५.१३ पारपाचुके

*पारपाचुके* कथा *मैनका मान्छेहरू* (वि.सं. २०६८) कथासङ्ग्रहको तेह्रौं कथाको रूपमा सङ्गृहीत रहेको छ । यस कथामा आमा र छोरी दुवैको विभिन्न कारणले गर्दा *पारपाचुके* भएकाले कथाको शीर्षक सार्थक रहेको पाइन्छ ।

*पारपाचुके* कथामा 'म' पात्र र उनको श्रीमानको राम्रो घरबार चलिरहेको हुन्छ । 'म' पात्रले घरपरिवारलाई खुसी राख्दै ३ सन्तानकी आमा पनि बनेकी हुन्छिन् । फुर्सदका

समयमा 'म' पात्र दरवारामर्गको उत्तरपट्टिको घरको एक कुनामा एक भाले र पोथीको जीवनलीला हेर्ने गर्दथिन् । भाले र पोथी मिलेर बसेका हुन्छन् । आहार खोजेर ल्याई आफ्ना वचेरा र पोथीलाई दिन्थ्यो । २/४ दिन भाले हरायो र घर आउँदा पोथी पनि लिएर आयो । त्यो पहिलेको पोथीले ठुँगेर तिनीहरूलाई त्यस गुडाट निकालिन् आफूले पनि नयाँ भालेलाई लिएर आनन्दले बस्न थालेको हेर्ने गर्दथिन् । तर अचानक आफ्नो जीवनमा पनि त्यही भालेले झैं लोग्नेले पनि अर्की केटी ल्याएपछि उनले घरबाट निकालिन् तर आफूले भने अर्को केटा ल्याएर बस्न नसकेकोले मनमा दुःख व्यक्त गरेकै समयमा छोरीले अमेरिकाबाट फोन गरी दिनेश ज्वाइँसँग पारपाचुके गरेको सुनाउँछिन् र कथाको अन्त्य हुन्छ ।

प्रस्तुत *पारपाचुके* कथामा सम्पूर्ण घटनाक्रमलाई अगाडि बढाउँदै लैजाने 'म' पात्र प्रमुख पात्र हो भने छोरी, लोग्ने सहायक र २ सन्तान, अर्की आइमाई आदि गौण पात्र हुन् । स्वभावका आधारमा जैविक आवश्यकतास्वरूप परपुरुषसँग सम्पर्क बढाउने ईच्छा हुनुले 'म' पात्र गतिशील पात्र हो । पतिव्रता धर्मको उल्लङ्घन गरी छोरीले पारपाचुके गर्नु 'म' पात्रको छोरी प्रतिकूल र यथार्थ पात्र हो ।

प्रस्तुत *पारपाचुके* कथामा दरबारमार्गको उत्तरपट्टिको घरको बयान गर्नु र अमेरिकाको छोरीको कुरा गर्नुले प्रमुख पात्रहरूको कार्यक्षेत्र काठमाडौं हो । अमेरिका नै भएकाले यस कथामा मूलतः काठमाडौंको सहरिया परिवेशको चित्रण गरिएको पाइन्छ ।

*पारपाचुके* कथामा कथाकारले सीमित दृश्य एवम् पात्रका मानसिक जगत्मा विचरण गरेका छन् । त्यस्तै कथामा देखापरेका अन्य घटनाक्रमहरूलाई बाह्य तथा सतही रूपमा मात्रै वर्णन गरिएको छ । यसरी कथाकार स्वयम् आफै उपस्थित भएर सीमित पात्रका बाह्य क्रियाकलाप तथा आन्तरिक मनोजगत्मा विचरण गरेकाले यस कथामा प्रथम तथा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिविन्दु प्रयोग भएको पाइन्छ ।

कथाकारले *पारपाचुके* कथामा सरल, सरस तथा बोधगम्य भाषाशैलीको प्रयोग गरेका छन् । वर्णनाधिक्य भएको यस कथामा मध्यमवर्गीय पात्र सुहाँउदा भाषाशैलीको प्रयोग गरेका छन् । स्तरीय लेख्य भाषाको प्रयोग गरिएको यस कथामा यौनका पराकाष्ठालाई कलात्मक भाषामा शिष्ट र मर्यादित ढङ्गले प्रस्तुत गरिएको छ । त्यस्तै कथामा अनुकरणात्मक स्रोतका छक्क, दिक्क, थचक्क र अङ्ग्रेजी आगन्तुक शब्दहरूको पनि

प्रयोग गरिएको छ । सामाजिक यथार्थमा आधारित रागात्मक सौन्दर्ययुक्त कथानकको चयन गरिएको छ ।

### ४.४.१४ बाँध फुटेपछि

*बाँध फुटेपछि* कथा *मैनका मान्छेहरू* (वि.सं.२०६८) कथासङ्ग्रहमा सङ्गृहीत चौधौं कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको हो । यस कथामा बाँध फुटेपछि परिवारका सवै बगाएर वूढी आमा मात्र बाचेकाले बुढीआमाले बाँध फुटेपछि मेरो मन पनि फुट्यो भन्नुले कथाको 'बाँध फुटेपछि' शीर्षक सार्थक भएको पाइन्छ ।

*बाँध फुटेपछि* कथामा एक दिन एक खोलाको बाँध फेटेपछि जेठी आमैका छोरा हेर्दाहेर्दै पानीमा बगाउँछ । बुढीका मनमा बुहारी बुधुवा भई, मेरो लौरो भाचियो, छोराछोरीको बुवा खोसियो भन्ने सोच्दछे यतिकैमा उनका अन्य सदस्यहरू पनि बगाएर लाग्छ । बुढी खङ्रङ्ग हुन्छे । उनी टोलाएर त्यही जीवन समर्पण गर्न चाहन्छे तर गाउँकै आइतेले जेठीआमै बाचेकुचेका गाउँलेहरू पारि गएर बसेका छन् हामी पनि त्यहीँ जाऊ भनेपछि बुढी हओस् भनी विस्तारै जान्छिन् । पारि हवाइजहाजबाट खानेकुरा ओरालेकाले त्यहाँ जुलुस जागेको देखेर बुढीआमा मर्ने मरेर गए पनि बाच्नेले खानुपर्ने रहेछ भन्ने ठानेर त्यो एक पोका लिएर खान थाल्छे र कथाको अन्त्य हुन्छ ।

*बाँध फुटेपछि* कथामा बुढी आमा प्रमुख स्त्री पात्र हो भने आइते सहायक पात्र र छोराबुहारी, नातिनातिनी आदि गौण पात्र हुन् । स्वभावका आधारमा हेर्दा बुढीआमाका सबै बाँध फुटेपछि बगाएर पनि आफू बाँच्नका लागि पेट पाल्नुपर्ने कुराले ऊ गतिशील र गोलो पात्र हो । ऊ आफ्नो मनको कुरा मनमै खेलाउने अन्तर्मुखी र सबै गाउँलेको उद्धार गरेका कारण अनुकूल पात्र पनि हो । त्यस्तै जीवनचेतनाका आधारमा ऊ व्यक्तिगत पात्र हो । त्यस्तै आसन्ताका आधारमा बुढीआमा बद्ध पात्र हुन् ।

*बाँध फुटेपछि* कथामा कोशीको ब्यारेकको बाँध फुटेपछिको कुरा गरेकाले पूर्वको कोशीलगायत त्यहीँको ग्रामीण भेगका डाँडाकाँडा, खोलानालालाई परिवेशको पनि चित्रण गरिएको छ ।

कथाकारले ***बाँध पुटेपछि*** कथामा 'म' पात्रले आफू बुढीआमा बनेर वर्षेनी खोलानालाको बाँध फुटी परिवारको तहसनहस भएको घटना देखाउनु नै यस कथाको सारवस्तु रहेको पाइन्छ ।

### ४.४.१५ डी.भी

प्रस्तुत कथामा बाबु छोरामात्र भएको र त्यसमा पनि छोरालाई अमेरिका जाने डी.भी चिठ्ठा परेपछि आफूसँग भएको एउटा घरसमेत बेचेर बुढा भएको बाबुलाई एक्लो पारेर गएपछि बाबु पिरोलिएको कथाले यस कथाको शीर्षक 'डी.भी' सार्थक रहेको छ ।

प्रस्तुत *डी.भी.* कथामा 'म' पात्र शिक्षित युवा हुन्छन् उनले एम.ए सम्मको पढाइ पूरा गरे तापनि कुनै जागिर नपाएकाले उनका बाबु र उनी दुःखी थिए । बाबुको कमाइले नै घरगृहस्थी चलाइरहेका बेला छोरालाई अमेरिका जाने भाग्यदय चिठ्ठा पर्छ । त्यो कुरा बाबुलाई आएर सुनाएपछि बाबु बुढेसकालको लौरो खोसियो भन्दै दिक्क मान्छन् । तर छोराले बाबुलाई पनि पछि लानमिल्ने बताएपछि राष्ट्रप्रेम दर्साउँदै तेरी आमा पनि यहीँ बितिन् म जन्मेको हुर्केको देश छोडेर बुढेस कालमा कतै पनि जान्न भन्छन् तर छोराले अनेक प्रलोभन देखाएपछि बाबु चित्त बुझाउँछन् । अमेरिका जान ४/५ लाख जति चाहिएकाले बाबुले त्यति रकम दिन नसकेकाले भविष्य बन्छ, कमाएर तिरौला भन्दै आफूसँग भएको एक घरपनि बेचेर बाबुलाई डेरामा बस्ने सल्लाह दिन्छ । बुवा झन् चिन्तित हुन पुग्छन् तर छोराको खुसीका लागि उसले छोरालाई केही नभनी घर बेचेर आफू डेरामा बस्छ र छोरालाई अमेरिका उडाउँछ त्यतिकैमा कथाको अन्त्य हुन्छ ।

*डी.भी.* कथामा नेपाल र विदेशको चित्रण रहेकाले काठमाडौँ र अमेरिकालाई परिवेश बनाएका छन् । कथामा विदेशदेखि सहर हुँदै गाउँको झल्को दिएकोले कथा आजभोलिको समय सन्दिर्भिक पनि रहेको पाइन्छ । आजको दिनमा पनि हरेक वर्ष नेपालबाट २/३ सय व्यक्ति अमेरिकामा डि.भी परेर जाने गरेको पाइन्छ ।

*डी.भी.* कथामा बाबु र छोरा दुःख का जीवन विताउनु, छोराले डिग्रीको सर्टिफिकेट हातमा हुँदा पनि कतै जागिर नपाउनु, बाबुकै कमाइले खानुपरेको आदि भाग, छोरो बेरोजगारीले भौँतारिरहेको बेला अमेरिका जाने चिठ्ठा डि.भी. पर्नु मध्य भाग र डी.भी. परेपछि छोरा खुसी हुनु, बाबु भने बुढेशकालको लौरो खोसियो भन्ने चिन्तामा डुब्नु र

घरबास पनि जानु, छोरा पनि जानुले आकुल व्याकुल भएर पिरोलिनु कथाको अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यस कथाले दुई दशकदेखि चल्दै आएको डी.भी प्रथा आजको समयमा पनि उत्तिकै समसामयिक रहेको सामाजिक यथार्थमूलक अनुभवलाई कथानकको स्रोत बनाएकी छन् । सुगठित कथानक भएको यस कथामा बाबुमार्फत् सफल आन्तरिक द्वन्द्वको विधान गरिएको छ ।

प्रस्तुत *डी.भी.* कथामा पात्रका स्तर सुहाउँदो भाषाशैलीको प्रयोग गरिएको छ । कथामा निम्नस्तरीय पात्रले सरल, सरस र कथ्य भाषाशैलीको प्रयोग गरेका छन् । कथामा शिक्षित पात्रहरूको उपस्थितिले गर्दा डी.भी, अमेरिका, डिग्री, सर्टिफिकेट, क्याम्पस, अफिस, जस्ता आगन्तुक शव्दको पनि प्रयोग भएको छ ।

प्रस्तुत *डी.भी.* कथामा शिक्षित भएर पनि नेपालमा बेरोजगारी बन्नु परेको पीडा तथा छोरालाई डी.भी. परेपछि छोरा त खुसीले गद्गद् भएको तर बाबु भने एक्लै नेपाल कसरी वस्ने वा छोरासँग विदेश गएभने आफू जन्मिएको ठाउ, देश छोडर कसरी जाने भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.१६ बर्दी

*बर्दी* कथामा आर्मी केटाले एक सिधासाधा गाउँकी केटीलाई फसाइ प्रेममा पारेर जीवन नै तहसनहस पारेको हुन्छ । हाम्रो समाजमा बर्दीमा भर्ती भएकाले केटीलाई बिगार्छ भन्ने चलनचल्ती छ । त्यसैगरी यस कथामा पनि ३/४ जना केटीको जीवन बर्बाद गरेकाले 'बर्दी' कथाको शीर्षक सार्थक रहेको छ ।

*बर्दी* कथामा 'म' पात्र र भीमबहादुर भुजेलको भेट गुल्मीको चुनावमा भेट भएको हुन्छ । उनीहरू दुवै जना एउटै जिल्लाका भएकाले चिनापर्ची हुन्छ र फोनमा कुराकानी हुन थाल्छ । विस्तारै भुजेलले कुरैकुरामा आफ्नो प्रेममा पार्छ । 'म' पात्रको आग्रहमा उनीहरूले गुजेश्वरीमा २/४ जना साथीका माझमा सिन्दुर हाली विवाह सम्पन्न गर्दछन् । १/२ महिना बितेपछि बर्दी केटाले आफ्नो रूप परिवर्तन गर्दै जान्छ । 'म' सँग पैसा धुत्ने, यातना दिने गरेपछि उसले पनि श्रीमान्लाई शंकाका दृष्टिले हेर्छे । एक दिन तरकारी किन्न जान्छु भनेर अर्को कोठामा लुकेर बस्छेर लोग्नेले अर्की केटीलाई पनि पैसा ठिक पार भन्ने आदेश दिएको सुन्छे । पछि बुझ्दै जाँदा उसका अरु तीनवटी श्रीमती बाहिर ठाउँठाउँमा राखेको

थाहा हुन्छ । 'म' पात्र एक रेस्टुरेन्टमा काम गर्दछिन् । श्रीमान् आर्मीका बर्दी हुन्छ । एक दिन उसका साथीहरूलाई घरमा पठाउँछ र उसले पनि श्रीमान्का साथीहरू भनेर चियापान गराउँछे । पछि उनीहरूबाट हातपात हुन थालेपछि उनी कराउँछिन् तर तिनीहरूले बन्दुक देखाएपछि उनी चुपचाप आत्मसमर्पण गर्दछिन् । पछि श्रीमान् आएर साले रन्डी अरुसँग सुतेकी होइन भन्दै तथानाम गाली गरेपछि श्रीमान्को असली रूप चिन्दछे र आफूलाई धिक्कार्न पुग्छे । यतिकैमा कथाको अन्त्य हुन्छ ।

प्रस्तुत *बर्दी* कथामा 'म' पात्र मुख्य पात्र हो भने भीमबहादुर भुजेल सहायक पात्र र लेग्नेका साथीहरू, गाउँलेहरू, 'म' पात्रका साथीहरू गौण पात्र हुन् । कथामा गुल्मीमा भोट हाल्न गएको कुराले गुल्मीको सेरोफेरो, गुजेश्वरीमा सिन्दुर हालेकाले काठमाडौँको सेरोफेरोलाई कथामा परिवेश बनाएको पाइन्छ । कथामा अपशब्दहरूको पनि प्रयोग भएको पाइन्छ जस्तै : साले रन्डी, ट्वाँ परेर हेर्नु आदी ।

**४.४.१७ कथाको खोजीमा भेटिएकी ऊ**

*कथाको खोजीमा भेटिएकी ऊ* कथामा मेघाको जीवन जीउने क्रममा उनका जीवनमा घटेका घटनाहरू अरुलाई सुनाउँदा कुनै कथा भन्दा कम नभएकाले कथाको शीर्षक सार्थक रहेको छ ।

यस *कथाको खोजीमा भेटिएकी ऊ* कथामा मेघाका बाबुआमा सहरमा सानो तिनो जागिर गरी बस्दथे । मेघा एक बोडिङ स्कुलमा पढ्दथिन् । एकदिन आमाले अब हामी गाउँ जाने छोरी भने पनि मेघा खुसी भइन् किनकि गाउँमा गाइ, बाख्रा हेर्न पाइन्छ । बारीमै सुन्तला फलेको हुन्छ । आदि इत्यादि उनकी आमाले भनेकी हुन्छिन् । उनीहरू गाउँ जाने क्रममा गाडीबाट झरेर हिँड्दै थिए थकाइ लागेर एक चौतारोको ढुङ्गामा बसेका बेला बाले गाउँको घरमा अर्की पनि आमा भएको बताए र उनकी आमा धेरै रोइन् । आमा रुँदै घरतिर लागे र हामी पनि पछिपछि लाग्यौँ । घरमा बज्यै, ठूली आमा र दाजु सन्ते रहेछन् सबैलाई नमस्कार गर्न लगाए । समय बित्दै गयो आमा र ठूली आमाको झगडा पर्न सुरु भयो । बाभने कहिले कहिले बेलुकी मात्र घर आउनुहुन्थ्यो । आमाले बा माओवादी भाका छन् कसैलाई नभनेस भनेकी थिइन् । मेरी साथी बहिनी पनि जन्मी तर सोही समयमा बाको द्वन्द्वका कारण मृत्यु भयो । त्यसपछि कमरेटले बाको आत्माको शान्तिका लागि भन्दै दाइ

सन्ते र मेघालाई पनि लिएर गए । जंगलमा सकसको जिन्दगी बिताएका थियौ । मेरो साथमा सन्ते दाइ हुनुहन्थ्यो र म सेफ भएको महसुस गर्दथेँ तर दाइको पनि द्वन्द्वमा परेर घाइते भएपछि माओवादीहरूले पोल खोल्छ भन्दै मृत्यु गराए र मलाई भीरबाट खसेर मर्‍यो भने । धेरै समयपछि देशमा शान्ति आयो । अगुवाहरू मन्त्री भए तर हामी बाध्य भएर घर फर्कनु पर्‍यो । घरमा आउँदा मेरी आमालाई गाउँकै केटासँग लागेको बात लगाएपछि आमाले आत्महत्या गरेको थाहा पाए । म विरक्तिँदै घरमा बसेकी थिए । एक दिन आशा अन्टी घरमा आइन् मलाई पढाउन सहर लिएर जाने निधो गरिन् । सवै कुरा सुनेपछि बज्यैले पनि हुन्छ भनिन् तर सहरमा त मैले फोहोरी काम गर्नु पर्‍यो । एक पत्रकारको सहयोगमा त्यहाँबाट भागेर आजको दिनसम्म आएकी भन्दै 'म' पात्रलाई सुनाउँछिन् । तर म पात्रले ती नानीको व्यथा सुनेर के नै गर्न सक्थिन् र उनले पनि भित्तामा झुन्ड्याएको एन.जी.ओ. को पोष्टर हेर्न थालिन । त्यसपछि कथाको अन्त्य भएको छ ।

प्रस्तुत *कथाको खोजीमा भेटिएकी ऊ* कथामा मेघा मुख्य पात्र हुन् भने सन्ते दाइ, 'म' पात्र सहायक पात्र हुन् अनि आमा, बा, ठूली आमा, गाउँका काका, कमरेडहरू, रुविन, आशा अन्टी, पत्रकार आदि गौण पात्र हुन् । कथामा सुरुमा र अन्तिममा काठमाडौँलाई परिवेश बनाइएको छ भने अन्य समयमा गाउँकै बढी दृश्य रहेको देखिन्छ । कथामा सहरमा सुखी जीवन विताएका मेघाका बाबुआमा गाउँ जानुसम्म आदि भाग हो भने गाउँमा पारिवारिक झै झगडा, माओवादी आन्दोलन र बहिनी जन्मनु तथा बाको मृत्यु हुनु मध्ये भाग हो । त्यसैगरी मेघा माओवादीमा जानु घर फर्केपछि फेरि काठमाडौं आउनु त्यहाँ अनेक दुःख पाउनु र पत्रकारले मुक्त पार्नु कथाको अन्त्य भाग हो । कथा आदि, मध्ये र अन्त्यको रैखिक ढाँचामा तयार भएको छ ।

*कथाको खोजीमा भेटिएकी ऊ* कथामा नेपालमा भएको माओवादीको द्वन्द्वकालमा नेपालका जनता तथा गाउँका सोझासाझा जनताले कस्ता खालका समस्या भोग्नु परेको थियो भन्ने कुरालाई यथार्थ घटनामा उतार्नु नै कथाको सारवस्तु हो । मेघाका जस्ता कयौ परिवारको बिचल्ली भएको छ । हजारौँले विभत्स हत्यामा होमिनु परेको थियो तर आज देशमा शान्ति आयो तर द्वन्द्वमा होमिएका जनताले केही नपाएको कुरा यस कथामा बताइएको छ ।

### ४.४.१८ राजीनामा

प्रस्तुत *राजीनामा* कथामा मञ्जुले आफू जनताको विश्वस जितेर आएको तर पार्टीभित्र आफ्नो भनाइ कसैले नसुनेका र कसैको मन जित्न नसकेकाले जनताको पसिनाका कमाइबाट पाउने यो भत्ता खाएर बाँच्नुभन्दा भैँसी पालेर गाउँमै पसिनाको कमाइबाट पाउने भत्ता खाएर बाँच्ने निर्णय गरी आजबाट यो सभासद् पदबाट राजीनामा दिन चाहन्छु भनी पत्र लेखेकाले शीर्षक सार्थक रहेको छ ।

प्रस्तुत *राजीनामा* कथामा एक सभासद् घरधन्दा, बालबच्चा सबै भ्याएर गाउँमा समाजसेवा गर्दै हिँड्ने महिला हुन् । उनलाई गाउँमा सवैले विश्वास गरेर चुनाव जिताए र पछि सभासद्सम्म बनाएका थिए । गाउँलेको उनीमाथि ठूलो विश्वास थियो । तर काठमाडौँ आएपछि सभासद् भएर मन्त्रिहरूसँग जाँदा उनीहरूले कुनै धनाढ्य घरको नोकर्नी जस्तो व्यवहार गरेका, उनीहरूको कुरा कसैले नसुनेका, २/४ जना टाउके मन्त्रीहरूको घरमा निणर्य भएको देखिन् । उनी राजनीतिमा असन्तुष्ट बन्दै गएकी थिइन् । उनी साहित्यकार पनि थिइन् । फुर्सदका समयमा किताव लेखेकी थिइन् । सोही किताब कमरेटका दिनुपर्‍यो भन्दै उनका घर पुग्दा अभद्र व्यवहार गरेपछि उनी त्यहाँबाट बाहिर निस्किन् । भोलिदेखि त्यसलई कसरी आफ्नो अनुहार देखाउनु भन्ने सोचेर घरमा आएर एक सादा पेपरमा राजीनामा पत्र तयार गरिन् । यसरी कथाको अन्त्य हुन्छ ।

प्रस्तुत *राजीनामा* कथामा सभासद् प्रमुख स्त्री पात्र हो भने कमरेट सहायक पात्र र श्रीमान, छोराछोरी, गाउँलेहरू, नेता, मन्त्री आदि गौण पात्र हुन् । स्वभावका आधारमा हेर्दा सभासद्ले देश र जनताका लागि काम गर्छु भनी कसम खाएको कुरा पूरा गर्न नपाउँदा राजीनामासमेत दिएको कुराले उनी गतिशील र गोलो पात्र हुन् । उनी आफ्नो मनको कुरा मनमै खेलाउने अन्तर्मुखी र समयसापेक्ष परिवर्तन हुन खोजेकीले अनुकूल पात्र हुन् । त्यस्तै जीवनचेतनाका आधारमा उनी व्यक्तिगत पात्र हुन् । त्यस्तै आसन्ताका आधारमा सभासद् बद्ध पात्र हुन् ।

*राजीनामा* कथामा गाउँमा चुनाव जितेर गाउँलेहरूले नै सभासद् बनाएपछि सहर आएको दृश्यले कथामा नेपालका गाउँघर तथा काठमाडौं सहर तथा सिंहदरवारलाई परिवेश

मान्न सकिन्छ । साथै काठमाडौंमा माथिल्ला ओहोदामा रहेका कमरेटहरूका विल्डिङ घरलाई पनि परिवेश बनाएको छ ।

कथाकारले *राजीनामा* कथामा 'म' पात्रले आफू महिला सभासद् बनेर देश र जनताका लागि केही काम गर्न नपाएको उनीहरूलाई नोकरको रूपमा हेरेको र माथिल्लो तहमा रहेका नेता र मन्त्रीहरूको हालिमुहालीमा देश चलेको, ठूला नेताहरूको घरमा काम परेर जादा आफूले आफ्नो इज्जत नै जोगाउन नसक्ने स्थिति आदि कुराहरूले आफूलाई चित्त नबुझेकाले अन्तिममा राजीनामा दिएको देखाउनु नै यस कथाको सारवस्तु रहेको पाइन्छ ।

### ४.५ आहाल नाटकसङ्ग्रहको नाटकहरूको विश्लेषण

हरिमाया भेटवालद्वारा लिखित *आहाल* (२०६९) नाटकसङ्ग्रह उनको पहिलो साहित्यिक नाटक र कृति हो । तीनवटा नाटकहरू सङ्ग्रह गरिएको प्रस्तुत कृति गद्य शैलीमा लेखिएको छ । शाहवंशका समयमा दरबारमा भएका विभिन्न सन्दर्भ, द्वन्द्वकालमा भएका तिता सत्यहरू र पौराणिक कालमा रावणले सीतालाई हरण गरेको प्रसङ्गलाई समेटिएर रचना गरिएको छन् । यो नाटक सङ्ग्रहका सबै नाटकहरू देश, समाज र व्यक्तिको अस्मितामाथि चिन्तनशील रहेका छन् ।

हरिमाया भेटवाल प्रस्तुत नाटकसङ्ग्रहमा सचेतताका साथ आफ्ना नाटकहरू लिएर आएकी छन् । मानिसले जन्मिसकेपछि विभिन्न समस्याका साथ अघि बढ्नुपर्दछ नै तर पनि मानिस स्वतन्त्र भएर आफ्नै अस्तित्वमा जिउनुपर्दछ भन्ने उनका नाटकहरूबाट थाहा पाइन्छ । यस सङ्ग्रहमा सङ्कलित नाटकहरूले हामीले डराएर, पछि हटेर होइन आफ्ना समस्यालाई निडरताका साथ सामना गरेर स्वतन्त्रता ल्याउनुपर्दछ भन्ने गहकिलो सन्देश दिएकी  छन् । हामीले तातो वाफमा निसासिँदै धर्तीमा बाँच्ने प्रेरणा लिएर आउनुपर्दछ । हामी आफ्नै आस्था र विश्वासमा बाँच्नु पर्दछ भन्ने अठोट यस नाटकसङ्ग्रहका संवादहरूमा व्यक्त भएको पाइन्छ । यस सङ्ग्रहका नाटकहरू प्रायः विभिन्न पत्रपत्रिका तथा रंगमञ्चमा प्रकाशित पनि भएको पाइन्छ । यहाँ प्रस्ततु सङ्ग्रहमा सङ्कलित नाटकहरूलाई नाटककै तत्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.५.१ आहाल नाटकको विश्लेषण

हरिमाया भेटवालको साहित्यिक क्षेत्रमा नाटक लेखनको यात्रा वि.सं. २०६९ को आहाल प्रकाशनबाट भएको हो । उनका प्रकाशित नाटकसङ्ग्रहरूबाट निम्नलिखित देखा पर्दछन् । प्रस्तुत नाटकको विश्लेषण नाट्यतत्वका आधारमा गरिएको छ ।

#### ४.५.१.१ कथानक

ऐतिहासिक कालदेखि शाहवंशका समयमा दरबारमा कस्ता खालका शोषणहरू जनताले भोग्नुपर्दो रहेछ भन्ने कुरा नै प्रस्तुत नाटकको विषयवस्तुका रूपमा समेटिएको छ । यस नाटकको कथानक अनुसार दरवारमा निर्मली, सुन्तली, रतन जस्ता थुप्रै सुसारेहरूले काम गर्छन् । एक दिन निर्मलीले कोठा सफा गर्ने क्रममा सेता मुसा भागेर कहाँ पुग्छ र रानीसापले थाहा पाएर खोज्न लगाउँछिन् नपाएमा राजा दुर्जनसिंह रिसाउने डर देखाएपछि उनी मुसा खोज्नमा तल्लीन हुन्छिन् । मुसा खोज्ने क्रममा निर्मलीले दरबारमा हराएकी रम्भालाई भेट्छिन् । उनलाई तिमी यतिका वर्ष कहाँ हराएकी थियौ भनी सोध्दा मलाई यही दरबारको एक अँध्यारो कोठामा थुनेर राखेका छन् । किनभने यस दरबारको कुरा मैले सबै थाहा पाए अरू कसैलाई भनिदिन्छे भनेर । यति भनेर उनी जान्छिन् । रानीसापले कोसँग कुरा गरेको यहाँ त कोही छैन भन्दा निर्मलीले हराएकी रम्भासँग भन्दछिन् । रानी डरले काप्दै उनी त मरिसकिन् कसरी तिमीसँग कुरा गर्छे । उसको आत्मा आएको हुनुपर्छ भन्दै राजा दुर्जनसिंहलाई भन्दछिन् । राजाले उनी त मरेर आगनमा गाडेको होइन र भन्दै कुरा छल्छन् । रानीले त्यही कुरा बारम्बार गर्न थालेकी र यस दरवारमा भुतप्रेत आउँछन् हामी हाम्रै घर फर्कौं भन्ने आग्रह गरेपछि राजाले रानिलाई सम्झाउँन थाल्छ र सुसारे सिरु काका बोलाएर निर्मलीलाई घर पठाइदे भन्दछन् । निर्मलीको बुबा लिन पनि आउँछन् तर दरवार भित्र सिरुकाका र राजासापले रम्भालाई कोर्रा हान्दै भित्र लगेको फेरि निर्मलीले देखेपछि कसैलाई नभन्नु भन्छन् । दरवारमा कुराले अर्कै मोड लिएपछि बुवासँग निर्मलीलाई नपठाउने आज्ञा हुन्छ । निर्मली रुदै बस्छे । रतनले किन रोएकी भन्दा उनले सबै कुरा भन्दछिन् । रतनकी प्रेंमीका रम्भा जिउँदै छ भने पछि रतनको शरीरमा आगो वल्छ । विस्तारै रतन, निर्मली, सुन्तली, चारु सवै मिलेर दरवार घेरा हाल्ने सोच बनाउँछन् । अन्तिममा दरवारमा जिन्दावाद र मुर्दावादका स्वरहरू घन्किन्छन् । “दुर्जनसिंहले चारुलाई रिसले कहाँ मरिस् तँ.... चारु... । दौडेर चारु प्रवेश गर्दै) खबर गम्भीर छ मालिक । चारैतिर विद्रोहको आगो

दन्किरहेको छ । पुरा दरबार घेराउमा परिसकेको छ । निस्कने बाटो पनि छैन ।" यतिकैमा रानी भुँइमा घुँडा टेकेर रुन थाल्छे । दुर्जनसिंह स्तब्ध भएर रानीलाई हेर्दै भुइँमा थचक्क बस्छ । नाटक सकिन्छ र पर्दा लाग्दछ । यस यस नाटकमा दरबार हत्याकाण्ड पछि दरवारमा रानीको मन स्थिर नरहेको, सुसारेहरूको कथाव्यथा र पीडालाई प्रस्तुत गर्न खोजिएको पाइन्छ ।

४.५.१.२ पात्र

नाटकमा एकाङ्कीका तत्वका आधारमा पात्रहरू वद्ध र मुक्त गरी २ प्रकारका रहेकोमा सोहीका आधारमा विश्लेषण गरिएको छ । जसका आधारमा पात्रहरूलाई प्रमुख पात्र, सहायक पात्र र गौण पात्रका छुट्याइएको छ ।

**क. प्रमुख पात्र**

नाटकमा मुख्य भुमिका निभाएका पात्रलाई प्रमुख पात्रका रूपमा राखिएको छ भने अन्य पात्रहरूलाई सहायक र गौण पात्रका रूपमा राखिएको छ ।

**दुर्जनसिंह**

नाटकमा राजा दुर्जनसिंह प्रमखु पात्रका रूपमा खडा भएका छन् । उसैको सेरोफेरोमा नाटकको पार्दुभाव भएको छ । दुर्जनसिंहको व्यक्तित्व असाधारण छ । उनी शूर, वीरङ्गाना र बुद्धिहीन राजा मानिन्छ । राजा पृथ्वीनारायण शाहले एकीकरण गरेको विशाल देश राजा दुर्जनसिंहको पालाबाट अन्त्य भएको अवस्था देखिन्छ । उनको घमण्ड, एकोहोरो प्रवृत्तिले गर्दा रानीसापको कुरालाई वास्था नगर्नाले अन्तिममा राजदरवारबाट बाहिरिनु परेको छ । त्यसैले राजा दुर्जनसिंहले राजपरिवारमा भएका र हुनेगरेका सत्यतथ्य घटनाहरूलाई कलात्मक भूमिकाले निभाएको पाइन्छ ।

**ख. सहायक पात्रहरू**

नाटकमा सहनायकका रूपमा भुमिका निभाएका पात्रलाई सहायक पात्रका रूपमा राखिएको छ भने अन्य पात्रहरूलाई सहायक र गौण पात्रका रूपमा राखिएको छ ।

**रानीसाप**

रानीसाप यस नाटककी सहायक पात्र हुन् । रानीसाप एक कुशल, कोमल मन भएकी देश भक्त व्यक्तित्व हुन् । उनी आफ्नो देश र राजाको निम्ति प्राण पनि अर्पण गर्न पछि पर्दिनन् । हरदम राजाको खुसीका लागि आफ्नो सुसारेहरूलाई बसमा राखेकी हुन्छिन् । तर पनि राजाले केही गोप्यकुराहरू रानीलाई नभन्नाले अन्तिममा राजसत्ताको नै अन्त्य भएको पाइन्छ । रानीसाप कोमल, दयालु र कर्तव्यनिष्ठा नारी पात्र हुन् ।

**चारु**

यस नाटकमा राजाको सुसारे चारु सहायक पात्रका रूपमा आएका छन् । उनी यस एकाङ्कीमा एक बुद्धिमान् र पाको व्यक्तिका रूपमा उपस्थित छन् । उनी शत्रुहरूमाथि त्यसै जाइलाग्न नहुने र विस्तारै बुद्धिमत्ताका साथ लाग्नुपर्ने कुरा गर्दछन् । उनी दरबारमा विस्तारै आगो लगाउने तयारीमा छन् । त्यसैले हामीले अहिले लड्नु हुन्न । हामीले अहिले हिम्मत बटुली मजबुत हुनुपर्छ भनी निर्मली, रतन, सिरु काका जस्ता व्यक्तिलाई सम्झाउने व्यक्ति हुन् । उनले कसरी शत्रुमाथि लड्ने कुराको विचार गरेर मात्र जाइलाग्नु पर्छ भन्ने विचार पोखेका छन् । उनकै सहयोगमा राजदरबार घेराउ गरिएको छ ।

**निर्मली**

निर्मली यस नाटकको सहायक स्त्री पात्र हुन् । उनी गाउँकी सिधासाधा पात्र हुन् । उनी केही समयदेखि यस दरवारमा सुसारेको काम गर्दछिन् । निर्मली दरबारको सेवाका लागि उपस्थित छ । उसले राजा र रानीसापको सेवा गर्ने भएतापनि दरबारको हेरचाह, सरसफाइको काम राम्रोसँग गर्दथिन् । उसले हामी सबैले एक भएर दुःख बाँडनुपर्छ भन्ने कुरा गरेकी छ । त्यस्तै हामी नारी हौँ तर त्यस्तै परिआयो भने कोलाहल मच्चाउन सक्छौँ भन्ने भावना प्रकट गरेकी छ साथै उसले राजाले नभन्नु भनेका कुरा दरबारका अन्य सुसारेहरूलाई भनेर अन्तिममा दरवार घेराऊ गर्न बाध्य बनाउन सक्ने नारी पात्र हुन् । उनको यस नाटकमा उल्लेखनीय भूमिका रहेको पाइन्छ ।

**ग. गौणपात्रहरू**

यस एकाङ्कीको कार्य व्यापारका दृष्टिले गौण भूमिका निर्वाह गर्ने पात्रहरूमा रतन, सुन्तली, रम्भा, पण्डित, निर्मलीको बुबा, सिरु काका जस्ता पात्रहरू रहेका छन् । उनीहरू

सबै आफ्नो देशको रक्षाको निमित्त लागि पर्ने व्यक्ति हुन् । अन्त्यमा उनीहरूले दरवार घेराऊ गरेर नै छाड्छन् ।

### ४.५.१.३ संवाद

प्रस्तुत नाटकमा रहेको संवाद सरल, सहज, मार्मिक र प्रभावकारी किसिमको रहेको छ । यस नाटकमा गद्य भाषाको प्रयोग भएको छ । पात्रको स्तर अनुसार यसको संवाद स्वाभाविक रहेको छ । मुख्य पात्र राजासापले आफ्नो दरवारभित्र गरेका दमन र शोषणको संवादमा सरल रूपमा प्रयोग भएको छ ।

### ४.५.१.४ द्वन्द्व

प्रस्तुत नाटकमा बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्वको पनि प्रयोग भएको छ । यस नाटकमा बाह्य द्वन्द्व प्रबल रूपमा आएको छ । आफ्ना राजदरबारभित्रकै सुसारेहरूले राजदरबार घेराउ गरेकाले राजा चिन्तित हुन्छन् । त्यस्तै रानीसापले निर्मली एक्लै बोलेको प्रसङ्गले घरमा भूतप्रेतको बास रहेको भन्ने कुराको द्वन्द्व देखिन्छ । त्यस्तै उनी आफ्ना सन्ततीहरू दरवार हत्याकाण्डमा मरेकाले उनको आत्म आफूसँग आएको मनोद्वन्द्वमा परेकी देखिन्छन् । त्यस्तै दुर्जनसिंह पनि आफ्नो रानीलाई रम्भालाई कोठामा लुकाएको कुरा कसरी भन्ने मनोद्वन्द्वमा परेका छन् । यसरी यस एकाङ्कीमा बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्व पनि रहेको छ ।

### ४.५.१.५ देशकाल वातावरण

प्रस्तुत नाटकमा दरबारको सुन्दर बैठक, नारायणहिटी राजदरबार, दरबारका बगैचा, कोठाहरू आदि ठाउँहरूको उल्लेख छ । नाटकीय परिवेश भने दरबारको एउटा कोठामा भएको छलफल रहेको छ । यस नाटकमा राजारानीको कुराकानी, सुसारेहरूको आवतजावत, राजारानीले बोलाइबक्सेका संवादले राजतन्त्रको समयलाई उल्लेख गरिएको पाउन सकिन्छ ।

### ४.५.१.६ भाषाशैली

साधारण बोलीचालीको गद्य भाषा प्रयोग यस नाटकको भाषिक प्रयोग हो । सरल र सरस शब्द तथा राजदरबारमा हुने उच्चस्तरीय भाषाको प्रयोग भएको छ । यस नाटकमा

दरबारिया भाषाका हुकुम, महारानी, गरिबक्सन्छ जस्ता शब्द प्रयोग भएका छन् । जोश देखाएर होस गुमाउनु हुन्न विस्तारै सोचेर र बुझेर अघि बढ्नु पर्छ भन्ने वाक्यको प्रयोगले भाषिक प्रयोगमा मिठास थप्ने काम गरेका छन् । शैलीका दृष्टिले सरल किसिमको रहेको छ ।

### ४.५.१.७ उद्देश्य

शाहवंशका पालमा तथा दरबार हत्याकाण्डपछि दरबारमा के कस्ता कार्य हुन्थे र त्यहाँ कार्यरत सुसारेहरूले कस्ता खालका समस्या भोग्नुपर्दो रहेछ । साथै सानो गल्तीले पनि मृत्युका मुखमा पुग्नुपर्ने यथार्थको अन्त्य भएको घटना देखाउन खोज्नु नै मुख्य उद्देश्य हो । त्यस्तै यसमा हाम्रा सेना, तथा सिधासाधा सुसारेहरूको साहस, धैर्यता र शक्तिलाई पनि देखाउन खोजिएको छ ।

### ४.५.१.८ अभिनेयता

*आहाल* नाटक सीमित पात्र सङ्ख्या, छोटो आकृति दृश्यका रूपमा दरबारको परिवेशमा आबद्ध नाटक अभिनयका दृष्टिले सफल छ । दरवारमा बोलिने भाषाको प्रयोगका साथै लामा लामा संवादले अभिनय पक्ष केही दुरुह बन्न पुगेको छ । समग्रमा प्रस्तुत नाटक अभिनयका दृष्टिले सफल रहेको छ ।

### ४.५.२ "माया" नाटकको विश्लेषण

**माया** नाटकको विश्लेषण नेपाली साहित्यमा रहेका नाट्य तत्वका आधारमा गरिएको छ ।

### ४.५.२.१ कथानक

*माया* नाटकको कथावस्तु नेपालमा माओवादीले सञ्चालन गरेको द्वन्द्वका समयमा घटेको घटनासँग सम्बन्धित रहेको छ । यस नाटकको कथावस्तुअनुसार देशमा युद्ध भइरहेको हुन्छ । माया नामकी एक युवती आफ्नो कार्यालयबाट घर फर्किरहेकी हुन्छे । अचानक अपहरणकारीहरूले उनलाई समातेर ल्याउँछन् र आँखामा पट्टी र हात पछाडि लगेर बाँधिदिन्छन् । बन्दुक बोकेका केही मान्छेहरू वारि उभिएका हुन्छन् र हाकिम जस्तो भई एक जना मान्छे कुर्सीमा बसको हुन्छ । नाटकमा मायालाई खानतलासी गरी केही कुरा

सोध्छन् । उनले सबै कुरा सत्य भनेपनि विश्वास नगरेपछि उनी साहित्यकार भएका कारण एउटा कथा सुनाउने आग्रह हाकिमले गरेपछि मायाले रुदै एक कथा सुनाउँन थाल्छिन् । "कथामा सुभाषले वीरबहादुरकी प्रेमीका मालश्रीको चित्र कोर्दै हुन्छ । मालश्री झ्यालको बाहिर एकोहोरो हेरेर उभिरहेकी हुन्छे । त्यतिकैमा बीरबहादुर आएको आवाजले सुभाष झस्किन्छ र मालश्री पनि त्यहाँबाट भाग्छे । बीरबहादुरको विद्यार्थी सुभाषलाई यहाँ को थियो भन्दा उसले कोही होइन भन्छ तर क्यानभासमा चित्र लुकाएकाले उसले हेर्ने प्रयत्न गर्दा उनकै प्रेमिका मालश्री भएकाले किन कोरेको भन्दा उनको रहर भन्छ । अनि सुभाष पनि त्यहाँबाट निस्कन्छ तर बीरबहादुरका मनमा कुरा खेल्न थाल्छ । मेरो प्रेमिकाले किन सुभाषलाई चित्र कोर्न लगाईन् मलाई किन भनिनन् भनेर । कुरा मनमा खेलाउँदा खेलाउँदै उनका साथी दिलभूषण त्यहाँ आइपुग्छन् । हालखवर सोध्दा कृष्णमानकहाँसम्म पुगरे आएको र उनी व्यस्त भएका कारण उनकी श्रीमती उनकै साथीसँग भागेको कुरा बताउँछ । त्यसपछि त झन् उनलाई अशैय हुन्छ र मालश्रीलाई बोलाएर म तिम्रो चित्र कोर्छु तिमी मोनालिसाजस्तै भएर बस् भन्ने आग्रह गर्छ तर उनी मन्जुरी नभएपछि जवरजस्ती बन्न आग्रह गर्छ तर मोनालिसाको जस्तै मुस्कान दिन र एकोहोरो हुन सक्दिनन् त्यसपछि मालश्रीले किन कुटेको मोनालिसा जस्तो हुन नसक्नु मेरो गल्ती हो र ? भन्दा बीरबहादुरले कुटी कुटी उनलाई मार्छ । त्यतिकैमा कथाको अन्त्य हुन्छ ।" कथा सुनेपछि उनलाई मिठाई खुवाएर त्यहाँबाट नजिकैको नदीको छेऊमा लगर छाडिन्छ । उनले मुक्ति पाउँछिन् । कथामा खाएको विष पो लाग्छ नखाएको कहाँ लाग्छ भन्ने उखान झैँ मायाको कुनै गल्ती हुँदैन । उनी एक देशद्रोहीको अफिसमा फोन उठाउने काम गर्दछिन् तर उनलाई कैही कुरा थाहा हुँदैन र कथामा निर्दोष मालश्रीको हत्या भएझै मायाको पनि हत्या नहोस् भनेर उनलाई छोडिन्छ ।

### ४.५२.२ पात्र

माया नाटकमा मुख्य भुमिका निभाएका पात्रलाई प्रमुख पात्रका रूपमा राखिएको छ भने अन्य पात्रहरूलाई सहायक र गौण पात्रका रूपमा राखिएको छ ।

### क. प्रमुख पात्र

माया नाटकमा मुख्य भुमिका निभाएका पात्रलाई प्रमुख पात्रका रूपमा राखिएको छ भने अन्य पात्रहरूलाई सहायक र गौण पात्रका रूपमा राखिएको छ ।

**माया**

माया यस नाटककी नायिका हुन् । आज नायिका मायाले विना गल्ती अन्जानमै अपहरणकारीको कब्जामा परेकोले नाटक वियोगान्त हुन पुगेको छ । नाटकमा मायाले सत्य तथ्य कुरा सुनाएपछि अपहरणकारीको नायिकोको मन पग्लिएपछि माया कब्जाबाट निष्कन सफल भएकी छन् ।

**मालश्री**

मालश्री यस नाटक भित्रकी कथाकी अर्की नायिका हुन् । आज नायिका मालश्रीको विना गल्ती अन्जानमै ज्यान गुमाउनु परेकोले नाटक वियोगान्त हुन पुगेको छ । नाटकमा मालश्रीले मोनालिसा जस्तो भएर बस्न नसकेको आरोपमा उनका प्रेमी वीरवहादुरले सुभाषले चित्र बनाउदा मोनालिसा बन्न सक्ने तर मैले चित्र बनाउन खोज्दा वन्न नसक्ने भन्ने आक्रोसले उनलाई कुटेर मारेका हुन् ।

**ख. सहायक पात्रहरू**

माया नाटकमा मुख्य भुमिका निभाएका पात्रलाई प्रमुख पात्रका रूपमा राखिएको छ भने त्यस भन्दा अलि कम भूमिका निभाएका पात्रहरूलाई सहायक पात्रका रूपमा राखिएको छ ।

**हाकिम**

यस नाटकको अपहरणकारीहरूको हाकिमका रूपमा रहेका छन् । उनले एक युवतीलाई अपरहरण गरेर ल्याएपछि सोधपुछका क्रममा भएका रमाइला घटनाहरू भएपछि उनको मन पग्लिएर युवतीलाई मिठाई खान दिई मुक्त पारेकाले नाटकमा हामिक दयालु पात्रका रूपमा देखापरेका छन् ।

**वीरवहादुर**

वीरवहादुर सहायक पात्रका रूपमा आएका छन् । यस नाटकमा उनी एक शंकालु पुरुष पात्र भएर देखा परेका छन् । उनको शंकाले गर्दा उनकी प्रेमीकाले ज्यान गुमाउनु परेकाले उनी घमण्डी र जिद्दी पात्रका रूपमा खडा भएको पाइन्छ ।

**सुभाष**

यस नाटकको सुभाष सहायक पात्र हुन् । सुभाष वीरबहादुर कहाँ चित्र बनाउने काम गर्दछन् । मालश्रीको चाहना अनुसार उनले चित्र बनाएकाले उनका मालिकले उनलाई नराम्रो दृष्टिले हेरेका छन् । सुभाषा गतिशिल पात्र हुन् । उनका मनमा केही छलकपट छैन । उनले समयअनुसार जे गर भन्यो त्यही मात्र गरेका हुन् । उनको मनना केही नराम्रा कुविचारहरू प्रष्फुटन नभएको पाइन्छ ।

**ग. गौण पात्रहरू**

यस नाटकको कार्य व्यापारका दृष्टिले गौण पात्रीय भूमिका निर्वाह गर्ने पात्रहरूमा दिलभूषण, कृष्णमान, कृष्णमानको श्रीमती, अपहरणकारीहरू र बूढी आमा रहेका छन् । यी पात्रहरूले मञ्चनले नाटकलाई अझ बढी रोमाञ्चक बनाउन मदत गरेको छ ।

**४.५.२.३ संवाद**

***माया*** नाटकमा सहज स्वाभाविक संवाद प्रयोग छ । साधारण बोलचालको गद्य भाषाको प्रयोग यस नाटकको संवादगत पहिचान हो । प्रायः सबै पात्रहरूको संवादमा माया, प्रेम र भावना प्रकट रहेको छ ।

**४.५.२.४ द्वन्द्व**

प्रस्तुत ***माया*** नाटकमा बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्वको प्रयोग भए पनि बाह्य द्वन्द्व नै प्रवल रूपमा आएको छ । नेपालीसेनाहरू र माओवादी द्वन्द्वको बिच बाह्य द्वन्द्व रहेको छ । नेपाली सेनाहरू माओवादी अपराधीहरूलाई आक्रमण गरी आफ्नो कब्जामा पार्न चाहन्छन् । त्यस्तै नेपालका जनताहरू पनि नेपालमाथि आक्रमण गरी आफ्नो अधिनमा पार्न चाहन्छन् । प्रस्तुत एकाङ्कीका अपहरणकारीहरूले शंकास्पद व्यक्तिहरूलाई अपहरणगरी थुनामा राख्ने र सत्यतथ्य नखुलाउनेलाई यातना दिदै हत्यासमेत गर्ने गरेकाले नाटकमा द्वन्द्वान्मक स्थिति रहेको पाइन्छ । त्यस्तै मायादेवीले सुनाएकी कथामा वीरबहादुर शंकाको भरमा आफ्नी प्रेमीकालाई मार्नु पनि आन्तरिक द्वन्द्व देखिन्छ ।

### ४.५.२.५ देशकाल, वातावरण

यस नाटकमा माओवादीको द्वन्द्वकालमा भएको युद्ध, लडाइँ र मध्यमवर्गीय पारिवारिक परिवेश र त्यसका यथार्थलाई प्रस्तुत गरिएको छ ।

### ४.५.२.६ भाषाशैली

*माया* नाटकमा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । साधारण बोलीचालीको गद्य भाषाका साथै झर्रा नेपाली शब्दहरू आएका छन् । लामा लामा संवादले भाषाशैली केही दुरुद्ध बन्न पुगेको छ ।

### ४.५.२.७ उद्देश्य

यस नाटकको प्रमुख उद्देश्य द्वन्द्धकालमा भएका घटना र त्यसबाट मानिस कसरी त्रसित भएर बाँच्नुपरेको थियो । अकालमै कसरी ज्यान गुमाउनु परेको थियो भन्ने देखाउनु प्रमुख उद्देश्य  हो ।

### ४.५.२.८ अभिनेयता

यस नाटकमा छोटो आकृति सीमित पात्र संख्या दृश्यका रूपमा सहरका एक कोठा, अफिस, नदीको किनारा आदिको परिवेशमा आवद्ध नाटक अभिनयका दृष्टिले सफल छ । सरल बोलचालको भाषा प्रयोग भएतापनि लामा संवादले अभिनयमा केही अप्ठ्यारो हुन् पुगेको छ । समग्रमा प्रस्तुत नाटक अभिनयका दृष्टिले यो सफल रहेको छ ।

### ४.५.३ कतामरी नाटकको विश्लेषण

प्रस्तुत कतामरी नाटकको विश्लेषण नेपाली साहित्यका आधारका नाट्य तत्वका आधारमा गरिएको छ ।

### ४.५.३.१ कथानक

*कतामरी* नाटकमा मञ्च एउटै भए पनि ३ थरिका कथाहरू बोकेर आएको छ । पात्रहरू कथाअनुसार नै भिन्न भिन्न खालका भएर देखापरेका छन् । पहिलो नाटकका कथामा सीता, रावण, राम, सुपर्णखा आदि पात्रहरूद्वारा सजित छ । पौराणिक कालमा

रावणले सीतालाई हरेर लगेको प्रसङ्गको रहेको छ । यस नाटकको कथावस्तुअनुसार सीतालाई रावणले हरेर लगेपछि रावणको बगैचामा सीतालाई बन्दी बनाई राखिन्छ । त्यहाँ सीता र रावणबिच केही संवाद भएपछि रावणको दरबारलगायत राज्यकै सवै ऐना फुटाउन र भिक्न लगाइन्छ । यो कुरा रावणकी बहिनी सुपर्णखालाई चित्त नबुझेर दाजुलाई सोध्दा राम्रा मान्छेहरूले आफ्नो रूपको घमण्ड गरेकाले देशका सबै व्यक्तिहरू समान हुने कसैले पनि रूपप्रति घमण्ड नगरून् भनी बताउँछ । त्यतिकैमा राम रावणको बगैँचामा आइपुग्छन् । रावण र रामको युद्ध हुन्छ रावण भुइमा पछारिन्छ । त्यहीँ रावणको प्राणान्त जान्छ । सीता सुकसुकाउँदै रावणलाई छाम्न थाल्छिन् र फेरि सुकसुकाउन थाल्छिन् । सीता रोएको देखेर रामले “कतै लामो समयको वाटिकाको बसाँले तिमी प्रेम गर्न त थालिनौ यसलाई ?” भन्दा सीता छक्क परेर हेर्छिन् । रामले अझ कुरा थप्दै “वाल्मीकिले भन्दै थिए: सीता भेटिइन् यदि भने उनको सतीत्वको परीक्षा लिनुपर्छ । अब मलाई पनि लागिरहेको छ - तिमीले परीक्षाा दिनुपर्छ ।” यति भनेपछि सीताले ओगाभित्र उभिएर लगातार बोलिरहन्तिन् यो पुरुष जात भनेका पाखण्डी जात हुन् । हामी नारीहरू कठपुतली बनेर पुरुषहरूले जे भन्यो त्यसकै इसारामा नाच्नुपर्छ भन्दै विस्तारै स्क्रीनबाट सीताको आकृति हराउँछ र उही आकृति मञ्चमा आएर अडिन्छ ।

आकृति योगमायामा रूपान्तरिक हुँदै उही माथिको महिलामाथिको दमन, शोषणका कुरालाई जोड्दै हो……हो सती प्रथाको अन्त्य भयो, धर्मको नाममा महिलालाई बँधुवा बनाउने परम्पराको विरोध भयो, राणाकालमा विभिन्न भेदभाव विरुद्धका अभियानमा हिँडियो, महिलालाई शिक्षा दिनुपर्ने कुरामा अगाडि बढियो । राणाकाल देखिनै महिला दमनका कुराहरूलाई राणासरकारले बेवास्ता गऱ्यो । त्यसैले हामीले हाम्रै सन्ततिका लागि लोग्ने मर्दा सँगै जल्नुपर्ने परम्पराविरुद्ध लागि संसार त्याग्यौँ जलसमाधिमा लीन भएर । यति गर्दा पनि हामी कायर भएनौँ भन्दै योगमाया मञ्चबाट बाहिरिदै अर्कोपट्टिबाट अर्कै स्वरूपमा भृकुटी भएर उभिन्छिन् र भन्न थाल्छिन् चीनबाट हुने सम्भावित युद्ध टार्न मलाई चीनिया केटासँग विवाा गरी पन्छाएका हुन् भन्दै न कहिले देखेको, न भाषा मिल्ने विल्कुलै अपरिचित व्यक्तिसँग मेरो विवाह गर्दा पनि म सहेरै बसेँ तर मैले केही बोलिनँ । हामी नारीलाई कठपुतली बनाएर कहिले सीता आगोमा होमिनु पऱ्यो त कहिले लोग्ने मरेको नाउँमा आगामा होमिनु पऱ्यो ।

त्यसै गरी वीर रसयुक्त युद्ध संगीतमा बज्छ र संगीतसँगै महिलाहरूले गरेको योगदान स्क्रीनमा देखिन्छ महिलाहरूले नालापानीको युद्धमा बच्चा बोकेरै तरबार समातेका र कतिको त्यहीँ मृत्यु समेत भयो तर आज ती योद्धा महिलाहरूको नाम इतिहासका पानामा नभएको गुनासो पनि यस नाटकमा मञ्चन भएको छ । मञ्च अँध्यारिन्छ ।

मञ्चको मध्यमा उनै युवती फेरी कुमारीको भूमिकामा देखिन्छिन् । दुलही जस्तै सिँगारिएकी केटीलाई बाआमा र आफन्तले मन्दिरमा छोडिदिन्छन् । उनी हालबेहालका अवस्थामा हुन्छिन् । केही समय पछि आमा भेट्न जादा मलाई नेपाल भाषामा गुडिया खेलौनालाई भनिने कतापरी ल्याइदिनू न आमा म त्यही पुतलीसँग खेल्छु नि भन्दा आमाले खेल्नुहुँदैन भनेपछि यसो नि गर्नु हुँदैन उसो नि गर्नु हुँदैन मैले के गर्नु हुन्छ त ? भन्दा कठपुतलीहरूले कुमारीलाई जिस्क्याउँदै भन्छन् तिमी कुमारीबाट स्वतन्त्र भएर मानिस भएर के गर्छौ तिमी सानोमा बाको अधिनमा विवाहपछि लोग्नेको र बुढेसकालमा छोराको अधिनमा हुन्छौ भन्दा उनी झोक्किएर हामी नारीहरूविना पुरुष जन्मिदैनन् तरपनि हामी महिलाको केही अस्तित्व नभएको भन्दै युवती बाहिरिन्छे । आमा उसको खोजी गर्दै मञ्चमा आउँछिन् । तर युवतीले सारा पर्खाल नाघेर उज्यालोको खोजीमा निस्किए मा, म निस्किउँ..... भन्दै नाटकको अन्त्य हुन्छ ।

### ४.५.३.२ पात्र

नाटकमा विभिन्न पात्रहरूकाका आधारमा पात्रलाई चयन गरिएको छ । जसमा मुख्य भुमिका निभाएका पात्रलाई प्रमुख पात्रका रूपमा राखिएको छ भने अन्य पात्रहरूलाई सहायक र गौण पात्रका रूपमा राखिएको छ ।

### क. प्रमुख पात्र

मुख्य भुमिका निभाएका पात्रलाई प्रमुख पात्रका रूपमा राखिएको छ भने अन्य पात्रहरूलाई सहायक र गौण पात्रका रूपमा राखिएको छ ।

### सीता, योगमाया, भृकटी, कुमारी, युवती

यस नाटकमा यी माथिका नाम गरेका महिला प्रमुख पात्रका रूपमा आएका हुन् । नाटकमा एकपछि अर्को गर्दै मञ्चमा यी युवतीहरू पुरुषको शोषण र दमनमा परेको कुरा

देखाइएको छ । नाटकमा यी नारीहरू आफ्नो इच्छामा बाच्न वा चल्न नपाएका कठपुतली झै अरुको इसारामा नाच्नुपरेको भाव व्यक्त भएको छ ।

**ख. सहायक पात्रहरू**

चतामरी नाटकमा मुख्य पात्रका साथसाथै सहायक पात्रहरू पनि प्रसस्त रहेका छन् जसमा राम, रावण मुख्य सहायक पात्रहरू हुन् ।

**राम**

यस नाटकमा राम सहायक पात्र हुन् । सीतालाई रावणले हरेर लगेपछि राम र रावणको युद्धभएको रावणलाई मारी सीतालाई अग्नी परीक्षा दिएकोले पौराणिकक कालदेखिनै पुरुषहरूको दमनमा नारीहरू रहनुपरेको देखिन्छ । भगवान राम पनि यहाँ मानव जातिका पुरुषका रूपमा रहेका छन् ।

**रावण**

रावण यस नाटकमा अर्का सहायक पात्र हुन् । उनले पुरुषार्थका साथ पुरुष हुँ भन्दै सीतालाई हरण गरी बगैचामा कैदी बनाउँछ । सीताका आदर्श कुरा सुनेपछि राज्यका सवैका घरका ऐना फुटाउन लगाउँनु उनको पुरुषार्थ मान्दछ । उनमा पनि पुरुषवादी भाव रहेको यस नाटकमा पाइन्छ ।

**ग. गौण पात्रहरू**

यस नाटकको वाल्मीकी, सुपर्णखा, आमा, कठपुतलीहरू गौण पात्र हुन् । आमा उनी नाटकमा कतै कतै प्रस्ततु भएकी छिन् । तर उनका भनाईहरूमा नारीहरू पुरुषकै अधिनमा रहनु पर्ने भाव व्यक्त भएको पाइन्छ । त्यस्तै कठपुतलीहरू पनि गौण पात्र हुन् । यस नाटकमा कठपुती १ र कठपुतली २ पात्र हुन् । उनीहरूका मध्यमबाट नारीहरू कसरी जीवनभर पुरुषहरूको अधिनमा रहन्छन् भन्ने कुरा व्यक्त गराएका छन् । कुमारीले मुक्त भए भन्ने प्रसङ्गमा कठपुतलीहरूले पालैपालो मुक्त नभएको झन् मानिस भएपछि अझ्धैरै अधिनमा बस्नुपर्ने भाव व्यक्त गरेको पाइन्छ ।

#### ४.५.३.३ संवाद

*कतामरी* नाटकमा सहज स्वाभाविक संवाद प्रयोग छ । साधारण बोलचालको गद्य र पद्य भाषाको प्रयोग भएके छ । प्राय सबै पात्रहरूको संवादमा नारीको भावना प्रकट रहेको छ ।

#### ४.५.३.४ द्वन्द्व

प्रस्तुत **कतामरी** नाटकमा बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्वको प्रयोग भए पनि बाह्य द्वन्द्व नै प्रवल रूपमा आएको छ । राम र रावणबीचको द्वन्द्व बाह्य द्वन्द्व रहेको छ । योगमायाको भनाई, भृकुटीको भनाइ आन्तरिक द्धन्द्ध देखिन्छ भने कुमारीको पीडा र कठपुतलीहरूको वाक्यले नाटकमा आन्तरिक र वाह्य दुवै द्वन्द्व बराबर रहेको देखिन्छ ।

#### ४.५.३.५ देशकाल, वातावरण

यस नाटकमा पौराणिक कालको रावणको लंका, मधुरा, चीन, कुमारी मन्दिर आदि परिवेश हुन् भने ती स्थानहरूको झल्को दिई नाटक मञ्चन गरेर यी स्थानहरूको प्रत्यक्ष अनुभव गराएको पाइन्छ ।

#### ४.५.३.६ भाषाशैली

*कतामरी* नाटकमा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । साधारण बोलीचालीको गद्य भाषाको कतै कतै पद्य भाषाको पनि प्रयोग भएको छ । साथै नेपाली शब्दहरू र पौराणिक कालका केही शव्दहरू पनि आएका छन् । लामा लामा संवादले भाषाशैली केही दुरुद्ध बन्न पुगेको छ ।

#### ४.५.३.७ उद्देश्य

यस नाटकको प्रमुख उद्देश्य भन्नाले परापुर्व कालदेखि नै नारीमाथि पुरुषको स्वामित्व रही आएको छ । समय समयमा केही नारीहरूले आवाज उठाएता पनि यसको उत्थान नभएको र नारी पुरुष बराबरी समानता दिनलाई नारी र पुरुष दुवै मिलेर लागि पर्नुपर्छ भन्ने रहेको छ ।

#### ४.५.३.८ अभिनेयता

यस नाटकमा लामा आकृति, पात्र संख्या अधिक रहेका छन् । अभिनयका दृष्टिले सफल छ । सरल बोलचालको भाषा प्रयोग भएतापनि लामा संवादले अभिनयमा केही अप्ठ्यारो हुन् पुगेको छ । समग्रमा प्रस्तुत नाटक अभिनयका दृष्टिले यो सफल रहेको छ ।

### ४.६ हरिमाया भेटवालका कविताको विश्लेषण

*बाटो खोज्दै बाटोमा* हरिमाया भेटवालको पहिलो कविता सङ्ग्रह हो । यस कविता सङ्ग्रहमा वि.सं. २०४४-२०७२ सम्ममा लेखिएका कविताहरू समेटिएका छन् । यी कविताहरूमा तत्कालीन समयको विम्ब चित्र उतारिएको छ । यस कविता सङ्ग्रहमा पचपन्न वटा कविताहरू समावेश भएको छ । कविले मौलिक सिर्जना शक्तिमा कविताहरू रचना गरेका छन । भेटवालका कवितामा समाज तथा जीवनको गहिराइलाई नाप्ने काम गरिएको छ । नराम्रा पक्षहरूलाई पन्छाउदै समाजलाई परिष्कारतर्फ डोऱ्याउने र पाठकलाई आनन्दानुभूति दिने काम यस सङ्ग्रहमा भएको छ । २०७२ सालमा शव्दार्थ प्रकाशनले प्रकाशित गरेका हुन ।

*बाटो खाज्दै बाटोमा* कविता सङ्ग्रहमा सामाजिक जनजीवनमा व्याप्त रोग, भोक, शोक, विकृति, विसंगति आदि विषयवस्तुलाई सरल र स्वाभाविक ढङ्गमा प्रस्तुत गरेका छन । भेटवालका कविताहरूमा दृष्टिचेत राम्ररी खुलेको पाइन्छ । देशकै प्रगतिका लागि मान्छेकै मुक्तिका लागि अध्याँराकै विरुद्ध उज्यालाका लागि उनले राष्ट्रियता, प्रकृतिप्रेम र प्रगतिशील चिन्तन कवितामा अघि सारेकी छन । त्यस्तै उनले कवितामा खुलेरै आफ्ना सुन्दर विचार सम्प्रेशण गरेका छन । विचारलाई सुन्दर ढङ्गमा प्रस्तुत गरेका छन । प्रस्तुत सङ्ग्रहमा गद्य र पद्य दुवै शैलीको मिश्रण भेटिन्छ । उनी थोरै लेखेर पनि धेरै विषयलाई समेट्न सक्ने एक कुशल कवि हुन् । यस सङ्ग्रहमा पीर, व्यथा, देशभक्ति, गाउँले दिदी बहिनीको व्यथा पनि त्यत्तिकै शसक्त छन । सम्पूर्ण सङ्ग्रहमा भूत, वर्तमान र भविष्यतिर कविको कल्पना घुमिरहेको छ ।

#### ४.६.१ विषयवस्तु वा भावभूमि

कविताको विषयवस्तु अमूर्त हुनका साथै सुक्ष्म पनि हुन सक्छ । यही अमूर्तता र सुक्ष्मताका कारण यसको केद्रिय भाव विचार सुस्पष्ट हुन पनि सक्दछ र नहुन पनि सक्छ ।

खासमा कृतिको कथ्य यसको विषय नभएर यसमा प्रत्यक्ष प्रयेक्ष रूपमा रहेको केन्द्रीय भाव विचार हो । मूलभाव विषय वस्तुको एउटा भाग हो र यो चरित्र, बिम्ब, प्रतीक, शाब्दिक ढाँचा आदिमा आबद्ध हुन्छ ।

कविताको एउटा महत्वपूर्ण घटक वा तत्वका रूपमा रहेको भाव वा विचार रहेको छ । प्रगीतारमक, आख्यानात्मक एवं नाटकीय तिनै खाले संरचना भएका कुनै न कुनै रूपमा आएर पनि यसलाई मूलतः प्रगीतात्मक कविताको संरचना घटक मानिन्छ । आयाम लम्बिदै गए पछि क्रमशः विकसीत र विस्तारित हुदै जाने भाव वा विचाको विकास र विस्तार प्रगीतात्मक कवितामा हुन्छ । आदि, मध्य र अन्त्यका रूपमा क्रमिक वाव्यक्तिकमिकता ढङ्गले विकसित हुने यसको आदिमा मूलभावतर्फ अभिमुखीकृत गरी मुल भाव प्रसारित गरिन्छ । मध्यमा यसको विस्तार तथा अन्त्यमा पुष्टीकरण एवं निष्कर्ष प्रस्तुत गरिन्छ । यी सबै दृष्टिबाट हेर्दा भाव वा विचार कविताको अनिवार्य संरचना घटक भएको तथ्य स्पष्ट हुन्छ । लुइटेल, २०६२)

प्रस्तुत *बाटो खोज्दै बाटोमा* कविता सङ्ग्रहमा विषयगत विविधता पाइन्छ । जहाँ सामाजिक आर्थिक, प्रेम, राष्ट्रियता, मानवतावाद, प्रगतिवादी चिन्तन प्रकृतिप्रेम, चित्रात्मकताको प्रयोग जस्ता विविध पक्षलाई विषयवस्तुका रूपमा प्रयोग गरिएको छ ।

**क. प्रेम प्रस्तुति**

यस कविता सङ्ग्रहमा कवि बान्तवाले प्रणय प्रेमलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन । संयोगान्त र वियोगान्त दुवै प्रेमको प्रस्तुति यस सङ्ग्रहमा भएको छ । केही ठाउँमाकवि निकै भावुक पनि बन्न गएका छन कवि भित्र गुम्सिएका पीडा, व्यथा छटपटी पनि यस सङ्ग्रहमा प्रस्तुत भएको पाइन्छ । उदाहरणका रूपमा केही कवितांशहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

संयोगान्त प्रेमको प्रस्तुति भएका हरफहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ

क) फूलिरहेके फूलबाट
किन आउँट प्रोमको सुवास?
किन जन्मँदै गरेको शिशुलाई
र बैशका ठिटाठिटिलाई देख्दा पनि

उम्रिन्छ प्रेमको सुन्दर वृक्ष मनभित्र

सानुछदाा आमालाई साधेथेँ प्रेम के हो भनी ?

(सिवाय प्रेम, १५.पृ.)

**ख. मानवीय समस्याको प्रस्तुति**

भेटवालले यस सङ्ग्रहमा विषयगत विविधता प्रस्तुत गरेका छन । मानवीय समस्यालाई देशको ठुलो समस्या देख्ने भेटवालका कविताहरू मानवीय समस्या सँग सम्बन्धित छन । उदाहरणका रूपमा तलका कवितांशलाई लिन सकिन्छ ।

क) हिँडन थालेपछि प्रेम भएको हो बाटोसँग

बाटोको उचाईसँग

बाटोको गहिराइसँग

बाटोमै देखे उनीहरूले

जीवनका इन्द्रेणी फूलहरू

अङ्गारजस्ता काला अनुहारमा

सेता विचारका हूलहरू

(बाटो खोज्दै बाटोमा पृ.९)

उपरोक्त हरफहरूले मानवीय समस्यालई प्रस्तुत छन । उपरोक्त हरफमा जन मानिस व्यवहारमा परेपछि सबै व्यक्तिका काला कर्तुहरूलाई चिन्न थाल्दछ । त्यस्तै हिँडन थालेपछि प्रेम भयो बाटोसँग उनलाई नजिकिएर गहिरिएर बुझ्न थाले त्यसपछि छ ती सेता अनुहारमा अङ्गारजस्ता काला अनुहार देख्न थालियो भन्दै माथिका हरफमा प्रस्तुत गरिएको छ ।

**ग. राष्ट्रप्रेम**

कवि भेटवालले यसकविता सङ्ग्रहमा राष्ट्रप्रेमलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेकी छन । यस कविता सङ्ग्रहमा धेरै कविता राष्ट्रप्रेम भावनाले ओतप्रोत छन । उदाहरणका रूपमा तलका कवितांशलाई लिन सकिन्छ ।

क)	हिजोआज सीमापारिका भालेहरू
वारि आइरहन्छन् सम्भोग गर्न
तर अचम्म.......
पोथीहरू
सिधै जन्माउँछन् हुलका हुल नाागरिकता ।
(नागरिकता पृ ८१)

उपर्युक्त हरफहरूले राष्ट्रप्रेमको कलात्मक प्रस्तुति गरेका छन । हाजभोलि विदेशीसँग नेपालका दीदिबहिनीहरूले विवाह गर्ने परम्परा वढ्दो छ । कामका सिलसिलामा आएका विदेसी वा सीमापारिका व्यक्तिहरूसँग सम्बन्ध राख्ने, विनाबाउको बच्चा जन्माउने र उनीहरू बेपत्ता भएपछि आमाको नामबाट ती बच्चाको नागरिकता दिलाउने प्रथालाई यस कविताले व्यङ्ग्य हानेको छ ।

**घ. सामाजिक चेतना**

हरिमाया भेटवालका कविताहरूमा समाजमा हुने उतार चढाब, अपमान, दमन, शोषण जस्ता विषय वस्तु प्रस्तुत भएका छन । उदाहरणका रूपमा निम्नलिखित कवितांशलाई लिन सकिन्छ ।

क)	यो सहरमा आएपछि मात्रै
मैले थाहा पाएँ
उज्यालोका रङ पनि फरक फरक हुँदोरहेछ । (सहर, ३३:६१)

ख)	अँध्यारो जोत्न हिँडेका हली उनीहरू
आफै जोतिँदा जोतिँदै
कोही अरब पुगे, कोही मुगलान
(बाटो खोज्दै बाटोमा ०१:९)

उपर्युक्त उदाहरणमा क) मा समाजमा भेदभाव, धनी र गरिवीको खाडल, ठूलाले सानालाई गर्ने व्यवहार कस्तो भन्ने कुरा गाउँ भन्दा सहरमा बढी हुँने गरेको बताउँछन् । सहरमा बाटो काट्ने स्थानमा रातो बत्तीले गाडी रोकिने, हरियो बत्तीले गाडीहरू हिड्ने नियम भएझैं कविले सहमा आएपछि अझ बढी मानिसको रंङ रूप फेरिने बताएका छन् । (ख) मा देशमा राम्रो रोजगार नपाएपछि कोही अरब त कोही मुगलान गएको सन्दर्भ यहाँ

प्रस्तुत छ । शासक वर्गको पीडा खप्न बाध्य सर्वसाधारण जनताहरू कसरी निरीह अवस्थामा छन् भन्ने राम्रो उदाहरण प्रस्तुत छ । यसरी हरियामा भेटवालले आफ्नो रचनामा सामाजिक विषयवस्तुलाई यथार्थताको प्रस्तुत गरेका छन् ।

### अ. अविश्वास

यस कविता सङ्ग्रहमा हाम्रो समाजमा भएका अन्धविश्वासी कुराहरूलाई पनि विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । यहाँ उदाहरणका रूपमा केही कवितांशहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

क) विश्वासको चुलोमा बालेर
आगो
जाडो भगाएपछि
उसले भन्यो....
दाउरा सिसौको पऱ्यो र मात्रै
अग्राखको भए ताप्नु र पाक्नुको मजै अर्को ।

अविश्वास" पृ ६९

माथिका हरफहरूमा हाम्रो समाजमा रहेका अविश्वासहरूलाई केलाउँदै त्यसबाट उत्पन्न भएका भ्रामक वातावरणको चित्रण छ । जेको आगो भए पनि आखिर तातो नै आउने हो । सिसौ होस् वा अग्राख । तर विश्वास गरेर अग्राख भनेमा फेरि तातोको राप बढी लाग्नेजसतै हाम्रो समाजमा पनि विश्वासको खेती भएको छ भन्ने अविश्वासीको विषयवस्तु प्रस्तुत गरिएको छ ।

### आ. विद्रोह

कवि भेटवालले प्रस्तुत कवितासङ्ग्रहमा प्रसस्त विद्रोहका श्वरहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेकी छन । यस कविता सङ्ग्रहमा धेरै कवितामा विद्रोह गर्दै आएकी छन् । उदाहरणका रूपमा तलका कवितांशलाई लिन सकिन्छ ।

तिमीले हलो जत्नु हुने

विउ रोप्नु हुने

धान कुटी भकारी भर्नु हुने

तर त्यही चामल

कोठामा पुगेपछि छुनु नहुने ?

विद्रोह, पृ ७४

माथिका हरफहरूले आजको समयमा जातभात र भेदभावको कुविचार हटाउनु पर्छ । मान्छे सबै एकै हो । मान्छेमा जम्मा नारी र पुरुष गरी दुई जात हुन्छ भन्ने भाव पोखिएको पाइन्छ ।

### च. प्रकृतिप्रेम

कवि भेटवालले यसकविता सङ्ग्रहमा प्रशस्त प्रकृतिप्रेम रहेको पाइन्छ । कवितामा आफू प्रकृतिप्रेमी हुँ भन्ने भाव झल्किएको देखिन्छ ।

लज्जावती झारले थाहा पाउँदिन

उसलाई आँधीले छोयो

कि ढुङ्गाले कि छोयो मान्छेले ?

बश

उसलाई छुन आउने जो सुकैलई नकस्कार गर्छे

जसरी चिम्लिए बुद्धले

उसैगरी चिम्लिदिन्छे आँखा ।

लज्जावती बुद्ध, पृ.७७

माथिका हरफहरूले प्राकृतिक झार लज्जावतीमार्फत बुद्धको प्रशंसा गरेकी छन् । लज्जावती झारलाई जे ले छोए पनि आँखा चिम्लिएको वा नमस्कार गरेको जस्तो देखिन्छ

त्यस्तै बुद्धले पनि संसारमा जे जस्तो परिस्थिति आइपरे पनि आँखा चिम्लिएर ज्ञान पाएको कुरा यस कवितामा उल्लेख गरिएको छ ।

**छ. राजनीतिक जागरण**

कवि भेटवालले यसकविता सङ्ग्रहमा प्रसस्त राजनीतिका पाटाहरूलाई समेटिएको पाइन्छ । कवितामा नेपालमा फोहोरी राजनीति भएको व्यक्त गरेकी छिन् ।

चढी चाइनातिर लागे

अस्पतालले माइकिङ गर्दै तातो रगत मागे

बाँदरहरू सिँहदरबारभित्र पसे

चमेरोहरू संविधान बनाउनतिर डटे

रुप्पिहरू रत्नपार्कमा अनसन बसे

कठै मान्छे रमिते बनी चिडियाखनतिर पसे ।

(कठै मान्छे पृ.९९)

माथिका हरफहरूले नेपालमा द्वन्द्वको समाप्ति भएपछि नेताहरू कोही चाइनातिर लागे, कोही सिंहदरबारमा पसे त कोही अनसन बस्न थाले रमिता हेर्ने जनताहरू भने चिडियाखानतिर पसे भन्दै नेपालको राजनीति सत्तामा पुगेका नेताहरूलाई व्यङ्ग्य गरेकी छन् भने द्वन्द्वमा होमिएका जनताहरू चिडियखानाका जनावर झैं टुलुटुलु हेरेर बसेका छन् भन्ने भाव व्यक्त भएको छ ।

**४.६.२ भाषाशैली**

सुव्यवस्थित ढङ्गले क्रमबद्ध रूपमा राख्ने कामलाई विन्यास भनिन्छ । योजनाबद्ध रूपमा राख्ने तरिका पनि विन्यास हो । कृतिको संरचना घटकका सन्दर्भमा भाषा (सङ्केतक, संकेतिक), शैली अग्र भूमीकरण (विचलन, समानान्तरता), विम्ब, प्रतीक, लय, छन्द, अलंकार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचना भएका कविता कृतिमा भाषाशैलीय विन्यासअन्तर्गत आउने यी सबै एकाइहरूको व्यवस्थापन विभिन्न ढङ्गले गरिएको हुन्छ ।

भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो भावाभिव्यक्तिको सर्वप्रमुख र सशक्त साधन भाषाका माध्यमबाटै साहित्यक कृतिको रचना गरिन्छ । यस दृष्टिबाट भाषालाई साहित्यको माध्यम घटक मानिन्छ । हरेका कृतिको साहित्यक संरचना भए जस्तै भाषा संरचना पनि हुन्छ र यस संरचनाभित्र ध्वनिव्यवस्था, शब्दव्यवस्था, व्याकरण व्यवस्था र अर्थ व्यवस्था पर्दछ । साहित्यका सबै विधाको अभिव्यक्ति भाषाका माध्यम बाटै गरिएपनि कविता र अन्य गद्यविधामा प्रयोग गरिने भाषामा भिन्नता रहन्छ । शुद्ध गद्यमा भाषाको स्थुल र न्युन लयात्मक रूपले प्रयोग गरिन्छ । गद्यमा प्रयुक्त भाषा क्रमबद्ध रूपले प्रवाहित हुन्छ भने पद्यमा प्रयुक्त भाषा प्रायः विचलन तर्फ ढङ्गले खण्डखण्डमा प्रवाहित हुन्छ । गद्यमा सामान्यतया सोझो अभिव्यक्ति र व्याकरण सम्भत भाषाको प्रयोग हुन्छ भने पद्यमा विशिष्ट अभिव्यक्ति र विचलनयुक्त भाषिक प्रयोग हुन्छ । (ऐजन)

भाषा र शैलीका बिच अन्योन्याश्रित सम्बन्ध छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरीका हो । गद्य वा पद्यमा गरिने अभिव्यक्तिको ढाँचागत अभिलक्षणलाई शैली भनिन्छ । कुनै पनि भनाई वा काम गराइको तरिका शैली हो कृतिगत सन्दर्भमा लेखकीय अभिव्यक्तिको तरिका वा ढाँचालाई शैली भनिन्छ । यसले साहित्यिक कृति लेखन तरिका वा लेखकले आफ्ना भाव वा विचारलाई पाठक सामु अभिव्यक्त गर्दा प्रयोग गर्ने ढाँचालाई जनाउँछ । सामान्य अर्थमा कुनै काम गर्ने ढङ्ग वा तरिका तथा साहित्यक सन्दर्भमा भाषिक अभिव्यक्तिको ढङ्ग वा तरिका नै शैली हो ।

भाषाशैलीय दृष्टिले *बाटो खोज्दै बाटोमा, अभद्रता, कसरी लेखौं प्रेम* कविताहरू गद्यात्मक शैलीका छन । भेटवालले *लज्जावती बुद्ध* कविता सङ्ग्रहमा सरल, सहज तथा आकर्षक देखिने मार्मिक भाषाशैलीको प्रयोग गरेका छन । आफ्ना अमूर्त धारणालाई मूर्त तथा बोधमन्य बनाउने उनको भाषाशैलीगत प्रयास सार्थक देखिन्छ । सधैं, तर हौ, तैपनि, कहिल्यै जस्ता ठेट नेपाली शब्दको प्रयोग गरी भाषामा मिठास थपिएको पाइन्छ । छन्दोबद्ध विन्यास नपाइने उनका कविताहरू तटसम र आगन्तुक शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको पाइन्छ । भाषाशैलीय विन्यास अन्तरगत बिम्ब प्रतीक योजना, लय विद्यान आदिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

विम्बको शाब्दिक अर्थ प्रतिमा, छाया, प्रतिविम्ब, प्रतिकृति, प्रतिरूप, प्रतिच्छवि, प्रतिच्छाया, मूर्तिभत्ता, चित्रकला, मानसिक चित्र, प्रत्यकित रूप, दर्पण, सादृश्य, समानता आदि हुन्छ । यस शब्दका यी विभिन्न अर्थमा विस्तार भई यसको अर्थगत र प्रयोगगत

क्षेत्रमा निकै व्यापकता आएको पाइन्छ । यसले सादृश्यविद्यान, कुनै व्यक्ति वा वस्तुको आकृति र त्यससम्बन्धी अवधारण, त्यसको पुनर्निर्माण, मानसपटल, कल्पना तथा मानसिक चित्र, विचार एवं मस्तिष्कमा आकृति पैदा गराउने अलङ्कारलाई पनि जनाउँछ । कवितालाई मूर्त रूप दिन विम्बको प्रयोग गरिन्छ । कविका आफ्ना अन्तरदृष्टिलाई विम्बका माध्यमले मूर्तरूप दिएर प्रस्तुत गरिएको हुन्छ । जीवन जगतका विविध किसिमका नवीन एवं परम्परित विम्ब र प्रतीकहरूमा कविका आफ्ना भाव अभिव्यक्त भएको हुन्छ । प्रतीक भनेको सादृश्य वा सहचर्यद्वारा कुनै चिजको प्रतिनिधित्व गर्ने वस्तु हो। यसले प्रायः कुनै विचार वा गुणको प्रतिनिधित्व गर्दछ । अमूर्त कुरालाई जनाउने मूर्त वस्तुलाई प्रतीक भनिन्छ । प्रतीकहरू प्रयोगका सन्दर्भबाट अर्थिन्छन । प्रतीक एक प्रकारले रुढ उपमानको अर्को नाम हो । जब उपमान स्वतन्त्र नरही पदार्थविशेषका लागि रुढ हुन्छ तब त्यो प्रतीक बन्न जान्छ । यसप्रकार प्रत्येक प्रतीक आफ्नो मूल रूपमा उपमान हुन्छ र विस्तारविस्तार यसको विम्बरूप वा चित्ररूप सञ्चारशील नभई स्थिर वा अचल हुन जान्छ । अतः प्रतीक एक प्रकारको अचल विम्ब हो । यसको आयाम समेटिएर आफ्रै भित्र बन्द हुन्छ । साहित्य र कलामा प्रयुक्त हुने प्रतीकको प्राधन्य रहन्छ भने काव्यमा संवेदनात्मक अथवा भावनात्मक प्रतीकको नै ग्राह्य हुन्छ । यसको मुख्य कारण यसमा प्रतीकको  निर्माण र योजना कल्पना द्धारा गरिनु हो । कुनै वस्तुमा आरोपित हुने वा प्रतिनिधित्व गर्ने चिज नै प्रतीक हो । कवितामा प्रयुक्त प्रतीकले कुनै विशिष्ट वस्तुलाई सङ्केत गर्नका साथै शब्दभन्दा परको अर्थलाई समेत सङ्केतित गर्दछ ।

भेटवालका कवितामा अनेक थरी विम्ब र प्रतीकहरूको प्रयोग भएको पाइन्छ । खासगरी इतिहास, संस्कृति, प्रकृति, राष्ट्रियता, मान्छेका प्रकृति विज्ञानका कुरालाई उनले विम्बका रूपमा प्रयोग गरेका छन । उनका कविताको मुख्य भाव, मर्म नै विम्ब र प्रतीकमा अडेको छ । उनले मानव जीवन र समाजका प्रकृतिका कुराहरूलाई समेत विम्ब र प्रतीकका माध्यमबाट आफ्ना कवितामा व्यक्त गरेका छन ।

प्रतीक प्रयोगका उदाहरणहरू निम्नलिखित उदाहरणबाट देखाउन सकिन्छ

नफुल्ने गरी फूल
फैलिएर बिरुवा
माटो रुखो भएर गयो
तिमीले लगाएर गएको वेला आगो

म र माटो

दुवैको हाल उस्तै भयो ।

(उस्तै भयो, पृ ८२)

यस उदाहरणमा विरुवा, माटो, आगो, फुल जस्ता प्रतीकको प्रयोग गरिएको छ । त्यस्तै प्रतीक प्रयोगका केही उदाहरणहरू निम्नलिखित हरफबाट देखाउन सकिन्छ ।

### ४.६.३ लय

लय शब्दले गहन एकाग्रता, तल्लीनता तत्भयता, विलियन, सङ्गीतमा स्वरको आरोह अवरोहको विशेषक्रम प्रवाह आदि अर्थबोध गराउँछ । सङ्गीत र काव्यको प्राणतत्वका रूपमा रहेको लयलाई मानिसको आन्तरिक, भाववेत्रका रूपमा पनि लिएको पाइन्छ । लयले कविता र गद्यमा शब्द वा ध्वनि प्रवाहको ढाँचालाई पनि बुझाउँछ । लयको उत्पत्ति प्रवाह, गति,यति, विराम, आघात आदिको परस्पर क्रमिक मेलबाट हुन्छ । विशेषत: आवृत्तिबाट लयोत्पादन हुने हुँदा लयको स्वरूप आवृत्तिमूलक हुन्छ भन्ने मानिन्छ । लयको अस्तित्व पद्य कविता र गद्यकविता दुवै हुन्छ । छन्दोबद्ध पद्यकवितामा छन्दको बन्धन नभए पनि लय पैदा भएको हुन्छ र यस्ता लयलाई मुक्तलय भनिन्छ मुक्तलयको प्रयोग गद्य कवितामा हुन्छ र यसमा छन्दबाट सिर्जित बाहाय लय हुन्छ । पद्य वा गद्य दुवै खाले कवितामा लयोत्पादन गर्न अलङ्कार (विशेषता अनुप्रास) को महत्त्वपूर्ण भूमिका रहन्छ । पद्यकवितामा अनुप्रासयोजना गद्यकवितामा लयोत्पादन गर्न त्यसमा वितरित बाक्यीय ढाँचा वा भाषिक विन्यासको पनि महत्त्वपूर्ण भूमिका रहन्छ ।

भेटवालका प्राय : सबैकविताहरू गद्य शैलीमा लेखिएका छन । उनका गद्य कविता कवितामा सिलसिला र सन्तुलित सङ्गीत योजना मनमा जसरी आउँछ उसैगरि राखिएको पाइन्छ । उनका गद्य कवितामा जीवन भोगाइका तीता मीठा सत्य मानवीय तथा कुलकुलाहरू लाई विविध श्लोकहरू मर्फत व्यक्त गरेका छन । उनका कवितामा पाइने अन्त्यनुप्रासीय लयविद्यानका गद्यात्मक कविताांशहरू यसप्रकार छन् :

गाई उसैले पाल्छ

गोबर उसैले सोर्छ

घास उसैले काट्छ

(किसान, पृ ७२

उपयुक्त हरफहरूको अन्त्यका समान किसिमको लयविद्यान भएकाले अन्त्यानुप्रासीय अनुप्रास मिलेको देखिन्छ ।

त्यसैगरी यस कविता सङ्ग्रहमा आगन्तुक शब्दहरूको पनि प्रशस्तै प्रयोग भएको पाइन्छ । जस्तै क्यालेन्डर, सहर, समय आदि त्यस्तै तदभव शब्दहरूको प्रयोग पनि अधिक छ । जस्तै किसान, भोक, आदि त्यस्तै अहिंसा, माधुर्य, मन, हृदय आदि । यहाँ प्रायः कविताहरूमा शब्दालंकारको प्रयोग भन्दा अर्थालंकारको प्रयोग बढी छ । यस कवितामा हरेक कविताको माथि सान्दर्भिक चित्र कोरिएको छ । छन्द प्रयोगमा निखारता आउन नसकेको भए पनि पहिलो प्रयासमा कवितामा नै बोधगम्यता एवं सरल र सरस भाषाशैलीको प्रयोग नै यस सङ्ग्रहको विशेषता हो ।

### ४.८ हरिमाया भेटवालको उपन्यासको विश्लेषण

साहित्य लेखनमा विशिष्ट योगदान दिन सफल हरिमाया भेटवालद्वारा लेखिएको *कल्ली* उपन्यासले समाजमा भएका र हुने गरेका घटनाहरूको नौलो प्रयोग गर्ने सन्दर्भमा यो उपन्यासको रचना भएको हो । यस उपन्यासले नेपाली उपन्यासको क्षेत्रमा छुट्टै पहिचान बोकेको छ । यस उपन्यासको प्रकाशन २०७३ सालमा भएको हो । उपन्यासमा कथानक, चरित्र चित्रण पात्रविधान, भाषाशैलि, पर्यावरण, उद्देश्य आदि तत्वका आधारमा विश्लोषण गरिएको छ ।

#### ४.८.१ कथानक

*कल्ली* उपन्यासको कथानकको सुरुवात नेपालको सुदुरपुर्वको ताप्लेजुङको होक्सरी भन्ने गाउँका बासिन्दाहरूको रहन सहन, चालचलन र त्यहाँको गतिविधबाट भएको छ । यस उपन्यासकी नायिका कल्लीका बाबुआमा गरिब परिवारका हुन्छन् । समाजमा छोराको महत्व र छोराले गने संस्कारमा रुमलिएका अन्धविश्वासी कल्लीका बाबु सोमबहादुरलाई छोरा नभएकोमा विस्मात छ । कल्लीकी दिदी सावी जन्मेपछि अर्को सन्तान जन्माउने क्रममा झाँक्रीका सल्लाहअनुसार पूजाआजा गरी छोरा जन्माउने क्रममा फेरी यस उपन्यासकी मुख्य पात्र कल्लीको जन्म भएको हो । फेरी छोरी जन्मेका कारण कल्लीका बुवा चिन्तामा पर्दछन् । उनले छोरा जन्मेला र कल्ली लगाइदिउँला भनेर बनाएको कल्ली छोरी जन्मेपछि गाउँकै सङ्लीको भट्टीमा रक्सी उधारो रक्सी खाइ खाइ पैसा तिर्न नसकेर

गाउँलेका अगाडी बेइजन हुनेगरी गाली गरेपछि त्यही कल्ली बन्दकी राख्छ र पछि पैसा तिर्न नसकेपछि साङ्लीले कल्लीको पाउजु बनाएर लगाउँछिन् । उता घरमा सोमेका श्रीमती कल्लीका आमा लक्षिमाले छोरीलाई कल्ली लगाइदिनु पर्‍यो खोइ भन्दा सोमेले कुरा टार्न खोज्दा लक्षिमाले कि बेचेर खायौं भन्दा सानी छोरी सावीले बहिनीको नाम कल्ली हो आमा भनेकाले लक्षिमाले त्यस दिनदेखी आफ्नी सानी छोरीको नाम नै कल्ली राखेको पाइन्छ ।

छोरा जन्माउन भनि पुजाआजा गर्न गाउँका लाहुरे बासँग रु. ५०० सोमेले ऋण लिएर तिर्न नसकेको आरोपमा लाहुरे बाले गरीखाने खेतपनि आफ्नो नाउँमा पार्छ र त्यही पिरमा रक्सी खाईखाई गाउँका केटाहरूलाई पनि विगारेपछि गाउँकै गंङ्गा दिदीको सहयोगमा जाडरक्सी मुक्त गाउँ भनि घोषण गरेकाले कल्लीका बुवा सोमेले लुकी लुकी खेततिर गएर जाडरक्सी भएर उनको खेतमै कठ्याग्रिएर मृत्यु हुन पुग्छ । अब परिवारमा झन् तनाब र गरिबी छापियो । एक दिनको ज्वरोले उनकी दिदी सावीको पनि मृत्यु हुन्छ भने कल्ली आमाले ठिक त्यसैबेला छोरा नन्दुलाई जन्म दिन्छन् । गाउँलेहरूले छोरीको अर्को रूप हो यो भन्दै सान्त्वना दिन्छन् । लक्षिमाले ज्याला गरेर सन्तान हुर्काउन थाल्छे । गाउँमा अलि बोल्न सक्ने निडर गङ्गा दिदीको सहयोगमा लाहुरे बाकोमा लक्षिमाको खेत फिर्ता लिने कुरा हुँदै गर्दा गाउँमा माओवादी पसेर गाउँका हरिकृष्णे र गङ्गादिदीलाई बेपत्ता पारी पल्लोगाउँमा एक महिनापछि लास ल्याएर फाली दिन्छन् । अब झन् एक्ली भइन् लक्षिमा । छोरी ठूली हुँदै जादा गाउँका लाहुरे बाले आँखा लाउन थालेपछि छोरीको विहे गरिदिन्छीन् लक्षिमाले त्यही कुरा लाहुरे बालाई चित्त नबुझेकाले र गाउँमा गाइगुइँ लाहुरे बा र नातिनीको उमेरकी कल्लीको हल्ला चल्न थालेपछि लक्षिमालाई बोक्सीको आरोपमा तातो डामी, दिसा पिसाब खुवाएर नाङ्गै पारेपछि उनले पिडा सहन नसकी इन्द्रावती नदीमा छोरा नन्दुलाई सँगै लिएर हामफालेर आत्महत्या गर्दछिन् ।

कल्ली विवाह गरेर गएका भोलिपल्टै उनकी सासु अकस्मात विरामी परेर मृत्यु हुन्छ । कल्लीका गाउँका काका उनलाई भेट्न आउँछन् । कल्लीका आमा र भाइको कुरा उनका ससुरालाई भनेपछि हिन्दुहरूको संकार कर्मअनुसार १३ दिनको काजक्रिया सक्याएर ससुरा बुहारी कल्लीको माइत हिड्छन् । कल्लीले आमालाई भेटेर कत्ति कुरा गरौला भन्ने योजना बनाइ बाटोभरि मनमा कुरा खेलाउदै जादा कृष्ण काकाकोमा पुगेपछि मनमायाले अङ्गालो हाल्दै सवै कुरा सुनाउँछिन् । कल्ली रुदै अब यस माइति गाउँमा म कहिल्यै पनि फर्किन्न

भनी आफ्नो घर लाग्दछिन् । अब कल्ली घर खानतिर लाग्दछिन् उनको १२/१३ वर्षको उमेरमा बालविवाह भएको हुन्छ लाहुरेबा का कारणले । घरमा पनि सासु वितेकाले सबै कामको बोझ उनीमा थपिन्छ । ससुराबा शान्तिरामले छोरालाई ठूलो मान्छे बनाउँला भनी सहरमा कसैको घरमा नोकरी लाग्न र पढ्न पठाउँछ भने यता बुहारीलाई पनि स्कुल भर्ना गरिदिन्छ । कल्लीले पनि मिहिनेत गरी घरधन्दा गर्दै १२ कक्षासम्म उत्तिर्ण गर्छे भने उता उनका श्रीमान डिल्लुले पनि १० कक्षा सम्म पढेर विदेश जान भन्दै गाउँमा पासपोर्ट र नागरिकता बनाउन आउँछ । बाबु शान्तिराम र श्रीमती कल्लीको कत्ति आग्रह पनि नसुनेर डिल्लु घर बन्दकी राखी दुवई जान्छ । त्यहाँ गएको २/३ महिनामै मान्छे मारेको आरोपमा जेल पर्छ । र उनलाई साउदीअरवमा लगी फाँसी दिने दिन तोकिन्छ । यदि भनेजति पैसा बुझाउन सके उनको ज्यान बाच्ने कुरा थाहा पाएपछि वाबु र कल्लीका धेरै प्रयासले सदरमुकामदेखि काठमाडौंसम्म हारगुहार मागी ब्लड मनी जम्मा गरी कल्लीले आफ्ना श्रीमान्लाई नेपाल फर्काउँछिन् । डिल्लु नेपाल आएपछि सवै नेपाली त खुसी भए तर कल्लीको भने मन खुसी हुन पाएन कथाले मोड अन्तै लियो । डिल्लु सहरमा बस्दा एउटै घरमा काम गर्ने सपनासँग प्रेम बसेका र उनका पेटमा डिल्लुको नासो भएकाले डिल्लु नेपाल आएपछि साथीको सामान पुऱ्याउँछु भनेर सपनालाई भेट्न जान्छ । तर सपनालाई डिल्लुले धोका दिई विदेश गएपछि बच्चाको बाबुको नाम दिन डिल्लुको साथी बलरामसँग विवाह गर्छे । यो कुरा थाहा पाएपछि डिल्लु र बलरामको कल्लीका अगाडि नै भनाभन भएपछि कल्लीले सवै कुरा थाहा पाउँछिन् र घर फर्कने क्रममा डिल्लु र कल्लीको बोलचाल नै बन्छ हुन्छ । घरमा पुगेपछि कल्लीले बाबु हजुरका बुढेसकालको साहरा ल्याइदिएकी छु भन्छे र आफ्नो घरधन्दामा लाग्छे । बाबु छोराको भलाकुसारी पछि उनीहरू सुत्न जान्छन् तर कल्ली तल भान्सामा नै रात विताई विहान ससुरा बाँ सँग यस घरमा मेरो काम सकियो अब म मेरो कामतिर लाग्छु भन्दै ओरालो लाग्दछिन् र कथानकको अन्त्य हो ।

यस उपन्यासको प्राकृतिक घटनाक्रम र औपन्यासिक घटनाक्रम बीच तालमेल पाइँदैन । त्यसैले उपन्यासको कथानक रैखिक नभएर अरैखिक बनेको छ । कल्लीको जन्मपछि उसको बुबा र दिदीको मृत्यु हुनु, एकल तथा गरिव महिलामाथि गाउँका ठूल बडाको आँखा लाग्न, कल्लीको इच्छाविपरीत सानैमा विवाह हुनु, विवाह पछि सासु वित्नु, श्रीमान सहर पस्नु, कल्ली स्कुल भर्ना हुनु, श्रीमानले अर्कै केटीलाई प्रेम गर्नु जस्ता घटनाक्रमको बयान गरिएको छ । यो प्राकृतिक घटनाक्रम औपन्यासिक घटनाक्रमसँग भने

मेल खाएको देखिंदैन । उपन्यासमा घटनाको सुरुवात कल्लीको जन्मपूर्व नै बाबुआमाको दिनचर्याको प्रसङ्गबाट सुरु भएको छ भने अन्त्य भने कल्ली आफू गन्तव्य खोज्न हिडेको कथाबाट अन्त्य भएको छ । औपन्यासिक घटनाक्रममा कतै नायिका स्वयम् उपस्थित भएर कार्यव्यापार सम्पन्न भएको छ भने कतै विगतमा घटेका घटनाक्रमहरू कल्लीले सम्भिmएकी छ । यसकारण यस उपन्यासको घटनाक्रम अरैखिक हुन गएको छ ।

यस उपन्यासको मुख्य कथानक कल्लीको जीवनमा घटेका घटनाक्रमसँग सम्बन्धित छ । कल्ली यस उपन्यासकी प्रमुख पात्र वा नायिका हो । कल्लीको जीवनमा आएको उतार चढावसँग कथानक पछि लागेको छ । कल्ली उपन्यासको एक तिहाइ कथा सुरुभएपछि अन्तसम्म उपस्थित छे । यसले. गर्दा कल्लीसँग सम्बन्धित कथानक नै यसको मुख्य कथा हो ।

यस उपन्यासमा मुख्य कथानकको पात्र कल्लीको जीवनमा घटेका घटनालाई सहयोग पुर्‍याउन विभिन्न व्यक्तिहरू सहायक कथानकको रूपमा आएका छन् । कल्ली सानैमा आफ्नो भाइ नन्दु र गाउँका केटाकेटीसँग खेलेको प्रसङ्गले सम्बन्धित कथानकले उत्कर्ष प्राप्त गरेको छ । कल्ली हजुर बुबा उमेरका लाहुरेबा बाट बलत्कारी हुन पुगेकी छे । आफ्नै पतिको कारणले उनले अन्त्यमा गन्तव्य खोज्न बाध्य पारेको छ ।

### ४.८.२ चरित्रचित्रण

*कल्ली* उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिएका छन् । यसमा मुख्य र सहायक पात्रका साथै गौण पात्रहरूको सङ्ख्या पनि अधिक रहेको छ । मुख्य पात्रका रूपमा नारी पात्र कल्ली रहेकी छे भने सहायक पात्रहरू कल्लीका बा, आमा, डिल्लु आदि रहेका छन् । त्यस्तै, नेपथ्य पात्रहरू कल्लीका जीवन भोगाइका क्रममा कल्लीका आमा लक्षिमा, उनका स्कुल जादाका साथी भmुमा, उनका गाउँले काका काकीहरू, गङ्गा आमा, सुडेनी, कल्लीका बुवा सोमे, ससुरा बा, डिल्लुलाई पठाउने क्रममा भेटभएका समाजसेवी विदुषी आदि सहायक तथा गौण पात्र हुन् । मुख्य, सहायक तथा गौण पात्रहरूको तल परिचय दिइएको छ ।

यस उपन्यासका पात्रहरूको चरित्रचित्रण समाख्याताले पात्रका चरित्रका बारेमा व्यक्त गरेका विचारका आधारमा, पात्रहरूका संवादका आधारमा र पात्रले गरेको कार्यको

आधारमा गरिएको छ । कल्लीका बाबु सोमेले छोराको आसमा छोरी जन्मीएपछि चिन्ताले ऊ सँग सम्बन्धित गाउँका व्यक्तिहरूलाई कुट्दै हिँडेर चौकीसम्म जानु गाउँमा बेइज्जत गरी लक्षिमाको चरित्रहत्या गरेका छन् । त्यस्तै लाहुरे बाले गाउँका ठूला भनाउँदाहरूले कसरी गरिब र निमुखा जनतालाई शोषण गर्छन भन्ने देखाइएको छ । लक्षिमा निडर र आटीली महिला भएका कारण गाउँका लाहुरे बाको कर्तुत सवै गाउँलेहरूलाई भनेपछि गरिव तथा एकल महिला भएकी कारण बोक्सीको आरोपमा आत्महत्या गर्न बाध्य भएको छ । उता कल्लीलाई बुहारी बनाएर शान्तिरामले घर लगेपछि स्कुल भर्ना गराई बाह्र कक्षासम्म अध्ययन गराएकाले समाजका आदर्श विचार भएका व्यक्तिका रूपमा परिचित छन् । घर परिवार छाडेर सहर पसेपछि डिल्लुले आफ्नै संसार बनाएको घटनाले आजको समाजको यथार्थलाई चित्रण गरेको पाइन्छ । त्यस्तै सहरका धनाढ्य भनिएका विदुषीको घरायसी झैझगडाले सहरका बासिन्दाको पनि चित्रण गरेको पान्इछ । त्यसैगरी आजको समयमा नेपालमा राम्रो काम नपाउने र घर खेत बन्दकी राखी विदेश गएकाहरूको दुःख कष्टलाई कथामा सटीक रूपमा व्यक्त गरिएको छ । पात्रहरूका संवादका आधारमा वा एउटा पात्रले अर्को पात्रका बारेमा भनेका कुराहरूलाई आधार मानेर उपन्यासका पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

### ४.८.३ पर्यावरण

पर्यावरणलाई देश, काल र वातावरण गरी तीन उपशीर्षकमा विभाजन गरेर निम्न रूपमा वर्णन गरिएको छ ः

**देश**

*कल्ली* उपन्यासको अधिकांश घटनाहरू नेपालकै विभिन्न स्थानमा घटेका छन् । स्थानको दृष्टिले नेपालको पहाडी भेक, गाउँ, काठमाडौं सहर र ताप्लेजुङका होक्सरी, मिश्रटार, डाँडागाऊँ सल्लाघारी बाटो आदीका साथै विदेशको दुवैसम्म घटनाहरूको आयाम बिस्तार भएको छ । यस उपन्यासकी मुख्य नारी पात्र कर्ल्लीका बाआमा कृषक हुन् । कल्लीको घरपरिवारको आम्दानीको मुख्य स्रोत भनेको कृषि हो भने अन्य आम्दानीको स्रोत भनेको कल्लीका बाको ज्याला मजदुरी नै हो । कल्लीका बा कृषक भए पनि खेतीपातीको आयस्ताले परिवार पाल्न धौ धौ भएको अवस्था छ । सामान्यतया कृषिकार्य नेपालको ग्रामीण भेकमा हुने र कल्लीको पारिवारिक अवस्था ग्रामीण कृषक परिवार भएकाले यस उपन्यासको

सुरुवात ग्रामीण भेकबाट भएको छ । कल्लीको घर र माइतीका परिवारको आर्थिक स्थितिको बारेमा उपन्यासमा छर्लङ्ग छ ।

कल्लीको माइतीगाउँ मिश्रटारको आसपास पर्ने कुरा उपन्यासमा उल्लेख गरिएको छ । यो ताप्लेजुङ नजिककोमा पर्छ । कल्लीको घर वा गाउँ सहरबाट टाढा नै छ । डिल्लुलाई बचाउन सदरमुकाम झरेको प्रसङ्गले र त्यही कामका सिलसिलामा काठमाडौंमा अनेकौ चरित्रहीन व्यक्तिहरूसँग कल्लीको पटक-पटक भेट भएको प्रसङ्गले अर्धविकसित ग्रामीण परिवेशको चित्रण भएको छ । यस उपन्यासका केही घटनाहरू सहरी परिवेश र विदेशमा र अन्य परिवेशमा घटेको भए पनि मुख्य घटनाहरू गाउँकै परिवेशमा केन्द्रित भएर घटेका छन् । सहरी परिवेशको चित्रण गर्दा यस उपन्यासमा अधिकांश स्थानहरू काठमाडौं, सिंहदरबार, बानेश्वरका रेस्टुरेन्टहरू का विभिन्न स्थानहरूको नाम उल्लेख गरिएको छ ।

**काल**

समयका दृष्टिले यो उपन्यासको लेखन नेपालमा प्रजातन्त्रको आगमनपश्चात् रहेको झल्को पाइन्छ । यस उपन्यासकी सहायका पात्र सोमे र उनका श्रीमती लक्षिमाका भनाइहरूले २०५२ सालको माओवादी द्वन्द्वको समयमा गाउँकै गङ्गा दिदी र जवान केटालाई अपहरण गरी मारेको प्रसङ्ग रहेको छ । विदेश जानुको लर्को र त्यहाँ हुने गरेका गतिविधि तथा विभिन्न हत्याका आरोमा फाँसीका सजायले २०७१ सालमा भएको नेपालको केटा विदेशमा फाँसीको सजाय पाएको र सरकारले सहयोग गरी पचाएको प्रसङ्ग यहाँ चर्चा गरिएकाले यो उपन्यासको कथा २०७३ सालभन्दा अघिको हो भन्ने कुरा प्रस्ट हुन्छ ।

**वातावरण**

*कल्ली* उपन्याको मुख्य नारीपात्र कल्लीले आफ्नो जीवनकालमा धेरै उतारचढावहरू भोग्नुपरेको छ । आफ्ना जीवनमा घटेका अतीतका घटनाहरूले उनको मनलाई उदास बनाउँछ । जीवनमा घटेका नयाँ पुराना घटनाहरू र नयाँ पुराना अनुहारहरू सम्झँदा उसलाई उराठ र पट्यार लाग्दो अनुभव हुन्छ । विगतको इतिहासले कल्लीको जीवन अमिलो बनाएको छ । उपन्यासको सुरुवातमा कल्लीले आफ्नो मन अहिले पनि उदास रहेको कुरा उल्लेख गरेकाले यस उपन्यासमा करुण भाव व्याप्त छ भन्ने अनुमान पाठकले गर्न सक्छ ।

कल्लीको मनमा धेरै पीडाहरू छन् । मन भित्र रहेका अतृप्त इच्छाहरूले निकास पाएका छैनन् । जसले कल्लीलाई विक्षिप्तताको अवस्थामा पुऱ्याएको छ । कल्ली आफ्नो जीवनदेखि निराश भएकी छे । आफूले चाहेको भन्दा ठीक विपरीत जीवन भोग्न कल्ली विवश छे । आफ्नो जीवनमा निराशा र कुण्ठा बोकेर बाँचेको कल्लीको भविष्य पनि अन्धकारपूर्ण नै भएको छ । बाहिर देखिएको धमिलो वातावरणले कल्लीको भविष्यमा आउँने दुःखको सङ्केत गर्दछ, । जीवनको उज्यालो प्राप्तिका लागि कल्ली जति लालायित हुन्छे त्यति नै ऊ अन्धकारमा जाकिन्छे । ससुरा बा र श्रीमान डिल्लुलाई कोठामा छोडेर कल्ली अन्धकारमा एक्लै निस्कनुले कल्लीको नारी अस्तित्व खतरामा पर्छ भन्ने अनुमान पाठकले गर्न सक्छ । तत्कालिन समयमा नेपाली समाजका नारी त्यसरी अन्धकारमा एक्लै घर बाहिर निस्कँदा अब के हुने हो भन्ने भय पनि पाठकमा छाउँछ । कल्लीको जीवन अनिश्चतताको गन्तव्यहीन मार्गमा पाइला चलिरहेको छ भन्ने सङ्केत देखिन्छ । यसरी अन्धकार समयमा अनिश्चितताको बाटोमा एक्ली कल्ली भौंतारिएर हिँडेको अवस्थामा कल्लीप्रति पाठकको सहानुभूति जाग्छ ।

यस उपन्यासमा स्थानका रूपमा ताप्लेजुङ, काठमाडौँ र ग्रामीण भेक र काठमाडौँ सहरदेखि नेपालकै सुदुर पूर्व र विदेशका दुवई सम्मका घटनाको बिस्तार भएको छ भने समयको दृष्टिले नेपालमा प्रजातन्त्रको आगमन र माओवादीको द्वन्द्वको समयका साथै नेपालमा हिन्दु सस्कृतिको कुरा आज पनि उस्तै रहेको कुरा कल्लीको न्वारन, विहे आदी हिन्दु सस्कार अनुसार पुन्य बाजेले गराएकाले नेपाली सभ्य समाजको चित्रण गरिएको छ ।

### ४.८.४ दृष्टिविन्दु

*कल्ली* उपन्यासमा घटेका घटनाहरू कल्लीको जीवनभोगाइसँग सम्बन्धित छन् । यस उपन्यासमा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । उपन्यासको सुरुवातमा तीतिय पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । यस उपन्यासकी केन्द्रीय पात्र कल्लीले आफ्नो जीवनमा घटेका घटनाहरू साहित्यकारले तृतीय पुरुषका माध्यमबाट सुरुवात गरिएको छ । आफ्नो जीवन भोगाइ र मनमा उठेका विभिन्न तर्क वितर्कहरूलाई मनोवादात्मक शैलीमा कल्लीले प्रस्तुत गरेकी छे । आफ्नो बाल्यकालमा आमा, बाबु, सासु आमा, भाइ, दिदीको मृत्यु भएकोले आफूले भोगेको घटनाक्रमहरूलाई कल्ली पूर्वस्मृतिका रूपमा सम्झिरहेकी छे । उपन्यासका अन्त्यतिर कल्लीका साथै रेस्टुरेन्टमा

बेयरा र ठूलाबढाको गतिविधि, नव धनाढ्य वर्गहरू आदि पात्रहरूको बारेमा जानकार भएर उनीहरूको सम्पूर्ण क्रियाकलाप, सोचाइ, विचारको बारेमा समाख्याताले बयान गरिरहेका हुनाले तृतीय पुरुष सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ यस उपन्यासको सुरुमा नै समाख्याता भएर घटनाको वर्णन गरिरहेको छ । कल्लीको दृष्टिबाट वरिपरिको वातावरण, लाहुरे बा, डिल्लु आदिलाई हेरिएको छ । उपन्यासमा लाहुरे बा, डिल्लु, सहरका ठूलाठालु भनाउँदाहरूका रूपको वर्णन गरिएको छ । त्यसैले प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासमा २८८ पृष्ठमा तयार भएको छ । यसमा कुनै परिच्छेद र अन्य कुनै छुट्ट्याउने आधार छैन । उपन्यासका पढेका आधारमा कल्ली बाह्र वर्षकी भएको विवाह गरेको दस भएको भनेका आधारमा उपन्यास २/२३ वर्षको बिचका अवधिका सेरोफेरोमा तयार भएको पाइन्छ ।

### ४.८.५ प्रतीक र विम्ब

प्रस्तुत शीर्षकअन्तर्गत प्रतीक, बिम्ब तथा अलङ्कार गरी तीन उपशीर्षकमा विवेचना गरिएको छ । *कल्ली* उपन्यासमा प्रशस्त बिम्ब तथा प्रतीकको प्रयोग गरिएका छन् । प्रतीकको तुलनामा बिम्बको प्रयोग यसमा धेरै गरिएको छ । *कल्ली* उपन्यासको शीर्षक नै प्रतीकात्मक रहेको छ । यस उपन्यासको शीर्षकले कल्लीको जीवनको गतिविधि र सेरोफेरो तथा जीवन भोगाइलाई इङ्गित गरेको छ । कल्लीको जीवन भोगाइका आधारमा यस उपन्यासको शीर्षक नै उपन्यासकी प्रमुख पात्र कल्लीका नामबाट 'कल्ली' राखिएको छ । यसैगरी शीर्षकबाहेक यस उपन्यासमा रहेका अन्य केही प्रसङ्गहरूले पनि प्रतीकात्मक अर्थ बोकेका छन्, जस्तै बाबु नभएकी टुहुरी कल्लीलाई लाहुरेबा बाट जोगाउँन विवाह गरेको र विवाह गरेका भोलिविहानै सासुको मृत्यु भएकाले दुःख कष्टको प्रतीकको रूपमा आएको छ । यसैगरी उपन्यासको अन्त्यमा डिल्लुको अर्को प्रेमिका रहेकाले कल्ली शान्त भएर आफ्नो बाटो लाग्नुले शान्त स्वभावलाई प्रतीकात्मक रूपमा देखाएको छ ।

### ४.८.६ भाषाशैली

*कल्ली* उपन्यासको भाषामा गद्यात्मकता छ । यस उपन्यासमा पात्रको स्तरअनुसार भाषाको प्रयोग गरिएको छ । उपन्यासकी मुख्य पात्र कल्ली १२ गरेकी छे । कल्ली शिक्षित भएकीले उसले प्रयोग गर्ने भाषा बढी काव्यात्मक र अलङ्कारपूर्ण छ भने प्रकृतिलाई सजीवीकरण गरिएको छ, । त्यस्तै कल्लीका आमा बुबा पूर्वतिरका भएकाले तुइले, सुस्तरी,

लाक्पा, खुन, म पुनि, जस्तो त्यस भेगको जस्ताको तस्तै भाषा उच्चारण गरिएको छ । त्यस्तै उपन्यासमा सहरका ठूला व्यक्ति भनाउँदा हरूले इन्ज्वाय, ड्रिङ्क्स, चिकेन तन्दुरी बाइ द वे जस्ता अङ्ग्रेजी भाषाका पनि प्रयोग गरेको पाइन्छ । कल्लीका बाबु सोमेको भाषा मानक नभएर बोलचालको भाषा रहेको छ । उसले प्रयोग गरेको भाषामा लिङ्ग, वचन, पुरुषको उपयुक्त संयोजन रहेको छैन । उसले प्रयोग गरेको भाषामा ग्रामीण निम्न वर्गीय अवस्थाको जीवन्तता पाइन्छ । लाहुरे बाले अनेक थरीका ऋण देखाएर व्याजको स्याज गरी गरीखाने खेत लिएको प्रसङ्गले यहाँ समाख्याताको आभाष पनि पाइन्छ ।

लाहुरे बा गाउँको धनी व्यक्ति हो । उसमा हैकमवादी प्रवृति भएकाले उसको भाषा पनि हैकम जमाउने खालको देखिन्छ । उसले प्रयोग गर्ने भाषा शिक्षित व्यक्तिको जस्तो मानक नभएर बढी संवेगात्मक छ, जस्तै :तँ, तेरी स्वास्नी आदी । कल्ली र नन्दुले सानोमा खेलेको खेलबाट तिम्रो सुसु र मेरो सुसुमा कसले टाढा पुयाउने भन्ने खेलले भाषामा बालसंवादको आभाव पनि पाइन्छ ।

डिल्लुलाई दुवईमा थुनेपछि कल्ली र दुवइका अरवीयन भाषाको संवादमा पनि स्वाभाविकता पाइन्छ । अरवियनले नेपाली शब्द उच्चारण गर्दा त्यसमा पनि वास्तविकता झल्किएको छ । शान्तिरामले मध्यम वर्गीय नेपालीले प्रयोग गर्ने भाषा रहेको छ । उसले प्रयोग गर्ने भाषामा व्वारी, तिम्रो पोइ आदी । उपन्यासमा गाउँले परिवेश भएकाले त्यहाँका अपशव्दहरूलाई पनि प्रयोगमा ल्याइएको छ । जस्तै : जाठ्ठा, मुन्टी, माट्टोक्ने आदी । त्यसैगरी बोलीचालीमा आएका उखानहरूको पनि प्रसस्त प्रयोग भएको पाइन्छ । जस्तै तिमी मरे हत्ते, जस्तालाई तस्तै ढिडालाई निस्तै, लुटेको धन फुपूको सराद्दे आदी ।

### ४.८.७ सारवस्तु

*कल्ली* उपन्यासमा कल्लीका घरपरिवारका व्यक्तिको आ-आफ्नै दु:खकष्टको जीवनभोगाइ रहेको हुन्छ । यस उपन्यासका पात्रहरू कल्ली, कल्लीका बाबु, आमा, श्रीमान् लगायत सबै पात्रहरूका संयोजनबाट उपन्यास तयार भएको छ । आफ्नो जीवनमा जन्मेका दिनबाट बाबुले छोरी जन्मेको भनि मुखसमेत नहेरेको घटनादेखि कल्लीका श्रीमान्ले सहरमा अर्को केटी राखेको थाहा पाएपछि घर छोडी हिँडेको घटनासम्मको बर्णन गर्दा जीवन भोगाइ दु:खद बन्न पुगेको छ । यसका साथै यस उपन्यासमा एक गरिब र अशिक्षित परिवारमा

जन्म लिनुले जीवनमा कति सम्म दुःख र कष्ट भोग्नुपर्दो रहेछ भन्ने सारवस्तु प्रस्तुत भएको छ ।

### ४.८.८ शीर्षक सार्थकता

*कल्ली* उपन्यासको शीर्षक प्रमुख नारी पात्र कल्लीकै नामबाट रहेको छ । *कल्ली* शीर्षकले कल्लीको जीवन भोगाइका कुराहरू प्रस्तुत गरेको छ । त्यस्तै, कल्लीको बाबुको जीवन भोगाइ अभावग्रस्त परिस्थितिसँग भेल्नु रहेको छ । ज्याला मजदुरी र कृषिको थोरै आम्दानीले परिवारको भरण पोषण गर्नु उसको लागि चुनौति रहेको छ । त्यसैले, कल्लीको बाल्यकाल अभावमै बित्यो । समाजमा छोराप्रतिको मोह र छोरा जन्मीने आशमा कल्लीका बाबुले जन्मनु अगावै कल्ली किनेर ल्याएको तर छोरी जन्मेपछि कल्ली बेचेर भट्टी धाउने गरेकाले उनकी आमा लक्षिमा र दिदी सावी मिली उनको नाम कल्ली राखेको थिए । उनैको जीवनभोगाइका सन्दर्भलाई यस उपन्यासमा प्रस्तुत गरेकाले यस कथाको शीर्षक सार्थक रहन गएको छ ।

## ४.९ निष्कर्ष

हरिमाया भेटवालका कृतिहरूको विश्लेषण गर्ने क्रममा उनका दुई वटा कथासङ्ग्रह, नाटक, कवितासङ्ग्रह र उपन्यासको विश्लेषण गरिएको छ जसमा पहिलो दर्जा कथासङ्ग्रहमा १२ वटा कथाहरू रहेका छन् भने मैनका मान्छेहरू कथासङ्ग्रहमा १८ वटा कथाहरू रहेका छन् । त्यस्तै आहाल नाटकभित्र ३ वटा नाटकको रचना भएको छ ।

*दोस्रो दर्जा* कथासङ्ग्रहमा वर्ग विषमताले युक्त समाजबाट टिपिएका विषयहरूलाई वस्तुवादी ढंगले विवेचना गरिएको छ । यसरि कथा सङ्ग्रहमा 'सानी', 'सपना बोकेका आँखाहरू', 'देश हस्तान्तरण', 'चिहान डाँडामा', 'कपासको विछ्यौना', 'टिनको छानो', 'जहाँ घाम अस्ताउँदैन', 'चिनो' र 'उसलाई सम्भदा' गरी नौ वटा कथाहरू बढी नारी केन्द्रित छन् भने 'प्रेरणा', 'प्रहार' र 'करी' यी ती वटा कथाहरूचाहिँ नारी केन्द्रित भएर पनि भिन्न प्रकारको विषयवस्तुमा आधारित छन् ।

त्यसैगरी *मैनका मान्छेहरू* कथासङ्ग्रहमा यी कथाहरूमा नारीमाथि हुने शोषण, दमन, चेलीबेटी बेचबिखन, सामाजिक कुसंस्कारको विरोध नारी र पुरुष बीच समाजमा हुने

असमानता, अन्याय र अत्याचारको विरोध गरिएको छ । प्रस्तुत दोस्रो दर्जा कथासङ्ग्रह भित्र सङ्कलित कथाहरूमा केही सामाजिक यथार्थवादी प्रगतिवादी कथाहरू र केही राजनैतिक विषयवस्तुमा आधारित कथाहरू रहेका छन् । यस कविता सङ्ग्रहमा नेपाली समाजमा व्याप्त रोग, भोक, अशिक्षा, गरिबी, विकृति, विसङ्गति, दुःख कष्ठ, यौन शोषण, विद्रोह आदिलाई देखाउन सफल भएको पाइन्छ । साथै यस कवितामा परिवार समाज तथा देशका व्यथा, राष्ट्रका उज्याला अध्यारा पाटाहरू देशभक्ति, सांस्कृतिक, प्राकृतिक, राजनैतिक विषयलाई मुख्य विषयवस्तुका रूपमा उठाएको देखिन्छ ।

उनले यस कविता सङ्ग्रह भित्रको एउटा कविताको शीर्षकलाई लिएर पूरै कविताको नाम *बाटो खोज्दै बाटोमा* राखिएको छ । यस सङ्ग्रहमा सामाजिक, सांस्कृतिक विम्बहरूको प्रयोग गरिएको छ । उनका कवितामा केही विम्बहरूको प्रयोग गरिए पनि समग्रमा कविताको भाषा सरल, सहज रहेको छ । सरस कुराहरूलाई पनि सहजकताका साथ स्पष्ट रूपमा अभिव्यक्त गर्न सक्नुले उनी सफल भएका छन । उनको यो कृति काव्यात्मक भन्दा उपदेशात्मक चेतनामूलक, जागरणमूलक, नैतिक, सन्देशमूलक कृतिका रूपमा देखा परेको छ

प्रस्तुत नाटकमा दरबार हत्याकाण्डपछि दरबारमा रानीको मन स्थिर नरहेको, सुसारेहरूको कथाव्यथा र पिडालाई प्रस्तुत गर्न खोजिएको पाइन्छ । पहिलो नाटकका कथामा सीता, रावण, राम, सुपर्णखा आदि पात्रहरूद्वारा सजित छ । पौराणिक कालमा रावणले सीतालाई हरेर लगेको प्रसङ्गको रहेको छ । माया नाटकको कथावस्तु नेपालमा आमोवादीको द्वन्द्वकालको रहेको छ । यस नाटकको कथावस्तु अनुसार देशमा युद्ध भइरहेको हुन्छ । कतामरी नाटकमा मञ्च एउटै भएपनि ३ थरिका कथाहरू बोकेर आएको छ । पात्रहरू कथाअनुसार नै भिन्न भिन्न खालका भएर देखापरेका छन् ।

*कल्ली* उपन्यास लेखन परम्परामा देखा परेको नौलो प्रयोग हो । झिनो विषयवस्तुलाई लेखकले आफ्नो कलाले सिँगारेर एउटा मूर्त रूप दिनु यस उपन्यासको प्रयोगको सबल पक्ष हो । यस उपन्यासको कथानकमा अव्यवस्थित घटनाक्रम रहनु, नायिका प्रधान उपन्यास भए पनि मुख्य पात्र वा नायिका कमजोर देखिनु, उपन्यासमा घटना घटेको स्थान नेपालको सुदुर पुर्व तथा काठमाडौं र दुबईसम्म घटनाको बिस्तार भए पनि घटनाको पूर्व सङ्केत विना नै घटना घटेको सूचना दिनु, उपन्यासमा पात्र अनुसारको भाषाको प्रयोग

भए पनि कथ्य, मानक, आगन्तुक सबै किसिमको भाषाको प्रयोग हुनु, संवादात्मक र वर्णनात्मक दुबै शैलीको प्रयोग गरिनु, तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग हुनु आदि जस्ता औपन्यासिक तत्वका आधारमा पनि नवीन प्रयोग गरिएको छ । यो उपन्यास औपन्यासिक तत्वका आधारमा भन्दा पनि उपन्यास लेखनमा नवीन प्रयोग गरिएको सन्दर्भमा बढी महत्त्व राख्दछ ।

# पाँचौं परिच्छेद

# सारांश र निष्कर्ष

## ५.१ सारांश

हरिमाया भेटवालको जन्म नेपालको मेची अञ्चलअन्तर्गत झापा जिल्लाको लालपानीमा वि.सं. २०२५ फागुन १८ गते भएको हो । त्यसैले प्रस्तुत शोधपत्र विभिन्न समस्याका आधारमा तयार गरिएको छ जसमा निम्न लिखित समस्यामा केन्द्रित रहेको छ : हरिमाया भेटवालको जीवनी के कस्तो रहेको छ ? हरिमाया भेटवालको व्यक्तित्वका विविध पाटाहरू के कस्ता छन् ?र हरिमाया भेटवालको कृतित्व के कस्तो रहेको छ ? प्रस्तुत शोधकार्यका मूलभूत उद्देश्य रहेका छन् जसमा हरिमाया भेटवालको जीवनीको अध्ययन गर्नु, हरिमाया भेटवालको व्यक्तित्वका विभिन्न पाटाहरू केलाउनु र हरिमाया भेटवालको कृतित्वको निरूपण गर्नु ।

भेटवालको जीवनी, व्यक्तित्व र कृतित्वको गहन अध्ययन गरेर उनका साहित्यिक योगदान ठम्याई उनको उचित मूल्याङ्कनसमेत गरिएकाले छ । प्रस्तुत शोधकार्य हरिमाया भेटवालको जीवनी व्यक्तित्व र कृतित्वमा आधारित रहेको अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको सीमा रहेको छ । हरिमाया भेटवालको शोधकार्यका लागि आवश्यक पर्ने सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकृतिका छन् । प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि सर्वक्षण विधि र जीवनी व्यक्तित्व र कृतित्वलाई प्रमुख आधार मानिएको छ । प्रस्तुत शोधपत्रको संरचना पक्षलाई सङ्गठित र सुव्यवस्थित पार्नका पाँच परिच्छेदहरूमा विभाजन गरिएको छ ।

प्रस्तुत शोधको पहिलो परिच्छेदमा शोधपरिचय दिइएको छ । जसअन्तर्गत विषयपरिचय, समस्या कथन, शोधकार्यको उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधप्रस्तावको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि, शोधपत्रको रूपरेखा जस्ता शीर्षक दिई शोधपरिचयलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा हरिमाया भेटवालको जीवनका बारेमा व्याख्या गरिएको छ । हरिमाया भेटवालको जन्म वि.सं. २०२५ साल फागुन १८ गते नेपालको मेची अञ्चल झापा जिल्लाको लालपानीमा भएको हो । ५'३ इन्च र ५० केजी तौलकी गहुगोरी वर्णकी हरिमायाको जन्मथलो पूर्वी नेपालको तराईको झापा भए पनि हाल उनी काठमाडौं

मै बस्दै आएकी छन् । यस परिच्छेदमा विषय परिचय, जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, आर्थिक अवस्था, दुःख सुखका क्षणहरू, सेवा र संलग्नता, भ्रमण, रुचि, प्रेरणा, साहित्यिक कृतिहरूको सूची, सम्मान तथा पुरस्कार र निष्कर्ष जस्ता शीर्षकहरू राखी विश्लेषण गरिएको छ ।

तेस्रो परिच्छेदमा उनको व्यक्तित्वका बारेमा व्याख्या गरिएको छ । हरिमाया भेटवालको व्यक्तित्वका बारेमा विषय परिचय, हरिमाया भेटवालको व्यक्तित्व, साहित्यिक व्यक्तित्व, कवि व्यक्तित्व, नाटककार व्यक्तित्व, निबन्धकार व्यक्तित्व, कथाकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, साहित्येतर व्यक्तित्व, जागिरे व्यक्तित्व, राजनीतिक व्यक्तित्व, प्रेरक व्यक्तित्व, समाजसेवी व्यक्तित्व, हरियामा भेटवालको मूल्याङ्कन र निष्कर्ष रहेको छ ।

चौथो परिच्छेदमा हरिमाया भेटवालद्वारा रचना गरिएका उत्कृष्ट कृतिहरूको कथा, कविता, नाटक र उपनयासका तत्वका आधारमा संक्षिप्त रूपमा व्याख्या गरिएको छ । जसअन्तर्गत विषय प्रवेश, भेटवालको कृतित्वको विवरणअन्तर्गत *दोस्रो दर्जा* कथासङ्ग्रह भित्रका १२ वटा कथाहरू र *मैनका मान्छेहरू* कथासङ्ग्रहका १८ वटा कथाहरूको कथातत्वका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । त्यसैगरी *आहाल* नाटकको नाटकका तत्वका आधारमा र *कल्ली* उपन्यासको उपन्यासका तत्वका आधारमा व्याख्या गरिएको छ । र अन्तिममा पाँचौं परिच्छेदमा सम्पुर्ण शोधको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

हरिमाया भेटवाल (२०२५) झापाका एक होनाहार, लगनशील, इमानदार, साहित्यिक प्रतिभा हुन् । आफ्नो लगन एवं मेहनतकाका कारण उनी राष्ट्रिय रूपमा नै आफ्नो सिर्जना यात्रा अगाडि बढाइरहेकी छन् । झापालगायत राष्ट्रभरि नै आफ्ना सिर्जनाका डोबहरू छोड्दै भेटवाल एक लगनशील एवं जागरुक लेखक हुन् । कलिलो उमेरमा नै कविता लेखन सुरु गरेका भेटवाल विभिन्न राजनीतिक सङ्घ सङ्गठनमा पनि आबद्ध रहेका पाइन्छन् । समाज एवं सङ्गठन प्रति सचेत उनको सामाजिक एवं साहित्यिक सङ्गठनका माध्यमबाट आफूलाई जीवन्त राखेको पाइन्छ ।

समग्रमा भन्नुपर्दा उनको साहित्यिक व्यक्तित्व अरुभन्दा बढी सबल देखिन्छ । साहित्यका विभिन्न विधामा उनको उपस्थिति पाइन्छ । त्यसरी नै कुशल सम्पादन, कुशल

सङ्गठकका साथै विविध क्षेत्रमा उनको उपस्थितिले उनलाई एक क्रियाशिल व्यक्तिको रूपमा उभ्याएको पाइन्छ । उनको जीवनका यस्तै सबल पक्षको योगबाट उनको जीवन प्रकाशित छ र भविष्यमा अझ प्रगति हुने सङ्केत देखा पर्दछ । यस्तै भूमिकाका कारण भेटवाललाई एक सफल व्यक्तित्वको रूपमा मूल्यांकन गर्न सकिने प्रर्याप्त आधारहरू देखा पर्दछन् ।

भेटवालका साहित्यले समाजमा घट्ने यथार्थ घटनाहरूलाई आधारस्तम्भ बनाएर कथावस्तु चयन गरेका छन् । समाजका यथार्थ घटनाहरू प्रस्तुत गर्ने क्रममा उनले मूलतः प्रकृति प्रेम, राजनैतिक, यौनवृत्तिलाई प्रमुख रूपमा अगाडि सारेका छन् । भेटवालले मानवीय नैसर्गिक र जैविक वृत्तिका रूपमा देखापर्ने यौनप्रतिको आशा-अपेक्षा, निराशा, कुण्ठा, पीडा, उत्तेजनाजस्ता पक्षहरूलाई यौनमनोविश्लेषणात्मक ढङ्गले प्रस्तुत गरेका छन् । मानव मनोजगत्मा यौनले ल्याउने हलचल, यौनप्रतिको प्रत्यक्ष-अप्रत्यक्ष लिप्सा जस्ता विविध पक्षहरूको सफल चित्रण गरेका छन् । उनले समाजमा यौनावेगका कारण युवायुवतीदेखि वयस्क उमेरका मानिसहरूसम्म पनि सामाजिक, पारिवारिक तथा साँस्कृतिक मर्यादाको ख्याल नगरी यौनवृत्तिमा लिप्त हुने, सामाजिक चरित्रहरूलाई पनि मनोविश्लेषणात्मक रूपमा प्रस्तुत गरेका छन् । यी र यस्ता घटनाक्रहरूलाई प्रस्तुत गर्ने क्रममा विशेषगरी भेटवालले नारी पात्रहरूको प्रयोग गरी नारी यौनमनोविश्लेषण गर्न पुगेका छन् ।

यसरी भेटवाल नेपाली साहित्यका क्षेत्रमा देखापरेकी सामाजिक यथार्थवादी साहित्यकार हुन् । उनी समाज र मानवीय मनका हरेक उतारचढावलाई सजीव रूपमा चित्रण गर्न सक्ने सृजनात्मक क्षमता राख्छन् । उनी मानवीय मनोजगत् र यौनवृत्तिका केस्रा-केस्रालाई कलात्मक ढङ्गले पल्टाउने नारी साहित्यकार हुन् ।

# परिशिष्टहरू

*हरिमाया भेटवालको जीवनी, व्यक्तित्व र कृतित्व* शीर्षकअन्तर्गत शोधकार्य गर्ने सिलसिलामा शोधनायिक भेटवालसँग यस शोधार्थी लक्ष्मी उप्रेतीले लिएको मौखिक अन्तर्वार्ता यस प्रकार छः

**प्र.नं.१ तपाईंको जन्म, मिति कहाँ र कहिले भएको हो ?**

भेटवाल : मेरो जन्म नेपालको मेची अञ्चलअन्तर्गत झापा जिल्लाको लालपानीमा वि.सं. २०२५ फागुन १८ गते पिता डिल्लीराम भेटवाल र माता नरमाया भेटवालकी कान्छी छोरीका रूपमा भएको हो ।

**प्र.नं.२ तपाईंको माता पिताका कतिजना बालबच्चा (सन्तान) थिए र तपाई कतिऔं सन्तानमा पर्नुहुन्छ ?**

भेटवाल : हामी तीन दाजु, तीन भाइ र तीन दिदी तथा आफू गरी दशजना दाजुभाइ दिदीबहिनी छौं । पिता डिल्लीराम भेटवाल र माता नरमाया भेटवालकी १० औं सन्तानका रूपमा रूपमा मेरो जन्म भएको हो ।

**प्र.नं.३ पुर्खाहरूको स्थायी वासस्थानको बारेमा बताई दिनु हुन्छ कि ?**

भेटवाल : **मेरा** पुर्खाहरू पूर्वी नेपालको झापा जिल्लामा बसोबास गर्दै आएका हुन् । मेरा बाजे र बुबाको जन्म पनि झापा जिल्लामा नै भएको हो । हाल म काठमाडौंको बुढानिलकण्ठस्थित बालुवा खानीमा बस्दै आएको छु ।

**प्र.नं.४ तपाईको अक्षारम्भ कति वर्षको उमेरमा भएको हो ?**

भेटवाल : सानैमा घरमै बुवा दाजु दिदीहरूसँगै मेरो पढाइ पनि कखराबाट सुरु भएको हो । त्यसपछि गाउँकै विद्यालयमा आठ वर्षको उमेरमा कन्काई मा.वि. सुरुङ्गामा भर्ना भई त्यहींबाट मैले एस.एल.सी. सम्मको पढाइ पूरा गरेकी हुँ ।

**प्र.नं.५ तपाईको विद्यालयप्रवेशको उमेर र विद्यालयको नाम बताइदिनुहुन्छ कि ?**

भेटवाल : आठ वर्षको उमेरमा मैले विद्यालय प्रवेश गरेकी हुँ र मैले अध्ययन गरेको विद्यालयको नाम कन्काई माध्यमिक विद्यालय, सुरुङ्गा, झापा हो ।

**प्र.नं.६ विद्यालयमा तपाईंको अवस्था कस्तो रह्यो ?**

भेटवाल : मैले आफ्नै स्थानको सरकारी विद्यालयमा पढेँ । म ठिकै खालकी विद्यार्थी थिएँ तर म विद्यलयीय शिक्षाभन्दा माथि बढ्न सकिनँ ।

**प्र.नं.७ एस.एल.सी. कति सालमा कहाँबाट उत्तीर्ण गर्नुभएको हो ?**

भेटवाल : मैले श्री कन्काई माध्यमिक विद्यालय, सुरुङ्गा, झापाबाट २०४४ सालमा एस. एल.सी. उर्तीर्ण गरेकी हुँ ।

**प्र.नं.८ वैवाहिक स्थितिका बारेमा पनि बताइदिनुहोस् न ?**

भेटवालः म २०४५ सालमा भोजपुर निवासी सहदेव विष्टसँग विवाहबन्धनमा बाँधिएकी हुँ ।

**प्र.नं.९ तपाईंका सन्तान कति छन् र हाल उनीहरू के गर्दै छन् ?**

भेटवाल : मेरा जन्मा दुई सन्तान छन् । एउटा छोरो छ र एउटी छोरी छे । मेरो छोरो आई.टी इन्जिनियर छन् भने छोरीले स्नातकोत्तरसम्मको अध्ययन गरेकी छन् ।

**प्र.नं.१० तपाईं कहिलेदेखि साहित्यमा प्रवेश गर्नुभएको हो ?**

भेटवाल : मेरो पहिलो साहित्यिक यात्रा नाटक लेखनबाट भएको हो । २०५५ सालमा मैले *बोक्सीहरू छैनन्* र *हराएकाहरू* नाटकबाट साहित्ययात्रा प्रारम्भ गरेकी हुँ ।

**प्र.नं.११ तपाईंद्वारा सृजित पहिलो रचना कुन थियो ? यसको प्रकाशन कहिले कहाँबाट भयो ?**

भेटवाल : वि.सं.२०५४ देखि औपचारिक रूपमा म लेखनमा प्रवेश गरेकी हुँ । २०५५ सालमा पहलो रचनाका रूपमा प्रकाशित भयो । पहिलो कथा २०५८ सालमा *मधुपर्क*को मङ्सिर अङ्कमा *सपना बोकेका आँखाहरू* शीर्षकको कथा प्रकाशित भएको हो ।

**प्र.नं.१२ तपाईंका हालसम्मका रचनाहरूका बारेमा बताइदिनुस् न ?**

भेटवाल : मेरा हालसम्म दुईओटा कथासङ्ग्रह, एउटा नाटक, एउटा उपन्यास र अन्य फुटकर कृति छन् । अन्य फुटकर रचना र लेखहरूको विवरण प्रस्तुत शोधपत्रका लागि उपलब्ध गराएअनुसारको हुँदा तिनलाई नछुटाईकन राखिदिनुहोला ।

**प्र.नं.१३ तपाईं साहित्यका अतिरिक्त कुन-कुन क्षेत्रमा संलग्न हुनुहुन्छ ?**

भेटवाल : साहित्य लेखन अतिरिक्त म कर्मचारी, राजनीतिक व्यक्तित्व तथा विभिन्न सङ्घसस्थामा आबद्ध रही समाजसेवामा संलग्न छु साथै कुशल गृहिणी पनि हुँ ।

**प्र.नं.१४ तपाईलाई साहित्यमा लाग्ने प्रेरणा कसबाट प्राप्त भयो ?**

भेटवाल : म आफ्ना बाबुकै प्रेरणाबाट साहित्यमा लागेकी हुँ । मेरा बुवाले पनि कविता रचना गर्ने भएकाले ममा पनि साहित्य रचना गर्ने आँट बढेको हो । यसका साथै म लक्ष्मीप्रसाद देवकोटाको *यात्री* कविताबाट बढी प्रभावित भएकी छु । त्यसपछि गोर्कीको *आमा* उपन्यासले पनि मलाई साहित्यतर्फ रुचि जगाउने काममा प्रेरणा प्रदान गरेको हो ।

**प्र.नं.१५ हालसम्म कुन-कुन सम्मान तथा पुरस्कार प्राप्त गर्नुभयो ?**

भेटवाल : मैले अहिलेसम्म पाएका सम्मानहरूमा अखिल नेपाल महिला संघ सम्मान ( वि.सं. २०५७), राष्ट्रिय जन सांस्कृतिक साहित्य पुरस्कार (वि.सं. २०५७), नागार्जुन वार्षिक रचना पुरस्कार (वि.सं. २०६३), दीपज्योति साहित्य सम्मान (सन् २०७०) र शर्मा मुडवारी मोतीराम काव्य पुरस्कार (सन् २०७०) हुन् ।

**प्र.नं.१६ फुर्सदका समयमा के गर्न रुचाउनु हुन्छ ?**

भेटवाल : म फुर्सदका समयमा पत्रपत्रिका र पुस्तक पढ्नुको अलावा टेलिभिजन हेर्न बढी मन पराउँछु ।

**प्र.नं.१७ तपाईं साहित्य सिर्जना गर्दा कस्तो ठाउँ रोज्नुहुनछ ?**

भेटवाल : मेरा लागि साहित्य सृजना गर्न उपयुक्त स्थान त एकान्त नै हो । तर सृजनाका लागि कुनै खास स्थान त रोजेकी छैन । खासै अरू साहित्यकारले जस्तो प्राकृतिक सुन्दर स्थान त रोज्न पाएकी छैन तर समय पाएमा जहाँ पनि साहित्य रचना गर्ने गरेकी छु ।

**प्र.नं.१८ जीवनको सबभन्दा सुखको क्षण र दुःखको क्षण कुन बेला हो ?**

भेटवाल : जीवन भनेको सुख दुःखको क्षण हो । साना-तिना सुख र दुःखका क्षण आइरन्छन् । मेरो जीवनको दुःखको क्षण भनेको सानो छँदा खोलाले बगाएको क्षण हो भने त्यसरी बगेका बेला बुवाले बचाउनुभएको क्षण नै मेरा लागि सुखको क्षण हो भन्ने मैले मानेकी छु ।

**प्र.नं.१९ मानवजीवनमा गर्नुपर्ने तीन कुराहरू के-के हुन जस्तो लाग्छ ?**

भेटवाल : मानवजीवनमा गर्नुपर्ने कुराहरू धेरै हुन सक्छन् । यो मूलतः देशको भूगोल, सामाजिक संरचन, धर्म आदिमा भर पर्ने कुरा हो । मेरा दृष्टिमा  तीन कुरा उल्लेख गर्नुपर्दा इमानदारिता, समाजसेवा र जन्मभूमिको माया नै हो ।

**प्र.नं.२० शिक्षाको सामाजिक भूमिका कस्तो हुनपर्छ ?**

भेटवाल : शिक्षा भनेको ज्ञान प्राप्ति मात्र नभई यो समाजोपयोगी हुनुपर्छ भन्ने मलाई लाग्दछ । व्यावसायिक शिक्षाबाट मात्र समाजको रूपान्तरण गर्न सकिन्छ भन्ने मलाई लागेको छ ।

**प्र.नं.२१ नेपालमा राजनीतिक निकासका लागि के के गर्नुपर्ला जस्तो लाग्छ ?**

भेटवाल : राजनीतिक नेतृत्व गर्नेले राजनीतिक दलभन्दा माथि उठ्नुपर्दछ । यो देश नरहे म रहन्न भन्ने हेक्का राख्नुपर्छ । इमानदारिता हुने हो भने अरू केही गर्नै पर्दैन जस्तो मलाई लाग्छ ।

**प्र.नं. २२ साहित्य क्षेत्रलाई अझ अगाडि बढाउन के गर्नु पर्ला जस्तो लाग्छ ?**

भेटवाल : सबैको हित गर्ने सत्यलाई मनन गरेमा साहित्य बढ्न सक्छ । साहित्यको उन्नयन साधनामा निहित हुन्छ ।

**प्र.नं. २३ आफू नारी भएकै कारणले हो कि तपाईंको साहित्य लेखनमा बढी नै नारीवादी देखिन्छन् नि ?**

भेटवाल : हुनत पुरुष साहित्यकारहरूले पनि थुप्रै नारीवादी लेखन लेखेका छन् तर मेरो लेखनमा भने आफू नारी भएर आफैले भोगेको तथा आफ्ना सहकर्मीले यो देशका आमा, दिदीबहिनीहरूकै दुःख र पीडाले मलाई बढी भावुक बनाउने भएकाले होला बढी नै छन् ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, केशवप्रसाद (२०५८), *नेपाली एकाङ्की भाग ३,* तेस्रो संस्करण ललितपुर : साझा प्रकाशन ।

चाम्लिङ, दुतेन्द्र (२०६९), 'महान मान्छेहरूः मैनका मान्छेहरू' *गरिमा,* (वर्ष ३०, अङ्क ८, पू.३६५, साउन) पृ.१३८-१३९) ।

त्रिपाठी, वासुदेव (२०६०), *नेपाली कविता भाग ४,* चौंथो संस्करण ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, थानेश्वर (२०६३). 'गणेशमान सिंहको जीवनी, व्यक्तित्व र कृतित्व', अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौडेल, वैकुण्ठप्रसाद (३०६५), 'जगदीश घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व,' अप्रकाशित, नेपाली स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

भेटवाल, हरिमाया (२०६३/६४), *दोस्रो दर्जा,* काठमाडौं :एसिया पब्लिकेसन्स् प्रा. लि ।

भेटवाल, हरिमाया (२०६८), *मैनका मान्छेहरू,* ललितपुर : साझा प्रकाशन ।

भेटवाल, हरिमाया (२०६९), *आहाल,* काठमाडौं : पैरवी बुक्स हाउस ।

भेटवाल, हरिमाया (२०७२), *बाटो खोज्दै बाटोमा,* काठमाडौं : शब्दार्थ प्रकाशन ।

भेटवाल, हरिमाया (२०७३), *कल्ली,* काठमाडौं : शिखा बुक्स ।

लुइटेल, खगेन्द्र (२०५४), *नेपाली कविता,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, सङ्गीता (२०७३), 'पीताम्बर नेपालीको जीवनी, व्यकित्व र कृतित्व,' अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

लोहनी, राम (२०७४), *पहिचानको एषणा, कोसेली.* मासिक पत्रिका, २०७४ मंसिर २३, ।

शर्मा, मोहनराज (२०६५), 'हरिमाया भेटवालको दोस्रो दर्जा,' *साप्ताहिक आवाज* (वर्ष ८, अंक ८ जेष्ठ २१) ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द (२०६८), *शोध विधि.* ललितपुर : साझा प्रकाशन ।

ञ